# झिमरुक गाउँपालिकाको गाउँ शिक्षा योजना

–२०८१–२०८६_

## झिमरुक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

## लुम्बिनी प्रदेश, भ्यागुते , प्यूठान

## २०८१

स्विकृत मिति २०८३/०३/०६ गते

## विषयसूची

हाम्रो भनाइ ........................................................................ Error! Bookmark not defined.
विषय प्रवेशः ........................................................................ Error! Bookmark not defined.
परिच्छेद १ ........................................................................................................................7
परिचय .............................................................................................................................7
१.१ पृष्ठभूमि ......................................................................... Error! Bookmark not defined.
१.२ मुख्य समस्याहरुः .......................................................................................................... 12
१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः ...................................................... Error! Bookmark not defined.
१.४ अवसरहरुः ...................................................................... Error! Bookmark not defined.
परिच्छेद २ ........................................................................................................................ 18
लक्ष्य निर्धारण.................................................................... Error! Bookmark not defined.
२.१ दूरदृष्टिः ....................................................................................................................... 21
२.२ लक्ष्यः ........................................................................... Error! Bookmark not defined.
२.३ उदेश्यः.......................................................................................................................... 24
२.४ रणनीतिहरुः..................................................................... Error! Bookmark not defined.
२.४ कार्यनीतिः ...................................................................... Error! Bookmark not defined.
२.६ अपेक्षित उपलब्धिः........................................................................................................ 28
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः ........................................................................ 28
राष्ट्रिय ............................................................................. Error! Bookmark not defined.
परिच्छेद ३ ........................................................................ Error! Bookmark not defined.
विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु.............................................. Error! Bookmark not defined.
३.१ प्रारम्भिक बालविकास र शिक्षाः.............................................. Error! Bookmark not defined.
३.२ आधारभूत शिक्षाः................................................................ Error! Bookmark not defined.
३.३ माध्यमिक शिक्षा................................................................. Error! Bookmark not defined.
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ..................................... Error! Bookmark not defined.
परिच्छेद ४ ........................................................................ Error! Bookmark not defined.
अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु............................................ Error! Bookmark not defined.
४.१ पाठ्यक्रम र मूल्यांकन.......................................................... Error! Bookmark not defined.

४.२ शिक्षक व्यवस्थापन र विकास........................................**Error! Bookmark not defined.**
४.३ शैक्षिक समता र समावेशीकरणः.......................................**Error! Bookmark not defined.**
४.४ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम..................**Error! Bookmark not defined.**
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा................**Error! Bookmark not defined.**
४.६ विद्यालय भौतिक पूर्वाधार विकास.......................................**Error! Bookmark not defined.**
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ................................**Error! Bookmark not defined.**
**परिच्छेद ५ बिद्यालय समुदाय सम्बन्ध**............................................**Error! Bookmark not defined.**
**परिच्छेद ६ सुशासन तथा व्यवस्थापन**..............................................**Error! Bookmark not defined.**
६.१ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.......................**Error! Bookmark not defined.**
६.२ अनुगमन तथा मूल्यांकन .................................................**Error! Bookmark not defined.**
**परिच्छेद ७**.......................................................................**Error! Bookmark not defined.**
**लगानी र स्रोत व्यवस्थापन**..........................................................**Error! Bookmark not defined.**
**परिच्छेद ८**.......................................................................**Error! Bookmark not defined.**
**मुख्य उपलब्धी सूचकहरु**.............................................................**Error! Bookmark not defined.**

## क) विषय प्रवेश

शिक्षा हरेक बालबालिकाको नैसर्गिक अधिकार हो। शिक्षा यस्तो दीप हो, जसले व्यक्तिभित्र रहेको अन्धकारलाई हटाई ज्ञानरुपी प्रकाशले उज्यालो बनाउँछ। हरेक बालबालिकाहरूसँग असिम खजना रहेको हुन्छ। शिक्षाले उक्त असीम क्षमतालाई झकझकाइ बाहिर प्रस्फुटन गर्न मद्दत गर्दछ। नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षालाई मौलिक हकको रुपमा लिएको छ। नेपालको संविधानले तीन तहको संरचना निर्माण गरिसकेको छ। स्थानीय तहलाई बलियो बनाउने उद्देश्यले त्यहाँको भूगोल, धर्म, संस्कार, संस्कृति र सामाजिक मूल्य मान्यतालाई आधार बनाई शिक्षा नीति तथा योजना तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएकोले झिमरुक गाउँपालिकाले पनि १० वर्षको शिक्षा नीति तथा योजना कस्तो बनाउने भन्ने विषयमा व्यापक छलफल गरी योजनाको निर्माण कार्य अगाडि बढाएको हो। २०७६ मा पनि शिक्षाको लगानीलाई प्राथमिकतामा राखी राष्ट्रिय नीति जारी गरेको थियो। आर्थिक वर्ष २०८१।०८२ देखि २०८५।०८६ ले समेत ५ वर्ष र सो माथिको साक्षरता दर सतप्रतिशत पुऱ्याउने शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्थालाई सतप्रतिशत कार्यान्वयनमा लैजाने लक्ष्य लिएको छ। त्यसैगरी विद्यालय शिक्षा क्षेत्र योजना २०७७ मा भएको व्यवस्था अनुसार झिमरुक गाउँपालिकामा शिक्षामा सुधारका लागि शिक्षा योजनाको आवश्यकताको महसुस गरिएकोले यो योजना तयार गरिएको छ। नेपाल सरकारले इन्चोन सम्मेलनले तय गरिएको विश्वव्यापी घोषणापत्रमा हस्ताक्षर गरी सन् २०३० सम्म नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिबद्धता जनाएको छ। नेपाललाई वि. स. २०७९ सम्म अल्प विकसित राष्ट्रबाट विकासशील राष्ट्रको रुपमा स्तर उन्नति गरी वि. स. २०८७ सम्म मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउने लक्ष्य राखिएको छ। हामी स्थानीय निकायबाट राष्ट्रिय नीति तथा योजनालाई पूरा गर्न तत् अनुसारको योजना तथा कार्यक्रमहरूलाई अगाडि बढाउनुपर्ने देखिन्छ। सघ, प्रदेश र स्थानीय निकायका नीति तथा योजनाहरूको अन्तरसम्बन्धलाई पनि ध्यान दिनुपर्ने देखिन्छ।

मूलतः शिक्षा भनेको देश विकासको मेरुदण्ड हो। ज्ञानसिप बिना विद्यार्थीहरूमा अपेक्षाकृत गुणस्तरीय शिक्षाको आशा गर्न सकिँदैन । झिमरुक गाउँपालिकाभित्रका सांस्कृतिक, भौगोलिक, धार्मिक, नैतिक, सामाजिक, शैक्षिक तथा कृषिका पक्षहरूलाई सम्बोधन गर्ने गरी शैक्षिक योजना तयार गरी उच्च तथा मध्यम प्रकारको जनशक्तिको जग तयार गर्ने प्रकारको योजना बनाउनुपर्ने कुरामा विशेष जोड दिन्छ। वर्तमान शिक्षा प्रणालीका शिक्षक विद्यार्थी व्यवस्थापक प्रशासन नेतृत्व पाठ्यक्रम पाठ्यपुस्तक लगानी पठनपाठन प्रक्रिया मूल्याङ्कन प्रणलीमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी दिइएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा स्थानीय सरकारको मुख्य एजेण्डा हो। यसलाई कसरी व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक रोजगारमूलक गुणस्तरीय जनमुखी जीवनोपयोगी र अनुसन्धानमूलक ज्ञान प्रदान गर्नु हाम्रो स्थानीय तहको पहिलो प्राथमिकता हो। हामीले यहाँको कला संस्कृति ज्ञान सीपलाई आधुनिक प्रविधिसँग जोडेर विद्यार्थीहरुलाई स्थानीय स्तरमै रोजगारमूलक जनशक्ति तयार गर्न हाम्रो लक्ष्य हो। केही विद्यार्थीहरु विद्यालयमा भर्ना हुने भइसकेपछि बीचमै छाड्ने हुन्छन् । त्यस्ता बालबालिकाहरूलाई शिक्षा प्रणालीको समतामूलक मूलधारमा समावेश गरी गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्छ। यस्तो बालबालिकाहरूलाई निरन्तर पृष्ठपोषण दिँदै पढाइप्रति आकर्षित गर्नुपर्छ। आवश्यक परेमा बालबालिकालाई व्यक्तिगत रुपमा उपचारात्मक शिक्षण गर्नुपर्ने हुन्छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा मानिसले जन्मेदेखि नमरुन्जेलसम्म प्राप्त गर्ने वस्तु हो । शिक्षा गतिशिल हुन्छ । शिक्षा ढुङ्गे युगदेखि यहाँ आइपुग्दासम्म थुप्रै फेरबदल, परिवर्तन, परिमार्जन, संशोधन र अनुवाद हुदै अगाडि बढेको छ । कुनै पनि विषय वस्तुको योजना बनाएर काम गर्दा प्रभावकारी र दिगो हुने हुनाले समय समयमा आवश्यकता अनुसार शिक्षाको योजना निर्माण गर्न आवश्यक देखिन्छ । देशको राजनैतिक फेरबदल समयको परिवर्तन सँगै शिक्षा पनि परिवर्तन र समय सुहाउँदो शिक्षा योजना निर्माण गर्नु पर्दछ । हाम्रो देश नेपालमा पनि संघीयता आइसकेपछि देशमा तीन तहका सरकार रहने भएकोले यी तीन वटै तहलाई प्रभावकारी तरिकाले शिक्षा क्षेत्रमा अगाडि बढाउन नेपालको संविधानले दिइएको अधिकार प्रयोग गरी शिक्षा योजना बनाई लागु गर्दा वाञ्छनीय देखिन्छ । समाजमा रहेका विद्यालय उमेर समुहका सम्पुर्ण विद्यार्थीहरुलाई उनीहरुको उमेर, रुची, क्षमता, दक्षता र आवश्यकता अनुसारको शिक्षा प्रदान गर्न शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य देखिन्छ । वालवालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि भइरहेका प्रायसहरुलाई प्रभावकारी वनाउदै र थप उर्जा दिदै योजना वद्ध ढङ्गले अगाडि वढाउनको लागि योजनाको आवश्यता महसुस भएको छ ।

राज्यमा संघीयता लागू भएपछि तीनवटै तहको सरकारको कार्य विभाजनपछि निर्माण गरिएको ऐन नियममध्ये स्थानीय सरकार सञ्चालन ऐन २०७४ जुन नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लेख भएअनुसार विज्ञान, प्रविधि र संस्कृतिलाई समायोजन गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकतालाई पूरा गर्ने प्रकारको जनशक्ति तयार गर्ने आधारशिला सिर्जना गर्नु यो योजना निर्माणको आवश्यकता हो। राष्ट्रिय शिक्षा नीति २०७६ निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा नियमावली पञ्चवर्षीय योजना दिगो विकासले तय गरेका नीति तथा कार्यक्रमलाई आधार मानी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय सरकार ले दिएको मार्ग निर्देशन अनुसारको खाका अनुरूप विषयवस्तुहरू समावेश गरी १० वार्षिक शिक्षा योजनाको माध्यमबाट शैक्षिक गुणस्तरमा निकै धेरै सुधार ल्याउन सकिने कुरामा आश्वस्त हुँदै यो शिक्षा नीति तथा योजना अगाडि सारिएको छ।

## ग) झिमरुक गाउँपालिकामा शिक्षा योजना निर्माणको औचित्य

शिक्षा योजना शैक्षिक व्यवस्थापनको एउटा महत्त्वपूर्ण अङ्ग हो। प्रभावकारी व्यवस्थित र कुशल शैक्षिक व्यवस्थापनको लागि योजना निर्माण गर्न जरुरी हुन्छ। त्यस प्रकारको शिक्षा योजनाले स्थानीय निकायभित्रको स्रोत साधनको परिचालन गरी तोकिएको समयमा लक्ष्य उद्देश्य तथा प्रतिफल हासिल गर्न मार्गचित्र प्रस्तुत गर्दछ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तहको लागि स्वीकृत गरेको १० वर्षे शिक्षा योजनाको खाका अनुसारका विषयवस्तुलाई समेटी झिमरुक गाउँपालिकाले शिक्षा क्षेत्रलाई अगाडि बढाउन विद्यार्थीको सिकाई उपलब्धिमा सुधार गर्न शिक्षा योजना अपरिहार्य छ। भविष्यमा हासिल गर्ने लक्ष्य उद्देश्य तथा अपेक्षित नतिजालाई परिभाषित गरी त्यसको लागि तयार गरिने रणनीति नीति तथा कार्यक्रम प्राथमिकता र स्रोत साधनहरूको समष्टिगत स्वरूप नै योजना हो। शिक्षा योजनाले विगतको अनुभवबाट प्राप्त ज्ञान सीप र सूचनाको प्रयोगले भविष्यको शिक्षामा ल्याउनुपर्ने गुणस्तरको मार्गचित्र तयार गर्दछ। व्यवहारिक र नतिजामूलक ज्ञान सीपलाई बढाउन परामर्श गर्ने वस्तु स्थितिको विश्लेषण गर्ने योजनाको कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने जस्ता विषयहरु समेटी वृहत योजना बनाउने प्रयास गरिएको छ। आशा छ यसले शिक्षाको क्षेत्रमा एउटा महत्वपूर्ण भूमिका खेल्नेछ।

शिक्षा योजना वनाएर अगाडी बढ्दा उपलब्ध स्रोत साधनाको प्रयोग गरी निर्धारित समयभित्र लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्न शिक्षा योजनाले मार्गप्रसस्त गर्दछ । नेपालका विभिन्न स्थानीय तहहरुमा फरक फरक खालको आ–आफ्नै पहिचानहरु छन् । आफ्नो भौगोलिक, सांस्कृतिक तथा शैक्षिक विविधतालाई स्थानिय समाज सुहोउदो शिक्षा योजना निर्माण गर्नु आवश्यकता देखिएको छ । शिक्षा क्षेत्रको योजनाले विगतका अनुभवबाट

प्राप्त ज्ञान र सूचनाको उपयोग गरी भविष्यको स्थिति र परिवेशको आकलन गर्दै शैक्षिक क्षेत्रमा गुणस्तर सहितको परिवर्तनको मार्गचित्र तयार गर्दछ । व्यवहारिक र नजितामूलक शिक्षा योजना तयार गर्न सान्दर्भिक सूचना, सरोकारवालासँग परामर्श, वस्तुस्थितिको विश्लेषण, योजनाको कार्यान्वयन,योजनाको अनुगमन तथा मूल्याङ्कन, र पुनरावलोकन जस्ता विषयहरू समेटेर १० बर्षे बृहत योजना बनाउने जमर्को गरेको छ ।

### घ) शिक्षा योजना निर्माणका आधार

यस झिमरुक  गाउँपालिकाले शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजहरुको अध्यावधिक प्रतिलाइ मूल आधार मानि शिक्षा योजना निर्माण गर्ने प्रयास गरेको छ ।

- क) नेपालको संविधान २०७२,
- ख) स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७९,
- ग) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली,
- घ) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) सन २०२२।०२३ देखि २०३१।०३२ ,
- ङ) शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६ शिक्षाको सोचपत्र, सोह्रौँ योजना लगायत आवधिक योजना,
- च) दीगो विकास लक्ष्य राष्ट्रिय प्रारूप,
- छ) स्थानीय विकास योजना,
- ज) झिमरुक गाउँपालिकाको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट,
- झ) Recovery and Accelerated Learning (ReAL) Plan २०२३-२०२८,
- ञ) विद्यालय शिक्षामा समता रणनीति,
- ट) राष्ट्रिय जनगणनाको प्रतिबेदन २०७८,
- ठ) विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको,
- ड) अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू ,
- ढ) झिमरुक गाउँपालिकाको शिक्षा ऐन,२०७४,
- ण) Flash Report 2022/023 ,
- त) बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०,
- थ) झिमरुक गाउँपालिका कृषि गणना,
- द) झिमरुक गाउँपालिकाको बजेट पुस्तिका २०८१/०८२,
- ध) निर्देशिका,कार्यविधि तथा मापदण्डहरुको संगालो २०८१ ,

### ङ) शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय सरकारको कार्यक्षेत्र र अधिकारलाई प्रयोग गर्दै यस गाउँपालिकाले शिक्षा क्षेत्रलाई सुधारको बाटोमा अघि बढाउन गाउ कार्यपालिका, शिक्षा समिति लगायतका बिभिन्न फोरमहरुमा शिक्षा योजनाको आवश्यकता महसुस गरी  छलफल गरिदै आएको छ । सोही अनुसार पालिकाले मिति २०८१ भाद्र १९ गते गाउ कार्यपालिका संयोजक तथा गाउँपालिका प्रमुख श्री पित बहादुर महतरा ज्यूको

अध्यक्षतामा बैठक बसी शिक्षा योजना बनाउने निर्णय गरीएको थियो । उक्त वैठकमा गाउँ शिक्षा योजनामा समावेश गरिनुपर्ने विषयवस्तु माथि छलफल गरीएको थियो । शिक्षा योजना तयार गर्नको लागि सामाजिक विकास समिति संयोजक श्री तुलस बहादुर बस्नेतको संयोजकत्वमा गठित ७ सदस्यीय कार्यदलले विभिन्न समयमा गाउं शिक्षा योजना निर्माण लेखन गरी विभिन्न मितिमा विद्यालयका प्रधानाध्यापकहरुको बैठकबाट प्राप्त सुझावहरु, विभिन्न बिद्धत वर्गहरुसंग छलफल, अन्तरक्रिया गरी यहाँहरुको अमूल्य सुझावहरुलाई यस शिक्षा योजनामा समावेश गरेको छ । उक्त योजनाको अन्तिम रुपलाई गाउं शिक्षा शिक्षा समितिको बैठकको निर्णय सहित गाउं कार्यपालिकाबाट पास गरी कार्यान्वयनमा लैजाने प्रक्रियाहरु अवलम्बन गरीएको थियो । यस झिमरुक गाउंपालिकाले शिक्षा योजना निर्माणमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरेको थियो जुन प्रक्रियाहरु निम्नानुसार रहेका छन ।




च) योजनाको लेखाजोखा

**छ) योजनाको दस्तावेजको स्वरूप**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयल, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको स्थानीय तहको शिक्षा योजनाको खाकालाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धीमार्गदर्शन २०७९ परिमार्जित तथा अध्यावधिक संस्करण २०८१ को अनुसूची १ अनुसार तयार गरिएको छ।

## परिच्छेद १ : परिचय

### परिचय

झिमरुक शब्दको उत्पत्ति कसरी भयो भन्ने कुराको कुनै लिखित उल्लेख नपाइएता पनि झिमरुक शब्द नेपालका महाभारत पर्वत श्रृङ्खला अन्तर्गत एक विशाल पहाडको खोच गौमुखीबाट उत्पत्ति भई बग्ने प्युठान जिल्लाको एक जलाशय युक्त नदी नाम हो। प्युठान राज्यको रूपमा चिनिने एकीकरण पश्चात नेपाल राज्यमा मिलेपछि वि. स. २०१९ पूर्वमा भित्रीकोट, नारीकोट, उदयपुरकोट, माडीखोला कालाशेष र वाइसखुवा ६ वटा थुमहरूमध्ये मौज्ये बाँदिकोट थुम नारीकोट अन्तर्गतको भूभाग सहित केही अन्य भूभाग, नेपालको लुम्बिनी प्रदेश, प्युठान जिल्लाबाट बग्ने नदीको नामबाट नामाकरण गरिएको एक स्थानीय तहको नाम झिम्रुक गाउँपालिका हो। वर्तमान नेपालको सङ्घीय संरचना अनुसार यस गाउँपालिकाको स्थापना नेपालको संविधान धारा २९५ को उपधारा ३ बमोजिम गठित गाउँपालिका नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्र सङ्ख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३।९।२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३।१०।२२ गतेको निर्णयअनुसार मिति २०७३।११।२२ मा साविकका पाँचवटा गा.वि.स. बाँदिकोट, ओखरकोट, तुषारा, वाङ्गेमरोट र तोरवाङ्ग तथा तथा लिबाङ गाविसका ७, ८ र ९ नम्बर वडा समावेश गरी एक स्थानीय तहको निर्धारण गरिएको हो। हाल यस गाउँपालिकामा आठ वटा वडाहरू कायम गरिएको छ। संघीय राजधानी काठमाडौँदेखि पश्चिममा रहेको यो गाउँपालिका करिब ४२४ किमी, लुम्बिनी प्रदेश राजधानी देउखुरी उपत्यकाबाट गरिब ७१ किमी दुरीमा रहेको छ। प्युठान जिल्लाका नौ स्थानीय तहहरू मध्ये तीन वटा जिल्लाहरूको सिमाना जोडिएको उत्तरपूर्वमा पर्ने एक गाउँपालिका हो। यस गाउँपालिकाको पूर्वतर्फ गुल्मी जिल्ला मदाने गाउँपालिका, पश्चिममा नौबहिनी गाउँपालिका तथा प्यूठान नगरपालिका उत्तरमा गौमुखी गाउँपालिका र दक्षिणमा मल्लरानी गाउँपालिका तथा अर्घाखाँची जिल्ला रहेका छन । झिमरुक गाउँपालिका ऐतिहासिक सांस्कृतिक तथा राजनैतिक महत्त्व एवं इतिहास बोकेको स्थानीय तह हो। यहाँ प्रमुख दुई खोलाहरू झिम्रुक र गर्तंग सँगसँगै आधा दर्जन भन्दा बढी खोलानाला भएको सिंचाई योग्य खेत फाँट कृषियोग्य जमिन तथा जङ्गलहरू रहेका छन्।

### १.१ वर्तमान अवस्था

#### क) भौगोलिक अवस्थितिको विश्लेषण :

प्रादेशिक विभाजन अनुसार लुम्बिनी प्रदेशको उत्तरतर्फ रहेको यस गाउँपालिका महाभारत पर्वत श्रृङ्खलाको काखमा अवस्थित गाउँपालिका हो। समुद्री सतहदेखि ८६८ मिटर देखि २२०० मिटरको उचाइमा रहेको छ। भौगोलिक तवरले ८२ डिग्री ५४ मिनेट ३५ सेकेन्ड देखि ८३ डिग्री ३ मिनेट ६३ सेकेन्ड पूर्वी देशान्तर र २८ डिग्री ६ मिनेट ७ सेकेन्ड देखि २८ डिग्री ११ मिनेट ४८ सेकेन्ड उत्तरी अक्षांशमा अवस्थित यस गाउँपालिकाको क्षेत्रफल करिब १०६.९३ वर्ग किमी रहेको छ। समशीतोष्ण तथा समशितोष्ण हावापानी पाइने यस क्षेत्रमा गोलिक तथा मौसमी हिसाबले यहाँको तापक्रम ० देखि ४६ डिग्री सेल्सियस सम्म हुने गरेको पाइन्छ। भौगोलिक हिसाबले विकटतायुक्त गाउँपालिका भएता पनि यस गाउँपालिकाका आठै वटा वडामा गरी जम्मा ४६ सामुदायिक विद्यालय तथा ७ संस्थागत

विद्यालय स्थापना भई सेवा दिइरहेका छन् । केही ग्राभेल तथा कच्ची सडक सञ्जालले सबै वडा तथा धेरै विद्यालयहरू जोडिएका छन् भने केही जोडिएका छैनन्। उच्च पहाडी क्षेत्र भएता पनि धान गहुँ मकै फापर जस्ता अन्नबाली लगायत फलफूल खेती हुने गर्दछ । अधिकांश रुपमा कृषकहरु रहेको यस क्षेत्रमा उत्पादनलाई जोड दिँदै कृषि कार्य गर्ने गरिन्छ। **यस अन्तर्गत** कृषि कार्य, पशुपालन, पेशा व्यवसाय, वैदेशिक रोजगारी यहाँका प्रमुख आर्थिक क्रियाकलाप हुन् ।

**प्राकृतिक ऐतिहासिक तथा पर्यटकीय दृश्य अवलोकनका स्थानहरू**

यस क्षेत्रमा खासगरी बाँदिकोट राज्यमा जाँट राजा र उनी पछी परस घर्तिले शासन गरेको ऐतिहासिकता बोकेको खड्गकोट मन्दिर, सूर्योदय अवलोकन स्थल, हिले दह, भगवती *देवीका कोटहरू* नेपाने खेलमैदान तथा वन क्षेत्र ढुङ्गे बगैँचा, डाँडा, भेडी राख्ने चौर, काजी बुद्धिमान बस्नेतका सन्तानले र पछी परस घर्तीले शासन गरेको इतिहास बोकेको तुषारा कोट, इश्नाथान, ढुङ्गेबगैचा टिमुरचौर, दिहाल्ना खेल मैदान र मुर्चुल धुम अवलोकन क्षेत्र, देउराली डाँडा तथा झिमरुक नदी फाँट, बराहताल, सिद्धगुफा, विड्डुाँडा सिद्ध ढुङ्गा, तीन जिल्ला संगमस्थल हिमाल अवलोकन लगायतका स्थलहरु यस क्षेत्रमा रहेका ऐतिहासिक तथा पर्यटकीय स्थलहरु हुन् ।

**ख) झिमरुक गाउँपालिकाको जनसाङ्खिक संरचनाको विश्लेषण:**

विकासका लागि अत्यावश्यक स्रोतहरू मध्ये महत्वपूर्ण स्रोतको रुपमा रहेको जनशक्तिको उचित परिचालन र व्यवस्थापनबाट मात्र देशको सामाजिक, आर्थिक र सांस्कृतिक विकास सम्भव छ । यो अवस्था विकासका लागि समस्या मात्र नभएर त्यो उचित परिचालन र व्यवस्थापन गर्न सकेमा देश विकासकालागि अवसर र महत्वपूर्ण स्रोत पनि बन्दछ । विकासको लागि आवश्यकपर्ने विभिन्न साधनहरूको परिचालन मानवश्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको *बनावट*को विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस गाउँपालिकामा महिला साक्षरता दर ८८.६ प्रतिशत, पुरुष साक्षरता दर ७६.५ प्रतिशत र जम्मा साक्षरता दर ८१.८ प्रतिशत रहेको छ । अपाङ्गताको तथ्याक हेर्दा २.७ प्रतिशत (३.३ प्रतिशत पुरुष र २.२ प्रतिशत महिला ) छन । शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरूप यस गाउँपालिकामा शैक्षिक शत्र २०८१/०८२ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा पठनपाठनका लागि ४६ ओटा शिक्षण संस्थाहरू रहेका छन् । वर्तमान समयमा शिक्षामा निजी क्षेत्रको संलग्नता बढ्दै गइरहेको अवस्थामा ग्रामीण क्षेत्रमा भने निजी क्षेत्रको संलग्नता न्यून रहेकोछ । राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन अनुसार यस गाउँपालिकाको उमेरगत जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| उमेर समूह | पुरुष | महिला | उमेर समूह | पुरुष | महिला |
|---|---|---|---|---|---|
| ९५ माथि | 5 | 7 | ४५-४९ | 408 | 686 |
| ९०-९४ | 14 | 15 | ४०-४४ | 474 | 811 |
| ८५-८९ | 30 | 35 | ३५-३९ | 526 | 924 |
| ८०-८४ | 82 | 86 | ३०-३४ | 583 | 991 |
| ७५-७९ | 178 | 179 | २५-२९ | 698 | 144 |
| ७०-७४ | 312 | 280 | २०-२४ | 831 | 1382 |
| ६५-६९ | 396 | 389 | १५-१९ | 1178 | 1511 |
| ६०-६४ | 469 | 498 | १४-Oct | 1562 | 1568 |
| ५५-५९ | 472 | 557 | ०९-May | 1524 | 1457 |
| ५०-५४ | 533 | 735 | ००-०४ | 1356 | 1244 |




| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १४५९ | १७५६ | ३२१५ |
| २ | १२१६ | १५४९ | २७६५ |
| ३ | १३५० | १७०५ | ३०५५ |
| ४ | १२८४ | १५९८ | २८८२ |
| ५ | १४७३ | १६०२ | ३०७५ |
| ६ | १५९५ | २१०५ | ३७०० |
| ७ | १९४४ | २६१४ | ४५५८ |
| ८ | १३१० | १५७० | २८८० |
| | ११६३१ | १४४९९ | २६१३० |

वडा अनुसारको जनसख्या

अपाङगताको प्रकार अनुसारको प्रतिशत

| अपाङ्गताको प्रकार | कुल | पुरुष | महिला |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | ४८.४ | ५०.५ | ४५.८ |
| न्यून दृष्टियुक्त | ९.३ | ८.७ | १० |
| दृष्टिविहीन | २.६ | २.९ | २.२ |
| बहिरोपन | ७.४ | ६.६ | ८.४ |
| मनोसामाजिक अपाङ्गता | २.७ | ३.२ | २.२ |
| न्यून श्रवणशक्ति | ८.४ | ५.६ | ११.८ |
| बहिरोपन एवं दृष्टिविहीन | १.४ | १.९ | 0.९ |
| मानसिक वा मनोसामाजिक | ९.७ | १०.१ | ९.३ |
| बौद्धिक अपाङ्गता | १.३ | १.०६ | १.६ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ०.६ | ०.५ | ०.६ |
| अटिजम् | ०.७ | १.०६ | ०.३ |
| बहुअपाङ्गता | ७.४ | ७.९ | ६.९ |

| | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| जनसख्या | १४४९९ (५५.५ प्रतिशत) | ११६३१ (४४.५ प्रतिशत) | २६,१३० |
| अल्पसंख्यक जनसख्या | ४३२ | लुम्बिनी | |
| अपाङ्गता प्रतिशत | २.९% | १.९% | २.४% |
| सिमान्तकृत | 15033 | 17649 | |
| जनसख्या बृद्धिदर | ०.८८% | | |
| लैङ्गिक अनुपात | **८०.२२** | पुरुष प्रति १०० महिला | |
| जनघनत्व | **२४४** | प्रतिवर्ग कि.मि | |

| Area and sex | Total Population | Religion | | | | |
|---|---|---|---|---|---|---|
| | | Hindu | Bouddha | Islam | Christian | Prakriti |
| Total | 32682 | 30730 | 245 | 40 | 24 | 1643 |
| Male | 15033 | 14151 | 110 | 18 | 11 | 743 |
| Female | 17649 | 16579 | 135 | 22 | 13 | 900 |

## ग. सामाजिक तथा साँस्कृतिक अवस्थाको विश्लेषण:

धार्मिक हिसाबले मुख्य रुपमा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको यस गाउँपालिकामा कहीँ कतै नगन्ने मात्रामा मुस्लिम, बौद्ध तथा इसाई धर्मालम्बीहरू पनि रहेको पाइन्छ। यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, मगर, नेवार, दलित, कुमाल तथा अन्य जातजातिका धेरै थरिघरीहरु बसोबास गरेको पाइन्छ। यस क्षेत्रमा अधिकांश कृषि पेशा अंगालेका कृषक केही व्यापारी व्यवसायीहरू रहेका छन्। यहाँको मुख्य भेषभूषाको रूपमा पुरुषहरुले लगाउने दौरा सुरवाल, सर्ट पाइन्ट र महिलाहरूले धोतीचोली, कुर्ता सुरुवाल, साडी ब्लाउज आदि पाइन्छ। यस गाउँपालिकाभित्र विचार आर्दान प्रदान तथा दैनिक बोलचालमा नेपाली भाषा प्रयोग गरेको पाइन्छ र कार्यालयीय काम काजके भाषाका रुपमा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नै प्रचलनमा रहेको छ । यस गाउँपालिकामा परम्परा देखि नै चलिआएका संस्कारहरू जन्म संस्कार, छैठी, न्वारन, पास्नी, मुन्डन, व्रतबन्ध, विवाह, मृत्यु, श्राद्ध लगायतका संस्कारहरु मान्नै प्रचलन छ। लोक संस्कार र संस्कृति सोरठी, देउसी भैलो, भजन–कीर्तन, लोक गीत, लहरे भाका, झ्याउरे गीत तथा कृष्ण अष्टमी रोपाई जात्रा जस्ता संस्कृति लगायत दशैं, तिहार, तीज, साउने संक्रान्ति, मातातीर्थ औंशी, जनैपूर्णिमा, एकादशी, कुलपूजा देवाली जस्ता चाड पर्व तथा संस्कार संस्कृति मनाउने चलन रहेको छ ।

**घ. आर्थिक अवस्थाको विश्लेषण: मुख्य व्यवसाय, पेशा, व्यापार, रोजागरीका क्षेत्र (कृषि, उद्योग, पर्यटन आदि)।**

यस गाउँपालिकाका स्थानीय बासिन्दाहरुको मुख्य आम्दानीको स्रोतहरुका रुपमा कृषि र पशुपालन रहेता पनि वैदेशिक रोजगारीको ठूलो हिस्सा ओकटेको छ । कृषि र पशुपालन, नोकरी, व्यापार व्यवसाय, वैदेशिक रोजगारी एवम् अन्य पेसाहरुलाई विश्लेषण गर्दा सबैभन्दा बढी कृषि पेसा गर्नेहरुको प्रतिशत बढी छ । यस गाउँपालिका पहाडि क्षेत्रभित्र पर्ने भएकाले जमिनको बनावटको अधिकांश हिस्सा भिरालो रहेको पाईन्छ । कृषि उत्पादनका सन्दर्भमा मकै, धान, गहुँ प्रमुख बालीका रुपमा पाइन्छ । झिमरुक गाउँपालिकाको वडा नं. ३ आलु उत्पादनको पकेट क्षेत्र मानिन्छ । कोदो, अदुवा, बेसार, सुन्तला, कागति, लगाएत अन्य फलफूल, नगदेबाली र मौरीपालनको उर्वर भूमिका रुपमा यो क्षेत्रको पहिचान हुने गर्दछ ।

| लिग | आर्थिक रुपमा सक्रिय जनसख्या १० बर्ष माथि | रोजगार | रोजगारदाता | आफ्नै ब्यापार, रोजगारी | परिवारको सदस्य लाई सहयोग गर्दै | शुरुवात नगरेको |
|---|---|---|---|---|---|---|
| पुरुष | | | | | | |
| महिला | | | | | | |
| | | | | | | |

**ङ शैक्षिक अवस्थाको विश्लेषण:**

नेपालमा शैक्षिक योजनाको शुरुवात बि.सं. २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोग गठन भएपछि शुरु भएको मानिन्छ । त्यस पछि बि.सं. २०१९ सालमा सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति, बि.सं २०२८ सालमा राष्ट्रिय शिक्षा ज्ञद्द पद्घतीका् योजना, बि.सं. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग, बि.सं. २०५५ सालमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, जस्ता बिभिन्न आयोगहरु गठन भई तिनीहरुले तयार गरेका प्रतिबेदनहरु र तिनीहरुले सिफारिस गरेका सुझावहरु नै नेपालको शैक्षिक योजना निर्माणका लागि मार्गदर्शक सामग्रीहरु रही आएका छन् । बि.सं.२०५५ को उच्चस्तरिय शिक्षा आयोगको सिफारिस बमोजिम बि.सं. २०५६ सालमा शिक्षा बिभाग स्थापना भई शिक्षामा बिकेन्द्रिकरणको शुरुवात भई जिल्लास्तरिय शिक्षा योजना निर्माणको क्रम शुरु भएको पाईन्छ । संघिय राज्य निमार्ण पश्चात शिक्षाका अधिकार क्षेत्रहरुको पनि विभाजन गरियो । आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको अधिकार नेपालको संविधान २०७२ ले स्थानीय तहलाइ दियो । नेपालको संबिधान २०७२ बमोजिम नेपाल संघीय संरचनामा गएसंगै प्रदेश सामाजिक बिकास मन्त्रालय, शिक्षा निर्देशनालय हुदै स्थानीय तहहरुमा शिक्षा महाशाखाहरु बनेपछि स्थानीय तहहरुले समेत आवधिक नगर तथा पालिका शिक्षा योजना बनाउने क्रम शुरु भएको छ भन्न सकिन्छ । यिनै विविध सन्दर्भहरु त्था राज्यको विकेन्द्रिकरण तथा पुर्नसंरचनाको अवधारणा अनुसार झिमरुक गाँउपालिकालाई शैक्षिक दृष्टिले प्रगतिशिल गाँउपालिकाको रुपमा विकसित गर्न निःशुल्क तथा गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्ने उद्देश्यहरुमा समेत केन्द्रित रहि झिमरुक गाँउपालिकाको दश बर्षे शिक्षा योजना तयार गरिएको छ ।

यस झिमरुक गाँउपालिकामा सामुदायिक र संस्थागत गरी दुई प्रकारका विद्यालयहरु सञ्चालनमा रहेका छन । जम्मा ५३ विद्यालय मध्ये ४६ सरकारको लगानीमा चलेका सामुदायिक विद्यालय र ७ निजी क्षेत्रको लगानीमा सञ्चालन गरिएका संस्थागत विद्यालयहरु रहेका छन् । यस नगरपालिकमा ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन भने १ गौमुखी बहुमुखी क्याम्पस हरेको छ ।

| लिंग | ५ बर्ष माथिको जम्मा जनसख्या | पढ्न लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न नसक्ने | शुरूवात नै नगरेका |
|---|---|---|---|---|---|
| पुरूष | ३७१ | २८२ | ४५ | २२ | २२ |
| महिला | ३४० | १७६ | १०५ | १५ | ४४ |
| | | | | | |

## बालविकास केद्रको विबरणः

| बालविकास | सघीय अनुदान | गा. पा. अनुदान | जम्मा संख्या |
|---|---|---|---|
| विद्यालयमा आधारित | ४० | २ | ४२ |

| | | | |
|---|---|---|---|
| समुदायमा आधारित | ११ | ० | ११ |
| जम्मा | ५१ | २ | ५३ |

## विद्यालयको तहगत विबरणः

| **क्र.स** | **सञ्चालित कक्षा** | **सामुदायिक** | **संस्थागत** | **जम्मा** |
|---|---|---|---|---|
| १ | १-३ | १४ | १ | |
| २ | १-५ | १५ | ३ | |
| ३ | १-८ | ५ | २ | |
| ४ | १-१० | ७ | १ | १३ |
| ५ | १-१२ | ५ | ० | ५ |
| | **जम्मा** | ४६ | ७ | |
| ६ | **सामुदायिक सिकाइ केन्द्र** | ३ | | |
| ७ | **सामुदायिक पुस्तकालय** | ० | | |

विद्यार्थीहरुको **विवरणः** सामुदायिक तर्फ

| क्र.स | कक्षा | कुल विद्यार्थीहरु | | | ब्राम्हण,क्षेत्री विद्यार्थी | | | जनजाति विद्यार्थी | | | दलित विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | बालविकास | ३८४ | ४०८ | ७९२ | १८७ | १७४ | ३६१ | ६१ | ६७ | १२८ | ११७ | १४१ | २५८ | १९ | २६ | ४५ |
| २ | १ | २८७ | २७६ | ५६३ | १२१ | १२२ | २४३ | ५८ | ५३ | १०६ | ९९ | ९३ | १९२ | १४ | ८ | २२ |
| ३ | २ | २५५ | २३७ | ४९२ | १०९ | ९७ | २०६ | ५० | ४० | ९० | ८४ | ८६ | १७० | १२ | १४ | २६ |
| ४ | ३ | २४२ | २५१ | ४९३ | १०१ | ८८ | १८९ | ४४ | ५६ | १०० | ८० | ९४ | १७४ | १७ | १३ | ३० |
| ५ | ४ | २६३ | २४० | ५२३ | ११३ | १२२ | २३५ | ४१ | ३९ | ८० | ९५ | ८२ | १७७ | १४ | १७ | ३१ |
| ६ | ५ | २४९ | २७१ | ५२० | १०२ | १२० | २२२ | ३९ | ३९ | ७८ | ८७ | ९३ | १८० | २१ | १९ | ४० |
| ७ | ६ | २६३ | २६२ | ५२५ | १०८ | १०० | २०८ | ४४ | ४६ | ९० | ८९ | ९५ | १८४ | २२ | २१ | ४३ |
| ८ | ७ | २४४ | २४० | ४८४ | ११२ | १२६ | २३८ | ४१ | २५ | ६६ | ७५ | ६६ | १४१ | १६ | २३ | ३९ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ८ | ३०३ | २५२ | ५५५ | १४४ | १३५ | २७९ | ५६ | ४२ | ९८ | ८३ | ६१ | १४४ | २० | १४ | ३४ |
| १० | ९ | २५५ | २०६ | ४६१ | १२७ | ९८ | २२५ | ३१ | २६ | ५७ | ७८ | ५९ | १३७ | १९ | २३ | ४२ |
| ११ | १० | २१९ | १८५ | ४०४ | १२२ | ९३ | २१५ | ४८ | २८ | ७६ | ४१ | ४४ | ८५ | ८ | २० | २८ |
| १२ | ११ | | | | | | | | | | | | | | | |
| १३ | १२ | १२३ | ९० | २१३ | ७१ | ५८ | १२९ | २४ | ११ | ३५ | १२ | १६ | २८ | ६ | ५ | ११ |
| जम्मा | | **३०८७** | **२९१८** | **६०२५** | **१४१७** | **१३३३** | **२७५०** | **५३७** | **४७२** | **१००४** | **९४०** | **९३०** | **१८८०** | **१८८** | **२०३** | **३९१** |

स्रोतः **IEMIS** तथ्याङ्क- २०८१

विद्यार्थीहरु सस्थागत तर्फ

| क्र.स | कक्षा | कुल विद्यार्थीहरु | | | ब्राम्हण,क्षेत्री विद्यार्थी | | | जनजाति विद्यार्थी | | | दलित विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | बालविकास | ९० | ११५ | २०५ | ४९ | ७९ | १२८ | ३ | ५ | ८ | २७ | २५ | ५२ | ११ | ६ | १७ |
| १ | १ | ४६ | ७० | ११६ | ३७ | ४७ | ८४ | २ | ३ | ५ | ६ | १९ | २५ | १ | १ | २ |
| २ | २ | ३१ | ४० | ७१ | २६ | ३४ | ६० | ३ | ० | ३ | २ | ३ | ५ | ० | ३ | ३ |
| ३ | ३ | ३२ | ५१ | ८३ | २४ | ३३ | ५७ | २ | ६ | ८ | ५ | १० | १५ | १ | २ | ३ |
| ४ | ४ | २२ | ३७ | ५९ | १५ | २९ | ४४ | २ | ४ | ६ | २ | ४ | ६ | ३ | ० | ३ |
| ५ | ५ | २१ | ३४ | ५५ | १६ | २१ | ३७ | १ | १ | २ | १ | ७ | ८ | ३ | ५ | ८ |
| ६ | ६ | १६ | २६ | ४२ | १० | २० | ३० | ४ | ० | ४ | २ | ४ | ६ | ० | २ | २ |
| ७ | ७ | १५ | ३० | ४५ | ११ | २५ | ३६ | २ | २ | ४ | ० | ० | ० | २ | ३ | ५ |
| ८ | ८ | १३ | १८ | ३१ | ८ | १५ | २३ | २ | २ | ४ | ० | ० | ० | ३ | १ | ४ |
| ९ | ९ | ४ | ४ | ८ | ४ | ३ | ७ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| १० | १० | ५ | ५ | **१०** | ५ | ४ | ९ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | २९५ | ४३० | ७२५ | २०५ | ३१० | ५१५ | २१ | २४ | ४५ | ४५ | ७२ | ११७ | २४ | २४ | ४८ |

स्रोतः **IEMIS** तथ्याङ्क- २०८१

## सिकाइ उपलब्धि विबरण २०८०

| विषय कक्षा | नेपाली | अंग्रेजी | गणित | सेरोफेरो / विज्ञान | सामाजिक |
|---|---|---|---|---|---|
| ३ | | | | | |
| ५ | | | | | |
| ८ | | | | | |
| १० | | | | | |

विद्यालयमा अध्ययनरत अपांगता भएका विद्यार्थीको विवरण २०८१

| अपाङ्गता विवरण | शारीरिक अपाड्गता | | | बौद्धिक अपाड्गता | | | बहिरा | | | कमजोर दृष्टि | | | बहिरा तथा दृष्टिविहिन | | | बहु अपाङ्गता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| बाल विकास | ११ | १२ | २३ | ० | १ | १ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| १ | ५ | ५ | १० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | १ | | ० | ० | ० | ० | ० | ० |
| ३ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ३ | ३ | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ९ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २३ | २७ | ५० | ० | १ | १ | २ | २ | ४ | १ | १ | ० | ० | ० | ० | १ | १ | १ |

## शिक्षक दरबन्दी विबरण २०८१

| तह | स्वीकृत दरबन्दि | राहत | सघिय अनुदान | गाउँपालिका अनुदान | निजि स्रोत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आधारभूत(१-५) | ११३ | ३५ | ० | ४३ | | | |
| आधारभूत(६-८) | १५ | २० | ७ | १८ | | | |
| माध्यमिक(९-१०) | १३ | ९ | ७ | २० | | | |
| माध्यमिक (११-१२) | ५ | ० | ० | ० | | ५ | |
| कार्यालय सहयोगी | ४६ | ० | ० | ० | | ४६ | |
| कार्यालय सहायक | १० | ० | ० | ० | | १० | |
| बालविकास सहजकर्ता | ५३ | ० | ० | ० | | ५३ | |

| जनसंख्या | विद्यालय जाने उमेर समुह जनसंख्या | | | विद्यालय जाने उमेर समूह भर्ना प्रतिशत | | | विद्यालय बाहिर रहेका वालवालिका प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| ३-४ वर्ष | ११६१ | ५५१ | ६१० | ८० | ८० | ८९ | २० | २० | ११ |
| ५ वर्ष | | | | | | | | | |
| ५-९ वर्ष | | | | | | | | | |
| ५-१२ वर्ष | | | | | | | | | |
| १०-१२ वर्ष | | | | | | | | | |
| १३-१४ वर्ष | | | | | | | | | |
| १५-१६ वर्ष | | | | | | | | | |
| १३-१६ वर्ष | | | | | | | | | |

**स्रोतः** फल्यास रिपोट-२०२३/०२४

## स्थाई र श्रेणीगत शिक्षक विवरण

| क्र.स | तह | प्रथम | दितीय | तृतीय | राहत | करार | रिक्त | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक १-५ | ५ | २० | ७७ | ३५ | ३ | ० | १४० | |
| २ | निम्न माध्यमिक १-८ | १ | ५ | ७ | २१ | १ | ० | ३५ | |
| ३ | माध्यमिक ९-१० | ० | ५ | ८ | ९ | ० | ० | २२ | |
| ४ | साविक उ.मा.वि दरबन्दी | ० | ४ | ० | ० | ० | ० | ४ | |
| ५ | प्राविधिक धार माध्यमिक | ० | ६ | २ | ० | ० | ० | ८ | |
| ६ | सघीय अनुदान-मा.वि. | ० | ० | १४ | ० | ० | ० | १४ | |
| ७ | संघीय अनुदान- नि.मा.वि. | ० | ० | ९ | ० | ० | ० | ९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | गाउँपालिका अनुदान | ० | ५ | १८ | ० | ० | ० | २३ | |
| ९ | गाउँपालिका अनुदान-नि.मा.वि. | ० | ० | १९ | ० | ० | ० | १९ | |
| १० | गाउँपालिका अनुदान-प्रा.वि. | ० | ० | ४२ | ० | ० | ० | ४२ | |
| ११ | गाउँपालिका बालविकास | ० | ० | ० | ० | २ | ० | २ | |
| जम्मा | | ६ | ४० | २०३ | ६५ | ४ | ० | ३१८ | |

| क्र.सं. | शिक्षक विवरण | आधारभुत तह (कक्षा १–५) | | | आधारभुत तह (कक्षा ६–८) | | | माध्यमिक तह (कक्षा ९–१०) | | | माध्यमिक तह (कक्षा ११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | स्थायी शिक्षक | | | | | | | | | | | | |
| २ | करार शिक्षक | | | | | | | | | | | | |
| ३ | राहत शिक्षक | | | | | | | | | | | | |
| ४ | निजि शिक्षक | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

## १.२ मुख्य समस्या तथा चूनौतीको विश्लेषण

### क) समस्या बृक्ष (Problem tree) र विश्लेषण



## …ा क्षेत्रक… (…OT) विश्लेषण

क) विषय विज्ञको सहयोग प्राप्त,
ख) शिक्षा क्षेत्रमा सूचना प्रविधिको प्रयोग,
ग) शिक्षक विद्यार्थी प्रोत्साहन कार्यक्रम लागु,
घ) शिक्षण सिकाइमा स्थानीय तथा परम्परागत सीप र कलाको प्रयोग,
ङ) शैक्षिक भ्रमण तथा अवलोकन,
च) भौतिक पूर्वाधारहरुको व्यवस्थापन,
छ) विषयगत शिक्षकको गोष्ठी तथा अन्तर विद्यालय सिकाई आदान–प्रदान,
ज) अभिभावकहरु सग अन्तरक्रिया कार्यक्रम ,
झ) दिवाखाजा, प्राथमिक उपचार बाकस,
ञ) विद्यलयहरुमा नियमित अनुगमन ,
ट) कक्षा १ देखि ५ सम्मका विद्यार्थीको सामान्य स्वास्थ्य परीक्षण गर्ने गरिएको छ,
ठ) शैक्षिक सत्रको सुरु सँगसँगै भर्ना अभियान सञ्चालन गर्ने गरिएको छ,
ड) विद्यार्थी प्रतिभा प्रष्फुटन गर्न र सिर्जनशिलताको विकासको लागि आंशिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको छ,
ढ) अंग्रेजी,गणित र विज्ञान विषयको सिकाई उपलब्धी सुधारको लागि ती विषयहरुको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ,
ण) तोकिए बमोजिम सामाजिक परीक्षण तथा लेखा परीक्षण सम्पन्न गरी प्रतिवेदन सम्प्रेषण समयमा नै गरिएको छ,
त) अधिकांश सामुदायिक विद्यालयहरुमा कम्प्यूटर र फोटोकपी मेसिन उपलब्ध गराइएको छ,
थ) विद्यालयहरुद्वारा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मार्फत तथ्याङ्क उपलब्ध गराउने गरिएको छ,

**सबल पक्षः-**

गाउँपालिकाको शैक्षिक क्षेत्रमा देखिएका समस्याहरुले यहाँको शैक्षिक आकाश अँध्यारो र समग्र शैक्षिक अवस्था निराशाजनक भने छैन। समस्याका साथसाथै यस गाउँपालिकामा भएका अवसरहरुले अपेक्षित शैक्षिक उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउने छन्। यस गाउँपालिकामा हाल उपलब्ध अवसरहरूलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ।

### शिक्षा क्षेत्रका मुख्य समस्याहरु

यस गाउँपालिकाको वर्तमान शैक्षिक सूचकाङ्कहरूले शैक्षिक अवस्था सन्तोषजनक रहेको देखिँदैन । गुणस्तरीय शिक्षाको सर्वमान्य परिभाषा भए तापनि यसलाई मापन गर्ने एउटा आधार सिकाइ

क) तहगत, विषयगत शैक्षिक जनशक्तिको अभाव
ख) सबै विद्यालयहरुमा पर्याप्त सूचना प्रविधिको पहूँचमा समस्या
ग) सबै विद्यालयहरुमा कक्षाकोठा, फर्निचर शौचालय लगाएत भौतिक पूर्वाधारको व्यवस्था गर्न नसकिएको
घ) अभिभावकहरुको आर्थिक अवस्था कमजोर हुनु
च) अभिभावकहरुमा प्रयाप्त शैक्षिक चेतनास्तरको कमी
छ) शिक्षकहरुलाई प्रयाप्त पुनर्ताजगीतालिम नहुनु
ज) शैक्षिक क्यालेन्डर, स्थानीय विषयको पाठ्यपुस्तक, सन्दर्भ सामग्री समयमै उपलब्ध नहुनु
ञ) कक्षा कोठामा व्यवहारिक सिपका क्रियाकलापहरु अवलम्बननहुनु
ट) विद्यार्थीको नियमितता उपस्थिति नहुनु
ड) पर्याप्तरुपमा सरोकारवाला पक्षहरु बिच आपसी अन्तरक्रिया नहुनु ।
ण आन्तरिक मूल्याङ्कनको व्यवहारिक प्रयोग हुन नसक्नु
त) नविनतम प्रविधि तथा डिजिटल शैक्षिक सामग्री प्रयोगमा शिक्षकको चासोमा कमि
थ) अभिभावक,विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक र शिक्षकहरुमा सामूहिक प्रतिबद्धताको कमी हुनु,
द) विद्यालय विकासमा सरोकारवालाको सहभागितामा कमी हुनु,
ध) शिक्षकको कार्य सम्पादनको आधारमा पुरस्कृत तथा दण्डित गर्ने संस्थागत परिपाटी नहुनु,
न) संस्थागत विद्यालय र सामुदायिक विद्यालय बीच समन्वय तथा शैक्षिक अनुभव आदानप्रदानमा कमी हुनु,
प) शैक्षिक सामग्रीहरुको कमी हुनुका साथै भएका शैक्षिक सामग्रीहरुको अपेक्षित प्रयोग नहुनु,
फ) प्राकृतिक प्रकोपहरू जस्तै भूकम्प,बाढी, पहिरो, महामारी रोगहरु आदिको कारणले विद्यालयमा पढाइ सञ्चालन हुन नसक्नु ।
ब) सामाजिक परीक्षण समयमै सम्पन्न नहुनु,

उपलब्धि हो । यस गाउँपालिकाको शैक्षिक समस्याहरुलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ।

**अवसरहरुः-**

यस गाउँपालिकामा शिक्षा क्षेत्रका ग्रामीण क्षेत्रमा रहेका विद्यालयहरुले निम्न विद्यार्थीहरूको शैक्षिक, सामाजिक, र आर्थिक विकासमा महत्वपूर्ण योगदानमा अवसरहरू पुर्याउँछन्। यहाँ केही प्रमुख

क) विषयगत शिक्षक व्यवस्थापन
ख) विद्यार्थीको रुची र नयाँ प्रविधिको तादात्म्यता मिलाउन
ग) उपयुक्त कक्षाकोठा, सभाहल, पुस्तकालय, खेल मैदान, ICT ल्याब, विज्ञान प्रयोगशाला उपलब्ध गराउन
घ) पाठ्यघण्टा र कार्यघण्टा अनुरुप शैक्षिक समय व्यवस्थापन
ङ) विद्यालयमा कुशल क्षमता निर्माण गर्न
च) शैक्षणिक सामग्री निमार्ण र प्रयोग
छ) शैक्षिक जनशक्ति पलायन रोक्न
ज) दिवाखाजा व्यवस्थापन
झ) भौगोलिक रूपमा केही वडामा विद्यालयहरू विकट हुनु
ञ) प्रशासन प्रशासनिक कार्यमा मात्र अल्झीनु
ट) विद्यालयमा आवश्यक पर्ने न्यूनतम आर्थिक खर्च उपलब्ध गराउनु
ठ) अभिभावकलाई विद्यालय प्रति जिम्मेवार बनाउनु

अवसरहरूको चर्चा गरिएको छ:

**चुनौतिहरुः**

क) सबै विद्यालयमा आधारभूत पूर्वाधारको पहुँच हुनु ,

ख) सेवा क्षेत्रभित्र रहेका बालबालिकाहरुको लागि विद्यालयहरु सहज पहुँच,

ग) विद्यालय शिक्षा क्षेत्रमा तालिमप्राप्त शैक्षिक जनशक्ति सन्तोषजनक रहेको ,

घ) स्थानीय तहमा समुदायको पहुँचमा पर्याप्त विद्यालयहरु रहेको ,

ङ) स्थानीय सरकारले शिक्षा क्षेत्रलाई प्राथमिकतामा खारी उच्च लगानी गरीरहेको,

च) झिमरुकवासीहरुको शिक्षाप्रति सकारात्मक धारणा,

छ) प्राविधिक शिक्षामा पहुँचका साथै उच्च शिक्षा स्नातक तह निः शुल्क ,

ज) विद्यार्थीको नियमित मूल्याङ्कनका लागि स्थानीय निकायको पहल कदमि काम भइरहेको ,

यस गाउँपालिकामा शिक्षा प्रणालीले विभिन्न सबल पक्षहरु हुदाहुदै पनि थुपै चुनौतीहरूको सामना गरिरहेको छ। यहाँ केही प्रमुख चुनौतीहरू प्रस्तुत गरिएको छन्:

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ झिमरुक गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा लिइएका आधारहरूः-

यस झिमरुक गाउँपालिकाको शिक्षा योजनाको परिच्छेद एकमा उल्लेख गरिएको गाउँपालिका स्तरीय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरीएका मुख्य चुनौती तथा वर्तमान अवस्थाको समीक्षा समेतको आधारमा यस गाउँपालिकाको १० वर्षे शिक्षा योजना तयार गरीएको छ । वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतमा माथि उल्लेखित विभिन्न सन्दर्भ स्रोतहरूलाई आधार मान्दै शिक्षा सम्बन्धी अधिकारहरु कार्यान्वयन गर्न, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्न वि स २०९० (सन् २०३०) सम्म प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस परिच्छेदमा नगर शिक्षा योजनाको दुरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरुObjectives) रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरीएको छ । शिक्षा योजना निर्माणको कार्यका लागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुमध्ये केहीमा उल्लेख भएका प्रावधानहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् ।

### २.१.१) संवैधानिक प्रावधानहरुः

**धाराः ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिकभाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
५. नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ५१ राज्यका नीतिहरुः (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

यसैगरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

**२.१.२) स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन (शिक्षासम्बन्धी अधिकारः गाउँ/नगरस्थानीय तह)**

**दफा ११ (२) ज**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन,

५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

८. विद्यालयको नामाकरण,

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१०.विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,

१२. विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**२.१.३) संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):**

**क) आयोजना तर्जुमा र कार्यान्वयनः**

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ ।
- संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

**२.१.४) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू**

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।
२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्नेछ ।
३. दफा १४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने । आधारभूत तह
४. दफा १५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने । माध्यमिक तह
५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने ।
६. दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था ।
७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा ।
८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने ।
९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था ।
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)
११.आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्दछ (नियम ४)
१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था । (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री, आदि) । (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र संधर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ ।

## २.२ दूरदृष्टिः

"झिमरुक गाउँपालिकाको इच्छा समृद्धिका लागि गुणस्तरीय शिक्षा " ।

## २.३ लक्ष्यः

पहूँच, समता र सक्षमता अभिबृद्धि गरी सीपयुक्त, प्रविधिमैत्री, रोजगारमूलक एवम जीवनोपयोगी शिक्षा मार्फत सक्षम जनशक्ति उत्पादनको आधार सुनिश्चित गर्नु ।

## २.४ उद्धेश्यः

यस योजनाले तय गरेको दुरदृष्टि र निर्धारण गरेको लक्ष्य हासिल गर्नका लागि उद्देश्य निर्माण गर्नुपर्छ। उद्देश्य हासिल गर्नका लागि नीति,रणनीति र कार्यक्रम निर्माण गरिन्छ। स्रोतको पहिचान सङ्कलन र उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गरेमा मात्र उद्देश्य हासिल हुन्छ। उद्देश्यहरुको सामुहिक प्रतिबिम्वन नै लक्ष्य हो भने लक्ष्यबाट देखिने क्षितिज दुरदृष्टि हो । यस योजनाले राखेको दुरदृष्टि र निर्धारण गरेको लक्ष्य हासिल गर्नको लागि निम्नानुसारका उद्देश्यहरु निर्धारण गरिएका छन्।

१.शिक्षालाई सर्वसुलभ बनाई यस गाउँपालिका सम्पूर्ण वालवालिकाहरुको शैक्षिक अबसर वृद्धि गर्दै गुणस्तरीय शिक्षामा सबै नागरिकको पहुँच सनिश्चित गर्ने।
२.वालवालिकाहरुको खुद भर्ना दर बृद्धि गरी टिकाउबृद्धि गर्नु ।
3.पाठ्यक्रमले तोके बमोजिमका विद्यार्थीहरुको सिकाइ उपलब्धि हासिल गर्नु ।
4.जीवनोपयोगी तथा पेसागत सीप प्रदान गर्न प्राविधिक, व्यवसायिक तथा प्रविधियुक्त शिक्षा प्राप्त गर्ने तथा विशेष शिक्षाको अवसर प्रदान गर्नु ।
५.बालमैत्री,अपांगमैत्री र सुरक्षित भौतिक पूर्वाधार बिकास गरी सिकाइ वातावरणमा सुधार गर्नु ।
६.शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रबिधिको पूर्वाधार तयार गर्दै उच्चतम उपयोग गर्नु ।
७.विद्यालय शिक्षाको पहुँचमा नपुगेका निरक्षरहरु नागरिकहरुको लागि अनौपचारिक तथा निरन्तर शिक्षाको प्रदान गर्ने।
८.स्थानीय पाठ्यक्रमको निर्माण तथा अध्याबधिक गरि प्रभाबकारी कार्यान्वयन गर्ने,
९.विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरवन्दी व्यवस्थापन गर्नु।
१०.शिक्षक, अभिभावक तथा अन्य सबै सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

## २.५ रणनीति:

**उद्देश्य नं १ सँग सम्वन्धित रणनीतिहरु**

१) निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२) विद्यालयहरुको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाहरुको पहुँच विस्तार गरिनेछ ।

३) कक्षा छोड्ने, दोहोराउने र बिद्यालय बाहिर रहेका बालबालिकापहिचान गरी सो अनुरुप लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

४) विषेश क्षमता भएका वालवालिकाहरुको शैक्षिक अबसर प्रदान गर्न विषेश विद्यालय स्थापना गर्न पहल गरिनेछ।

५) न्युन बालवालिका भएका विद्यालय मर्ज गर्नु पर्ने भएमा सवारी साधनको ब्यबस्था गरिनेछ।

**उद्देश्य नं २ सँग सम्वन्धित रणनीतिहरु**

१) शिक्षा संग सम्बधित सरोकावाला सबै निकायलाइ जागरुक र जवाफदेही बनाइनेछ ।

२)दिवाखाजा तथा छात्रबृति कार्यक्रमलाइ थप प्रभावकारी बनाइनेछ ।

३)भर्ना अभियान अभिभावक शिक्षा आदि कार्यक्रमद्वारा विद्लय समुदाय सम्बन्धलाई सुदृढ बनाइनेछ।

**उद्देश्य नं ३ सँग सम्वन्धित रणनीतिहरु**

१) पाठ्यक्रमको प्रभावकारी प्रयोग गरि शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने।

२) शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधिकरण तालिमदिने दिइनेछ।

३) अतिरिक्त कक्षा र मासिक परीक्षा सञ्चालनका लागी अनुदान ब्यबस्था गरिनेछ ।

४) शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रबिधिको पूर्वाधार तयार गर्दै उच्चतम उपयोग गरिनेछ।

५) गाउँपालिकाबाट अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाइनेछ।

**उद्देश्य नं ४ सँग सम्वन्धित रणनीतिहरु**

१) प्राबिधिकधारका कार्यक्रमहरु सञ्चालन गर्ने कम्तिमा गाउँपालिका भित्र एक विद्यालय भौतिक पूर्वाधार र पूर्णकालिन जनशक्तिको ब्यवस्थापनका लागी प्रोत्साहान अनुदानको ब्यबस्था गरिनेछ।

२) प्राविधिक कार्यक्रमहरु अध्ययन अध्ययनका लागी छात्राबृति उपलब्ध गरिनेछ।

**उद्देश्य नं ५ सँग सम्वन्धित रणनीतिहरु**

१) बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

२) भिन्न क्षमता भएका कमजोर बालबालिकाहरुका लागि स्रोत कक्षाहरु संचालन गरिनेछ ।

**उद्देश्य नं ६ सँग सम्वन्धित रणनीतिहरु** ।

१) सुचना संचार प्रविधिको पूर्वाधार क्रमशः सम्पूर्ण विद्यालयहरु सुचना संचार पहुच बढाइनेछ।

२) शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धि तालिमको ब्यबस्था र अधिकतम उपयोग गर्न अभिप्रेरित गरिनेछ।

३) सुचना संचार प्रविधिको प्रयोगद्वारा विद्यालयहरु अनुगमन गरिनेछ।

**उद्देश्य नं ७ सँग सम्वन्धित रणनीतिहरु**

१) बिचैमा कक्षा छोडेका वा विविध कारणले समस्यामा रहेका वालवालिकाहरुको खोजी गरिनेछ।

२) साक्षरता कक्षा कक्षा तथा खुला शिक्षामा आवद्ध गराइ आयआर्जनका कार्यक्रममा अवसर दिइनेछ ।

३)  सामुदायिक सिकाइ केन्द्र आबश्यकता अनुसार थप गर्ने र  स्रोत साधन उपलब्ध गराई केन्द्रलाई सुदृढ गरिनेछ।

**उद्देश्य नं ८ सँग सम्वन्धित रणनीतिहरु**

१) स्थानीय आवश्यकता एवम् गाउँपालिका भित्र रहेका विभिन्न जातजाति,भाषा,धर्म,संस्कृति, परम्परा र परम्परागत पेशा तथा प्रविधिको संरक्षण,संवर्धन,र विकास गरी स्थानीय पाठ्यक्रमको निर्माण तथा अद्यावधिकगरी प्रभावकारीकार्यान्वयन गरिनेछ।

२) राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम स्थानीय पाठ्यक्रम बमोजिमका बिषयवस्तुहरु समयानुकुल अध्याबधिक  गरी निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने।

**उद्देश्य नं ९ सँग सम्वन्धित रणनीतिहरु** ।

१) विद्यार्थी संख्या र विषयगत आधारमा विद्यालयगत शिक्षकको संख्या निर्धारण गरि अद्यावधिकगरिनेछ।

२) दरबन्दी मिलान कार्यविधि निर्माण गरी विद्यालय समायोजन गरिनेछ।

३) विद्यालय समायोजन हुने समुदायका बालवलिकाहरुका शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरिनेछ।

**उद्देश्य नं १० सँग सम्वन्धित रणनीतिहरु**

१) शिक्षकको आवश्यकतामा आधारित क्षमता विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२) शिक्षा संग सम्बन्धित सरोकारवालाहरुलाई क्षमता विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३) शिक्षक र विद्यार्थीहरूलाई अन्य शैक्षिक संस्थानहरूको अनुभव अदान प्रदान र ऐतिहासिक धार्मिक तथा सास्कृतिक क्षेत्रका अध्ययन अवलोकन भ्रमणबाटज्ञान सीपको विकास गर्ने अबसर प्रदान गरिनेछ।

## २.६ कार्यनीति

नौबहिनी गाउँपालिकाले माथि उल्लेखित लक्ष्य, उद्धेश्य र रणनीतिहरुलाई कार्यान्वयनको सुनिस्चिताको लागि निम्नानुसारको मुख्य कार्यनीतिहरु तयार गरेको छ ।

**रणनीति नं १ सँग सम्वन्धित कार्यनीतिहरु**

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्कमाध्यमिक शिक्षाका लागी विभिन्न अनुदान प्रदान गरिनेछ।
२. विद्यालयहरुको नक्साङ्कन कार्य गरिनेछ ।
३. विशेष शिक्षा स्रोत केन्द्रस्थापना गर्न पहल गरिनेछ।
४. सिमान्तकृतसमुदायका बालवालिकाहरु,आर्थिक शारिरीक रुपले कमजोर बालवालिकाहरू र बालबालिकाहरू र अभिभावकविहीनहरूलाई  पूर्ण छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री वितरण गर्ने।

**रणनीति नं २ सँग सम्वन्धित कार्यनीतिहरु**

१) शिक्षासँग सम्बधित सरोकावाला अभिभाबक शिक्षा तथा समुदायसँग गाउँ सरकार कार्यक्रम संचालन गरि समुदाय सम्बन्धलाई सुदृढ बनाइनेछ।

२)दिवाखाजा तथा छात्रबृति कार्यक्रमलाई अनुदान प्रदान गरिनेछ ।

३)भर्ना अभियान कार्यक्रम संचालन गर्ने तथा कक्षा छोड्ने र दोहोराउने विद्यार्थीका अभिभावक सँग अन्तरक्रिया गरी विद्यालय भर्ना गर्न सहयोग गर्ने ।

**रणनीति नं ३ सँग सम्वन्धित कार्यनीतिहरु**

१) शिक्षकको आवश्यकतामा शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधिकरण, सूचना प्रबिधि, शिक्षण गर्ने विषय तथा विभिन्न क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

२) अतिरिक्त कक्षा र मासिक परीक्षा सञ्चालनका लागी अनुदान प्रदान गर्ने।

३) आन्तरिक मुल्याङ्कन मुल्याङ्कन निर्देशिका, निरन्तर मूल्याङ्कन र ग्रिडको अध्ययन अनिवार्य रुपमा गर्न लगाउने ।

४) शिक्षकले आफ्नो विषयको सिकाइ उपलब्धिको लक्ष्य निर्धारण गरी प्र.अ सग कार्य सम्पादन करार सम्झौता गर्ने ।

५) गाउँपालिकाबाट योजना बनाइ अनुगमन तथा सुपरीवेक्षण गरिनेछ।

**रणनीति नं ४ सँग सम्वन्धित कार्यनीतिहरु**

१) प्राबिधिकधारका कार्यक्रमहरु सञ्चालन गर्ने कम्तिमा गाउँपालिका भित्र एक विद्यालय भौतिक पूर्वाधार र पूर्णकालिन जनशक्तिको व्यवस्थापनका लागी प्रोत्साहान अनुदानको व्यवस्था गरिनेछ।

२) प्राविधिक कार्यक्रमहरु अध्ययन पश्चात कम्तीमा ३ महिना स्वयम् सेवकको रूपमाकाम गर्ने सर्तमा बर्षमा २ जनाको लागी डिप्लोमा अध्ययन छात्राबृति उपलब्ध गराउन सकिनेछ।

**रणनीति नं ५ सँग सम्वन्धित कार्यनीतिहरु**

१) यो योजना पछि नयाँ बन्ने भौतिक पूर्वाधारसंरचनाहरू भवन आचारसंहिता बमोजिम बालमैत्री अपाङ्गमैत्री तरिकाको बनाउने ।

२) भिन्न क्षमता भएका कमजोर बालबालिकाहरुका लागि कम्तिमा एक स्रोत कक्षा संचालन गर्न पहल गरिनेछ ।

३) छात्रामैत्री स्यानिटरी पिट तथा डिस्पोजल मिसन सहितको शौचालय र खानेपानीको सुबिधा उपलब्ध गराउने ।

४) हरेक माध्यमिक विद्यालयमाविज्ञान प्रयोगशाला स्थापना गरी उपयोगमा ल्याउने ।

५) पुस्तकालयको स्थापना गरी सबैखालका बिद्यार्थीहरुको पाठ्यसामाग्री, सन्दर्भ सामाग्री, एवं स्रोत सामाग्रीमा पहूँच पुरयाउने ।

६)सबै विद्यालयहरुमा इन्टरनेट सुविधाको विस्तार गर्ने तथा ICT lab स्थापना गरी उपयोगमा ल्याउने।

**रणनीति नं ६ सँग सम्वन्धित कार्यनीतिहरु**

१) सुचना संचार प्रविधिको पूर्वाधार क्रमशः सम्पूर्ण विद्यालयहरु सुचना संचार पहुच बढाइनेछ।

२) शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धी तालिमको व्यवस्था गर्ने।

३) ई हाजिरी र CCTV द्वारा विद्यालयहरुको अनुगमन गरिनेछ।

**रणनीति नं ७ सँग सम्वन्धित कार्यनीतिहरु**

१) सामुदायिक सिकाइ केन्द्र द्वारा बिचैमा कक्षा छोडेका वा विविध कारणले समस्यामा रहेका वालवालिकाहरुको तथ्याङ्क संकलन गर्ने ।

२) साक्षरताकक्षा तथा खुला शिक्षामा आवद्ध गराइ छोटो अवधिका आयआर्जनका कार्यक्रममा संचालन गर्ने ।

३) प्रत्येक वाडामा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गरी त्यस्ता जनशक्तिको सिकाइलाई सिपको आधारमा तह १,२, ३ को तालिम र सिप परिक्षणमा सहभागी गराइ स्वरोजगारीको अवसर सिर्जना गर्ने ।

४) लघु उद्यमकालागी आर्थिक सहयोग वा सो को लागी प्रोत्साहनमुलक कार्यक्रमहरु ल्याउन पहल गर्ने ।

**रणनीति नं ८ सँग सम्वन्धित कार्यनीतिहरु**

१) समयानुकुल स्थानीय पाठ्यक्रमको अध्याबधिक गरी अनिबार्य लागु गरिनेछ।

२) स्थानीय पाठ्यपुस्तकका समयानुकुल अद्यावधिक गरी निशुल्क पाठ्यपुस्तक प्रदान गर्ने।

**रणनीति नं ९ सँग सम्वन्धित कार्यनीतिहरु**

१) emis द्वारा विद्यार्थी संख्याको सत्यापान गरि आधारमा विद्यालयगत शिक्षक दरबन्दी निर्धारण गरिनेछ।

२) दरबन्दी मिलान कार्यविधि निर्माण गरिनेछ।

३) यातायातका साधनको ब्यबस्था गरी शिक्षा प्रदान गरिनेछ।

**रणनीति नं १० सँग सम्वन्धित कार्यनीतिहरु**

१) वि. ब्य. स, शि. अ. संघ , अभिभावकहरु लगायत सबै सरोकारवालाहरु सङ अन्तरक्रिया गर्ने ।

२) शैक्षिक संस्थानहरूको अनुभव अदान प्रदान र ऐतिहासिक धार्मिक तथा सास्कृतिक क्षेत्रका अध्ययन अबलोकन भ्रमण गरिनेछ।

३) शिक्षक र विद्यार्थीहरूलाई अन्य ज्ञान सीपको विकास गर्ने अबसर प्रदान गरिनेछ।

## २.७ अपेक्षित उपलब्धि

१) सबै वालवालिकाहरुको गुणस्तरिय शिक्षामा पहूँच र सहभागीता सुनिश्चित भएको हुनेछ ।

२) वालवालिकाहरुको खुद भर्ना दर बृद्धि गरी तिकाउ बृद्धि भै शैक्षिक क्षति कम भएको हुनेछ।

३) पाठ्यक्रमले तोके बमोजिमका वालवालिकाहरुको सिकाइ उपलब्धि बृद्धि भएको हुनेछ ।

४) प्राविधिक, व्यवसायिक तथा प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर प्राप्त भएको हुनेछ ।

५) बालमैत्री,अपांगमैत्री भौतिक पूर्वाधार बिकास तथा निर्माण गरी सिकाइ वातावरणमा सुधार भएको हुनेछ ।

६विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग भएको हुनेछ ।

७) अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरु सुनिश्चित भएको हुनेछ।

८)स्थानीय पाठ्यक्रमको निर्माण तथा अद्यावधिक गरि प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

९)विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरवन्दी व्यवस्थापन भएको हुनेछ ।

१०)शिक्षक,अभिभाबक तथा अन्य सबै सरोकारवालाहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।

## २.८ स्थानीय तह तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

शैक्षिक योजनामा लक्ष्य निर्धारण गर्ने बिभिन्न विधिहरू हुन्छन। लक्ष्यहरुको प्रकृति अनुसार विधिको प्रयोग गर्नुपर्दछ। त्यसैले सबै लक्ष्यको निर्धारण कुनै एक बिधिको प्रयोगले मात्र सम्भव हुँदैन। उक्त योजनाको कार्यान्वयनबाट नगरपालिकाले केके प्राप्ति गर्ने भनी मुख्यमुख्य कार्यसम्पादन सूचकहरुको विकास र तिनको लक्ष्यहरू निर्धारण गरेको छ। आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षहरुका लागि तोकिएका ती सुचकगत राष्ट्रिय लक्ष्यहरू सहितको बिबरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

## शिक्षा **नतिजा खाका**

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यौंकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८२.१ | | | | | |
| | | प्रदेश | १०६.८ | | | | | |
| | | राष्ट्रिय | ९९.९ | १०० | १०१ | १०२ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ९४.२ | | | | | |
| | | प्रदेश | ८४.३ | | | | | |
| | | राष्ट्रिय | ७६.९ | ८०.० | ८५.० | ९५.० | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ६८.९ | | | | | |
| | | प्रदेश | ७२.६ | | | | | |
| | | राष्ट्रिय | ९५.७ | ९६.५ | ९७.५ | ९८.५ | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १३४..३ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११५.९ | ११८ | १२० | १२५ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.८ | | | | | |
| | | प्रदेश | ९५.५ | | | | | |
| | | राष्ट्रिय | ९५.६ | ९६.० | ९८ .० | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३५.४ | | | | | |
| | | प्रदेश | १२८.४ | | | | | |
| | | राष्ट्रिय | १२४.८ | १२१.० | १२० | ११९ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ | स्थानीय | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | सम्म टिकाउ दर* (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | ९५.१ | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | १२३.८ | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८६.०९ | | | | | |
| | | प्रदेश | ८६.२ | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | | | | | | |
| | | प्रदेश | ०.९१ | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) – नेपाली भाषा | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

| क्र.सं. | सूचक | | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या (%) | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४3.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | ५५.२ | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९- | | स्थानीय | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १२) मा कूल भर्ना दर* (%) | प्रदेश | | ८०.९ | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | ०.९३ | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष | स्थानीय | | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | भन्दा माथि) (%) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९- | स्थानीय | | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | १२) मा विद्यार्थी:शिक्षक अनुपात | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

शिक्षालाई विकासको मेरुदण्ड मानिन्छ । सबै प्रकारका विकासहरूको सम्बन्ध मानव विकाससँग जोडिन्छ। प्रारम्भिक बाल विकासबाट मानव विकास सुरु हुने गर्दछ। बालबालिकाहरूको शारीरिक मानसिक संवेगात्मक बौद्धिक सामाजिक विकास गराउने उद्देश्यले चार वर्ष पूरा भएका र पाँच वर्ष नपुगेका बालबालिकाहरूलाई दिइने शिक्षा प्रारम्भिक बालविकास शिक्षा हो। यो उमेर समूहका बालबालिकाहरूलाई शिक्षा दिनको लागि बाल विकास केन्द्रहरू स्थापना गरिएका छन्। यस प्रकारका बाल विकास केन्द्रहरूमा महिला सहयोगी कार्यकर्ताहरुले बाल मनोविज्ञान बुझेर दैनिक पाँच कार्यघण्टा बालबालिकाहरुलाई विभिन्न सिपहरुको विकास गराउँछन्। सहयोगी कार्यकर्ताहरुसँग आधारभूत सिप सिकाईका साथै विषयगत सिप सिकाई र मनोरञ्जन खेल आराम जस्ता सिपहरूको विकास गर्दै बालबालिकाहरूले २६ पाठ्य घण्टा र ८३२ कार्यघण्टा समयबाल विकास केन्द्रमा बिताउँछन्। प्रारम्भिक बाल विकासमा दिइने शिक्षामा पढाइ लेखाई भन्दा बालबालिकाहरूको सर्वागीण विकासमा जोड दिइन्छ । विश्वमा भइरहेको तीव्रतर विकाससँग समायोजन हुन सक्ने प्रतिस्पर्धी शैक्षिक जनशक्ति उत्पादन गर्नु आजको आवश्यकता हो। नेपालको शैक्षिक प्रणालीले प्रारम्भिक बालविकासलाई शिक्षाको सुरुवाती चरण मानेको छ। एउटा मजबुत घर बनाउनका लागि जग मजबुत हुनु आवश्यक भएजस्तै एउटा व्यक्तिको दिगो शैक्षिक विकासको लागि बाल विकासमा विशेष ध्यान दिनुपर्ने देखिन्छ बालबालिकाहरूले सिक्ने असल आचरणले मानव विकासमा कोशेढुङ्गाको काम गर्ने भएकोले झिमरुक गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई विशेष महत्व दिएको छ। यस शिक्षाको मुख्य ध्यय न्यानो पारिवारिक वातावरणमा हुर्किरहेका बालबालिकाहरूलाई बालमैत्री वातावरण सिर्जना गरी विद्यालयतर्फ आकर्षण गर्दै विभिन्न सिप विकास गराउनुको साथै पठनपाठनमा रुचि जगाउने भएकोले महत्वपूर्ण मानिएको छ।

### ३.१.१ वर्तमान अवस्था

झिमरुक गाउँपालिकामा संघीय स्रोतबाट विद्यालयमा आधारित ४० वटा र समुदायमा आधारित ११ वटा बालविकास केन्द्रहरू सञ्चालित छन्। गाउँपालिका स्रोतबाट विद्यालयमा आधारित २ वटा बाल विकास केन्द्रहरू सञ्चालित छन्। संस्थागत विद्यालयहरूमा भने तीन वर्षमा भर्ना हुने किन्डर गार्डेन कक्षाहरू सञ्चालित छन्। सङ्घीय र गाउँपालिका स्रोतबाट सञ्चालित जम्मा ५३ वटा बालविकास केन्द्रमा बाल बिकास सहयोगी कार्यकर्ताहरू कार्यरत छन्। शैक्षिक सत्र २०८१ को EMIS तथ्यांक अनुसार गाउँपालिका भित्र सामुदायीकतर्फ छात्रा ३८४ जना र छात्र ४०८ जना बाल बालिकाहरु गरी जम्मा ७९२ जना बालबालिकाहरू अध्ययनरत छन्। संस्थागततर्फ छात्रा ९० जना र छात्र ११५ जना गरी जम्मा २०५ जना अध्ययनरत छन्।

| क्रम संख्या | बाल विकास विवरण | संख्या |
|---|---|---|
| १ | झिमरुक गाउँपालिकामा सञ्चालित जम्मा बालविकास केन्द्र | |
| २ | संघीय सरकारबाट सञ्चालित बालविकास केन्द्र | |
| ३ | झिमरुक गाउँपालिका स्रोतबाट सञ्चालित बालविकास केन्द्र | |
| ४ | संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्र | |

झिमरुक गाउँपालिकामा आठ वटा वडाहरू रहेका छन् प्रत्येक वडामा रहेका बाल विकास केन्द्रको सङ्ख्या निम्न अनुसार रहेको छ।

| क्र.स | वडा नम्बर | बाल बालविकास केन्द्र सख्या |
|---|---|---|
| १ | १ | |
| २ | २ | |
| ३ | ३ | |
| ४ | ४ | |
| ५ | ५ | |
| ६ | ६ | |
| ७ | ७ | |
| ८ | ८ | |

झिमरुक गाउँपालिकामा सञ्चालित बालविकास केन्द्रहरू **सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाईमैत्री,**न्यूनतम पूर्वाधार तथा सिकाई सक्षमता भएका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या वटा भएतापनि अन्य ............................वटा बाल विकास केन्द्रमा पूर्णता हुन सकेको छैन बाल विकासमा कार्यरत सहयोगी कार्यकर्ताहरूको शैक्षिक योग्यता फरक फरक रहेको छ। आठ उत्तीर्ण ...................जना एसइइ उत्तीर्ण ..................जना र कक्षा १२ उत्तीर्ण ......................जना सहयोगी कार्यकर्ताहरू झिमरुक गाउँपालिकामा कार्यरत छन्। प्रारम्भिक बालविकास शिक्षामा सङ्घीय सरकार र गाउँपालिका दुवैबाट स्रोत व्यवस्थापन भएको छ। सहयोगी कार्यकर्ताहरु तालिम प्राप्त नै छन्

विद्यालय शिक्षाको जग मानिने बाल विकास केन्द्रहरुलाई व्यवस्थित बनाउने थुप्रै प्रयासहरु भइरहेका छन् । तापनि केही समस्या तथा चुनौतीहरू रहेका छन्। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

| अवसर तथा सबल पक्षहरु | समस्या तथा चुनौतीहरु |
|---|---|
| क. प्रारम्भिक चरणको सिप अन्तर्गत भाषाको विकास आदर सत्कार गर्ने सिपको विकास<br>ख. समूहमा मिलेर बस्ने, खेल्ने बानीको विकास<br>ग. सरसफाई गर्ने बानीको विकास<br>घ. भाषिक, गणितिय सिप तथा धारणाको विकास<br>ङ. प्रत्येक विद्यालयमा तथा विभिन्न समुदायमा आवश्यकताका आधारमा बालविकास कोटा निर्धारण<br>च. बालविकास सहजकर्ताको पारिश्रमिकमा स्थानीय तहले थप गरी मनोवल बढाउनु<br>छ. प्रति विद्यार्थी लागतको आधारमा अनुदान उपलब्ध गराउनु | क. प्रारम्भिक बाल विकासमा भर्ना हुने उमेर नाघिसकेका र उमेर नपुगेका बालबालिकाहरू पनि बाल विकासमा भर्ना हुनु<br>ख. स.काहरुको तालिमको अभाव<br>ग. बाल विकास सहजकर्ताहरुको विद्यालयमा बिताउने समयमा एक रुपता नहुनु<br>घ. भर्ना भएका बालबालिकाको विद्यालय छाड्ने दर बढ्नु<br>ङ. खेलमैदानको अभाव हुनु<br>च. कक्षाकोठा बालमैत्री नहुनु<br>छ. बालविकास केन्द्रमा बालबालिकाको संख्या बढाउनु ।<br>ज. सुपरीवेक्षण पृष्ठपोषण नियमित गर्नु ।<br>झ. सहजकर्ताको काम गर्ने समय र बजेट अभावका कारण बाल विकास सहयोगी कार्यकर्तालाई राम्रो सुविधा दिन नसक्नु |

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालविकास र शिक्षासम्बन्धी निम्न उद्देश्यहरू तय गरिएका छन्।

क. प्रत्येक बालबालिकाहरूमा बालविकासको पहुँच पुराई आधारभूत शिक्षाको लागि तयार गर्ने

ख. बाल विकास सहयोगी कार्यकर्ताहरूलाई पेशागत दक्षता अभिवृद्धि गर्न तालिम प्रदान गरी बालमैत्री सिकाईमा जोड दिने

ग. बाल विकास केन्द्रहरूको आर्थिक तथा मानवीय स्रोत विकासमा ध्यान दिइ गुणस्तर सुनिश्चित गर्ने

घ.बाल विकास केन्द्रहरूलाई भौतिक रुपमा स्तरीय बनाई बालबालिकाहरूको सर्वाङ्ग सहयोग पुर्याउने

### ३.१.३ रणनीति

झिमरुक गाउँपालिकाले प्रारम्भिक बालविकास र शिक्षाका उद्देश्यहरू पूरा गर्न निम्न रणनीतिहरू तय गरिएका छन्।

क. बाल विकास उमेर समूहका विद्यार्थीहरूलाई अनिवार्य विद्यालय तथा समुदायमा आधारित बाल विकास केन्द्रमा भर्ना गराउने

ख. भौगोलिक विकटताका कारण बाल विकास केन्द्रमा अध्ययन गर्न आउन नसक्ने बालबालिकाहरूको लागि वैकल्पिक व्यवस्था गर्ने

ग. पर्याप्त शैक्षिक सामग्री खेल सामग्री बालमैत्री स्वच्छ पिउने पानी बालमैत्री शौचालय र व्यवस्थित कक्षा कोठा निर्माणका लागि स्रोत उपलब्ध गराउने

घ. विपन्न बालबालिकाहरूका लागि पोशाक र स्टेशनरी उपलब्ध गराउने

ङ. सहजकर्तालाई पूरा समय काम गराउने र उपयुक्त किसिमको पारिश्रमिक तोक्ने

च बालविकास केन्द्रहरूको समयसमयमा निरीक्षण अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने

छ. सहजकर्ताको मनोबल उठाउनका लागि र काममा प्रतिस्पर्धा गराउनका लागि प्रत्येक वर्ष गाउँपालिकामा उत्कृष्ट सहजकर्ता छनोट गर्ने मापदण्ड बनाई पुरस्कृत गर्ने
ज. दिवा खाजालाई व्यवस्थित बनाउने

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

झिमरुक गाउँपालिकाको गाउँ शिक्षा योजनाबाट प्रारम्भिक बालविकास र शिक्षामा निम्न उपलब्धि तथा नतिजा प्राप्त हुनेछ

क. सबै बालबालिकाहेलो गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाकोअवसर प्राप्त गर्नेछन्
ख. प्रारम्भिक तहको कुल भर्नादर १००% पुगेको हुनेछ
ग. भौतिक सुविधा सम्पन्न छापायुक्त कक्षा कोठाहरू भएका हुनेछन्
घ. बाल मनोविज्ञान बुझेर गुणस्तरीय शिक्षा प्रदान गर्नेसहयोगी कार्यकर्ताहरू शतप्रतिशत तयार हुनेछन्।
ङ. न्यून पारिश्रमिकमा कार्यरत स.का. हरूले सम्मानजनक पारिश्रमिक पाएका हुनेछन्।

| क्र सं | सूचकहरु | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | १०७.२ | १०६ | १०५ | १०४ | १०३ | १०२ |
| २ | कक्षा दोहर्याउने दर | ५ प्रतिसत | ४.५ प्रतिसत | ४ प्रतिसत | ३.५ प्रतिसत | ३ प्रतिसत | २ प्रतिसत |
| ३ | प्रारम्भिक बालविकास केन्द्रको सख्या | ५३ | | ५० | | ४६ | |
| ४ | ६ वटा सिकाई कुनाहरुको भएको बालविकास केन्द्रको संख्या | ५३ | | | | | |
| ५ | बालविकास सहजकर्ता हरुको क्षमता विकास | ५३ | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| ६ | कक्षाकोठाहरु छापामय भएका बालविकास केन्द्रका संख्या | १३ | १० | १० | १० | १० | ५३ |
| ७ | | | | | | | |

### ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तलको तालिकामा झिमरुक गाउँपालिकाले गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू देखाइएको छ ।

| क्र. सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ५ | १ | १ | १ | ० | ८ | १० |
| २ | योग्यता पुगेका सहजकर्ताहरुको व्यवस्था | जना | १० | १० | १० | १० | ६ | ४६ | १०० |
| ३ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ४ | बालविकास केन्द्रहरुको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | बालवालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | सहजकर्ताहरुको क्षमता विकास कार्यक्रम | जना | ५३ | ५३ | ५३ | ५३ | ५३ | २६५ | ५०० |
| ८ | कक्षाकोठाहरु छापामय भएका बालविकास केन्द्रका संख्या | वटा | १३ | १० | १० | १० | १० | ५३ | ५३ |

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मको शिक्षालाई भनिन्छ। नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा १ मा आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क शिक्षा भनिएको छ। शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ १६औ पञ्चवर्षीय योजना स्थानीय सरकार सञ्चालन ऐन २०७४ आदिलाई मध्यनजर गर्दै झिमरुक गाउँपालिकाले आफ्नो गाउँ शिक्षा योजना निर्माण गरेको छ। शिक्षाको आधार मानिने आधारभूत शिक्षालाई के कसरी व्यवस्थित बनाएर लगेमा अपेक्षित उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने कुरा यस १० वर्षीय गाउँ शिक्षा योजनामा समेट्ने प्रयास गरिएको छ।

### ३.२.१ वर्तमान अवस्था

आधारभूत तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । दिवा खाजा कार्यक्रमलाई सिकाई तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमतावृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु आवश्यक छ ।

झिमरुक गाउँपालिकाको आधारभूत शिक्षासँग सम्बन्धित शैक्षिक तथ्याङ्क सबल पक्षहरू सुधार गर्नुपर्ने पक्षहरू अवसर र चुनौतीहरू लाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।
झिमरुक  गाउँपालिकामा हालसम्म सञ्चालित आधारभूत विद्यालय सङ्ख्या विवरण

- कक्षा १ ३ सञ्चालित विद्यालय
- कक्षा १ ५ सञ्चालित विद्यालय
- कक्षा १ ८ सञ्चालित विद्यालय

शैक्षिक सत्र २०८१ मा आधारभूत तहमा भर नभएका विद्यार्थी संख्या विवरण

- सामुदायिक विद्यालयतर्फ
- संस्थागत विद्यालयतर्फ
- सामुदायिक र संस्थागत दुवै विद्यालयतर्फ
- हालको भर्नादर र टिकाउ दर

| **अवसर तथा सबल पक्षहरु** | **समस्या तथा चुनौतीहरु** |
|---|---|
| क. अनिवार्य र निःशुल्क शिक्षा<br>ख. निःशुल्क पाठ्यपुस्तक, दिवाखाजा र छात्रवृत्तीको व्यवस्था<br>ग. मातृभाषामा अध्ययन अध्यापन<br>घ. सिकाइ सक्रियता<br>ङ. समुदायमा आधारीत विद्यालय<br>च. ऐच्छीक संस्थागत विद्यालय<br>छ. कक्षा १–५ मा विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था<br>ज. बालबालिकाहरुका लागि घर पायक विद्यालय<br>झ. न्यूनतम प्राथमिक स्वास्थ्य सेवा उपलब्ध<br>ञ. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न पहल<br>ट. स्थानीय पाठ्यक्रम बनाई लागू<br>ठ. कक्षा १-३ मा अध्यापनरत शिक्षकलाई एकीकृत पाठ्यक्रम सम्बन्धित तालिमको व्यवस्था | क) विद्यालय उमेरका सबै बालबालिका विद्यालय ल्याउन<br>ख) निःशुल्क शिक्षालाई व्यवहारमा कार्यान्वयन गर्न<br>ग) छात्रछात्रा शौचालय उपलब्ध गराउन<br>घ) खेलमैदान र पर्याप्तसमय प्रदान गर्न<br>ङ) नयाँ प्रविधिलाई शिक्षण सिकाइ सँग जोड्न<br>च) दक्ष र विषयगत शिक्षक व्यवस्थापन गर्न<br>छ) ICT Lab र विज्ञान सामग्री उपलब्ध गराउन<br>ज) बालमैत्री धारा र शुद्धपानीको प्रबन्ध गराउनु<br>झ) पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग गर्न<br>ञ) माथिल्ला कक्षाका विद्यार्थीलाई मुख्य ध्यान दिनुपर्ने विवसताले तल्ला कक्षाका बालबालिकालाई उपयुक्त सम्बोधन गर्न कक्षा<br>ट)१ मा भर्ना हुने सबै बालबालिकाहरूसँग बालविकासको अनुभव हुनु<br>ठ) सबै विद्यालयमा बालमैत्री कक्षा कोठा व्यवस्थापन गर्नु।<br>ढ) खुद भर्नादर १००% र विद्यालय छाड्ने दर ० बनाउनु। |

## ३.२.२ उद्देश्य

झिमरुक गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ।

क. गाउँपालिकाभित्रका आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु।

ख. सिकाइलाई प्रविधिसँग जोड्दै बालमैत्री र व्यावहारिक बनाउनु

ग. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण पूर्ण रुपमा बालमैत्री सिकाईमैत्री समावेशी भयरहित र सुरक्षित बनाउनु
घ. आधारभूत शिक्षामा समावेशीकरणको अवधारणा अनुभूति हुनेगरी विशेष व्यवस्था गर्नु।

## ३.२.३ रणनीति

**माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि अपनाउने रणनीतिहरु**

झिमरुक गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजनाका लागि तय गरेका उद्देश्यहरू पूरा गर्ने निम्न रणनीतिहरू अवलम्बन गर्नेछ।

क. सबै बालबालिकाहरूलाई अनिवार्य तथा निःशुल्क शिक्षाको पहुँचमा ल्याउनका लागि सरोकारवाला अभिभावक विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ शिक्षक स्थानीय समाजसेवी बुद्धिजीवीहरूसँग अन्तरक्रिया गर्ने र कार्यान्वयनमा जोड दिने,
ख. विभिन्न कारणले विद्यालय भर्ना नहुने र बीचैमा पढाइ छाड्ने विद्यार्थीहरूलाई प्रोत्साहन गरी तह पूरा गराउन आर्थिक सहायता प्याकेज तयार पारी उपलब्ध गराउने,
ग. शिक्षकहरूलाई प्रविधिसँग सम्बन्धित र पेशागत दक्षता अभिवृद्धि विज्ञहरूद्वारा तालिम तथा पुनर्ताजगी तालिम दिने,
घ. विद्यालयहरूको सुपरिवेक्षण तथा अनुगमन मात्र बढाई आवश्यक पृष्ठपोषण दिने ,
ङ. उत्कृष्ट नतिजा प्राप्त गर्ने अभिभावकहरूलाई समेत पुरस्कृत गर्ने,
च. बालमैत्री शिक्षण क्रियाकलापका लागि आवश्यक शैक्षिक सामग्री र सन्दर्भ सामग्री विद्यालयहरूलाई उपलब्ध गराउने,
छ. शिक्षकहरूले तयार गर्ने वार्षिक कार्यतालिकालाई व्यावहारिक रुपमा कार्यान्वयन गराउने,
ज. पालिका स्तरीय परीक्षालाई थप स्तरीय र विश्वसनीय बनाउने,
झ. प्रत्येक विद्यालयमा आवश्यक भौतिक निर्माणका लागि बजेट व्यवस्थापन गर्ने,
ञ. खुला आधारभूत विद्यालयको स्थापना गर्ने,
ट. पालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयलाई आर्थिक सहयोग गर्ने,
ठ. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय प्रवर्धन गर्ने,
ड. विद्यालयको दिवा खाजा कार्यक्रम र विद्यालय सरसफाई कार्यक्रमको अनुगमन गर्ने ,
ढ. कक्षा १- ३ मा एकीकृत पाठ्यक्रम अनुसार विद्यार्थीलाई व्यापार कुशल सीपको विकास गर्ने र अन्य कक्षाहरूमा कक्षागत र विषयगत सक्षमता पूरा गर्ने गरी शिक्षण गतिविधि सञ्चालन गर्ने,

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

झिमरुक गाउँपालिकाको १० वर्ष यस योजनाबाट निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ।

क. आधारभूत तहमा विद्यार्थी भर्नादर १०० पुगेको र विद्यालय छाड्ने र जिरो हुनेछ ।
ख. नेपालको संविधान २०७२ मा व्यवस्था गरिएको आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्ने कार्य पुरा भएको हुनेछ ।
ग. कक्षा ८ सम्म प्रविधिमैत्री कक्षाकोटाहरू १००% पुग्नेछन्।

घ. सबै विद्यालयमा बालमैत्री र अपाङ्ग मैत्री सुरक्षित भौतिक पूर्वाधार विकास भएको हुनेछ औसत सिकाई उपलब्धि.....................पुग्नेछ।

ङ. आधारभूत तहमा तालिम प्राप्त कुशल सहजकर्ताको भूमिका बहन गर्न सक्ने प्रविधिको ज्ञान भएका शिक्षकहरूको सङ्ख्या १०० प्रतिशत पुगेको हुनेछ

च. शिक्षक विद्यार्थी संख्या अनुपात झिमरुक गाउँपालिकाले तोके बमोजिम कायम हुनेछ ।

## नतिजा

### योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१ /८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | ४६ | | | | | |
| २ | आधारभूत तह मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५ | | | | | |
| ३ | आधारभूत तहमा तालिम प्राप्त शिक्षकको सँख्या | २०० | ८० | ६७ | १०० | | |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | ११ | ५ | ५ | ४ | ५ | १ |
| ४ | बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर | ९४.२ | ९४.५ | ९४.८ | ९५ | ९६ | ९७ |
| ५ | कक्षा ३ को सिकाइ उपलब्धि परीक्षण गर्ने विद्यालय सँख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ६ | बालमैत्री वसाई व्यवस्थापन विद्यालय सँख्या | ५ | ५ | ५ | १० | ५ | ५ |
| ७ | छापामय कक्षा कोठा भएका विद्यालय सँख्या | १० | ५ | ५ | ५ | ५ | ५ |
| ८ | कक्षा ५ मा सबै विषयमा कम्तीमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी | | | | | | १०० |
| ९ | कक्षा ८ मा सबै विषयमा कम्तीमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी | | | | | | |
| १० | विद्यालयमा खेलमैदान र बगैचा निर्माण | ३ | ५ | ५ | ५ | ५ | ५ |
| ११ | कक्षा ३, ५ र ८ मा भाषा र गणित विषयको औसत सिकाई उपलब्धि | | | | | | |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी भर्ना तथा निरन्तरता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | | | | | | | |
| ३ | मापदण्ड अनुसार प्र.अ. व्यवस्थापन | जना | ५ | १० | १० | १० | १० | ४५ | ५१ | |
| ४ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विव्यस, शि.अ.सं. का पदाधिकारीहरूको क्षमता विकास | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| ६ | शिक्षकको क्षमता विकास | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| ७ | विपन्न वर्गका विद्यार्थीको पोसाक, स्टेशनरीका लागि छात्रबृत्ति | जना | | | | | | | | |
| ८ | बालवालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | कक्षा कोठामा आधारित मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | अतिरिक्त क्रियाकलाप कार्यक्रम | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| ११ | बिषय शिक्षकहरुको सिकाइ समूहको बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| १२ | Wash सुविधा सहितको वालमैत्री, अपागमैत्री तथा छात्रामैत्री शौचालय निर्माण | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १३ | वालमैत्री, अपागमैत्री शौचालय मर्मत | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १४ | शुद्ध तथा बालमैत्री खानेपानी धारा भएका विद्यालय शुद्ध खानेपानीको व्यवस्था भएका विद्यालय | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १५ | कक्षाकोठा निर्माण | वटा | १ | २ | २ | २ | १ | ८ | १६ | |
| १६ | सुरक्षित खेलमैदान भएका विद्यालय | वटा | ६ | ६ | ६ | ६ | ६ | ३० | ४६ | |
| १७ | सूचना प्रविधिमा पहुँच पुगेका विद्यालय | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ | ८५ | १०० | |

## ३.३ माध्यमिक शिक्षा

विद्यालय शिक्षा संरचना अन्तर्गत उपल्लो तहको शिक्षा माध्यमिक शिक्षा हो। जुन तहमा कक्षा ९ देखि कक्षा १२ सम्म चार वर्षमा १३।१४ देखि १६।१७ वर्ष उमेर समूहका बालबलिकाले अध्ययन गर्ने तह हो। वर्तमान शिक्षा प्रणाली अन्तर्गत माध्यमिक शिक्षा साधारण, परम्परागत र धार्मिक तथा व्यावसायिक गरी तीन धारमा विभाजित छ । त्यसैगरी यो तहको शिक्षाले विद्यार्थीहरूमा ज्ञानको खोजी गरी सिकाई र वास्तविक जीवनबीच सम्बन्ध स्थापित गर्दछ। यो तहको शिक्षाको मूल उद्देश्य विद्यार्थीहरूलाई उच्च शिक्षा तथा श्रमको संसारमा प्रवेशको लागि तयार गर्नु हो । आधारभूत तह उत्तीर्ण विद्यार्थीहरु मध्ये कक्षा ९ मा भर्ना हुने दर र प्रतिशत बढ्दै गइरहेको देखिन्छ। माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरिसकेपछि विद्यार्थीहरू शैक्षिक बेरोजगार भएको देखिन्छ। जसको कारण विदेश पलायन हुने सम्भावना बढ्दै गइरहेको छ। अब बन्ने झिमरुक गाउँ शिक्षा योजनाले जीवन उपयोगी प्राविधिक व्यावसायिक तथा स्थानीय सीपहरुलाई संयोजन गरी अघि बढेमा मात्र झिमरुक गाउँपालिकाबाट उत्पादन भएका जनशक्तिले सभ्य र समतामूलक समाज निर्माणका लागि राज्यलाई योगदान पुर्याउन सक्दछ ।

### ३.३.१. वर्तमान अवस्था

हाल झिमरुक गाउँपालिकामा १२ वटा सामुदायिक र एक संस्थागत गरी जम्मा १३ माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । सामुदायिक र संस्थागत गरी कक्षा ९ देखि १२ सम्ममा ६३७ छात्रा र ५२३ छात्र गरी जम्मा ११६० जना विद्यार्थीहरु माध्यमिक तहमा अध्ययनरत छन्। विषयगत रुपमा शिक्षकहरूको दरबन्दी अभाव भएका कारण गुणस्तरीय माध्यमिक शिक्षाको सुनिश्चित गर्न समस्या रहेको छ। यस गाउँपालिकाको माध्यमिक

शिक्षाको तथ्याङ्कलाई तल तालिकामा हेर्न सकिन्छ झिम्रुक गाउँपालिका अन्तर्गत वि.स. २०८१ को सुरुवातसम्म प्रत्येक वडामा निम्न प्रकारका माध्यमिक विद्यालयहरू विद्यार्थी संख्या शिक्षक सङ्ख्या रहेको छ ।

| अवसर तथा सबल पक्षहरु | समस्या तथा चुनौतीहरु |
|---|---|
| क) प्रत्येक वडाहरुमा माध्यमिक विद्यालय सञ्चालन<br>ख) स्थानीय तहमा प्राविधिक धारको विद्यालयको पहुँच<br>ग) विज्ञान, व्यवस्थापन, शिक्षा र मानविकि धार सञ्चालित स्थानीय तह समेटने गरी पाँच वटा विद्यालय सञ्चालन<br>घ) मुख्य विषयका विषयगत जनशक्ति हुनु<br>ङ) विद्यालयमा पुस्तकालयको व्यवस्था हुनु ।<br>च) विद्यालयहरुमा इन्टरनेटको सुविधा उपलब्ध हुनु ।<br>छ) विपदको बेला तथा कोभिड महामारीको समयमा वैकल्पिक शिक्षण विधि अपनाइनु ।<br>ज) किशोरीहरुलाई सेनीटरी प्याड ,आइरन चक्की उपलब्ध गरिनु तथा स्वास्थ्य तथा पोषण ज्ञान ,महिला हिंशाबारे सचेतना अभियान संचालन । | क) विषयगत शिक्षक दरबन्दिको अभाव,<br>ख) पुस्तकालय, प्रयोगशाला आदिको अभाव,<br>ग) बालमैत्री तथा अपा·मैत्री संरचनाको अभाव,<br>घ) आफ्नै क्षेत्रमा सम्बन्धित तहका विद्यार्थी रोक्न नसक्नु,<br>ङ) बाल विवाह रोक्न,<br>च) विद्यार्थीको टिकाउदर बढाउनु,<br>छ) सरकारी लगानीको बृद्धि गर्न ,<br>ज) अभिभावकको विद्यालय प्रति अपनत्वमा बढाउन, |

माध्यमिक विद्यालयहरू र सञ्चालित कक्षा

| क्र.स. | वडा नम्बर | विद्यालय संख्या र प्रकार | विद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ सामुदायिक | श्री अमर सिंह मावि सौतामारे | प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म |
| २ | २ | १ सामुदायिक<br>१ सामुदायिक | श्री बलभद्र मा वि सिलिङ्गे<br>श्री सर्वोदय मा वि गडेरपानी | प्रारम्भिक बाल विकास देखि कक्षा १२ सम्म<br>प्रारम्भिक बालविकासदे खि कक्षा १२ सम्म |
| ३ | ३ | १ सामुदायिक | श्री प्रभात मा वि आहाल खोला | प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म |
| ४ | ४ | १ सामुदायिक | श्री लक्ष्मी मा वि बाङ्गेमरोड | प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म |
| ५ | ५ | १ सामुदायिक<br>१ सामुदायिक<br>१ संस्थागत | श्री बाल शिक्षा मा वि मच्छि<br>श्री नेपाल राष्ट्रिय मा वि हिरापोखरी<br>गौमुखी अंग्रेजी स्कुल मच्छि | प्रारम्भिक बाल विकास देखि कक्षा १२ सम्म<br>प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म<br>प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म |
| ६ | ६ | १ सामुदायिक<br>१ सामुदायिक | श्री चिरायु मावि चिसाबाङ<br>श्री नेपाल राष्ट्रिय मा वि मर्काबाङ | प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म<br>प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म |
| ७ | ७ | १ सामुदायिक<br>१ सामुदायिक | श्री सत्य मा वि तुषारा<br>श्री सीता मा वि कुता | प्रारम्भिक बाल विकास देखि कक्षा १२ सम्म<br>प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म |
| ८ | ८ | १ सामुदायिक | श्री जनता मा वि टिम्मुरचौर | प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म |

### ३.३.२ उद्देश्य

माध्यमिक शिक्षा तहसँग सम्बन्धित झिमरुक गाउँपालिकाले तय गरेका उद्देश्यहरूः-
१) माध्यमिक तहमा भर्ना हुने सम्पूर्ण बालबालिकालाई निःशुल्क एवम गुणस्तरीय शिक्षा प्रदान गर्नु,
२) माध्यमिक तहको शैक्षिक एवम भौतिक वातावरणलाई समावेशी समतामूलक बालमैत्री र सुरक्षित बनाउनु,
३) कक्षा १० र १२ को अन्तिम परीक्षाको नतिजालाई सुधार गरी कक्षा ९ र ११ मा संख्या बढाउनु,
४) शिक्षक एवं कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्नु,
५) विद्यालय व्यवस्थापन एवद प्रशासनलाई पारदर्शी जवाफदेही सबल सक्षम बनाई सुशासन कायम गर्नु,
६) समुदाय एवं अभिभावकलाई विद्यालय र बाल बालबालिकाप्रति जिम्मेवार बनाउनु,

### ३.३.३ रणनीति

माध्यमिक तहको शिक्षाले तय गरेका उद्देश्यहरू पूर्ति गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गर्न सकिनेछ।
१) आधारभूत तह उत्तीर्ण बालबालिकालाई भर्ना गरी विद्यालयमा टिकाइ राख्न विभिन्न कार्यक्रमहरु ल्याउने
२) विद्यालयमा आउन नसक्ने बालबालिकाहरूलाई वैकल्पिक माध्यमबाट सिकाई हुने स्थानमा पहुँच पुर्याउने
३) गाउँपालिका भित्र रहेका असहाय तथा अनाथ बालबालिकाहरुलाई छात्रवासको व्यवस्था गरी सम्पूर्ण सुविधा सहित माध्यमिक तहको शिक्षा उपलब्ध गराउने,
४) भवन एवं संरचना निर्माण गर्दा बालमैत्री तथा अपाङ्ग मैत्री बनाउने,
५) सम्पूर्ण माध्यमिक विद्यालयहरूमा प्रविधिमैत्री र प्रयोगशाला मैत्री निर्माण,
६) मूल्याङ्कन पछि शिक्षक तथा विद्यार्थीहरूलाई नियमित पृष्ठपोषण दिने,
७) विषयगत शिक्षकलाई तालिम सेमिनार गोष्ठी साथै आवश्यक परेमा क्षेत्रभ्रमण कार्यक्रम भ्रमण कार्यक्रम गर्ने
८) कक्षागत रूपमा विषयगत दक्ष शिक्षकहरूको व्यवस्था गर्ने,
९) माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुलाई शिक्षण सिकाइमा भन्दा व्यवस्थापकीय जिम्मेवारीमा अग्रसर बनाउने
१०) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई तालिमको व्यवस्था गर्ने,
११) समुदाय तथा अभिभावकहरुलाई अभिभावक शिक्षा सञ्चालन गर्ने,
१२ विद्यालयमा हुने क्रियाकलापप्रति अभिभावकलाई सक्रिय बनाउने,
१३ विभिन्न प्राकृतिक प्रकोप, विपत्ति, महामारी तथा जलवायु परिवर्तनको असरबारे सिकाउने,
१४ माध्यमिक तहमा विज्ञान, अङ्ग्रेजी, गणितको शिक्षकको अभाव हटाउन कक्षा ११ -१२ मा ती विषयहरू अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने,
१५ विद्यार्थीहरूलाई आत्मसम्मान र नैतिक शिक्षाको बारेमा ज्ञान दिने कार्यक्रम बनाई लागू गर्ने,

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा
**उपलब्धि**

झिमरुक गाउँ शिक्षा योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू
१) कक्षा आठ उत्तीर्ण सबै बालबालिकाहरू कक्षा -९ मा भर्ना भई माध्यमिक तह पूरा गरेका हुनेछन् ।
२) कक्षा १० उत्तीर्ण गरी जिल्ला बाहिर जाने विद्यार्थीहरूको संख्या न्यून हुनेछ।
३) सिकाई उपलब्धि नतिजा प्रतिशत पुगेको हुनेछ।
४) झिमरुक गाउँपालिका माध्यमिक शिक्षाको लागि शैक्षिक केन्द्रको रूपमा विकास भएको हुनेछ।
५) कक्षा छाड्ने दर मा झरेको हुनेछ।

६) प्राविधिक विषयहरूको पठनपाठन हुने विद्यालयको संख्या बढेको हुनेछ।

**नतिजा**

**झिमरुक गाउँ शिक्षा योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्साङ्कन पुनःवितरण तथा समायोजन | | | | | | |
| २ | माध्यमिक तह ९ १० मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | | | | | |
| ३ | माध्यमिक तह ९ १० मा तालिम प्राप्त शिक्षकको संख्या | | | | | | |
| ४ | न्यूनतम सिकाई सबलीकरण मापदण्ड पुरा गरेका माध्यमिक तहका विद्यार्थी संख्या | | | | | | |
| ४ | कक्षा १० मा सबै विषयमा कम्तिमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी सख्या | | | | | | |
| ५ | कक्षा १२ मा सबै विषयमा कम्तिमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी | | | | | | |
| ६ | अति विपन्न र सिमान्तकृत बालबालिकाहरूलाई थप छात्रवृत्ति आवासीय प्रबन्ध लगायतको कार्यक्रमहरू सञ्चालन गर्ने | | | | | | |
| ७ | मापदण्ड अनुसार विषयगत शिक्षक व्यवस्था | | | | | | |
| ८ | कक्षा ११ १२ मा विद्यार्थीहरूको अध्ययन गर्ने दर बढाउने | | | | | | |
| ९ | विद्यालय भवन एवं संरचना निर्माण तथा मर्मत पुनर्निर्माण गर्दा बालमैत्री अपाङ्ग मैत्री तथा छात्रामैत्री बनाउने | | | | | | |
| १० | | | | | | | |

# ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | | |
| २ | मापदण्ड अनुसार प्रधानाध्यापक व्यवस्थापन | जना | | | | | | | | |
| ३ | विभिन्न प्राकृतिक प्रकोपमा सिकाइ | पटक | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहजीकरण | | | | | | | | | |
| ४ | विव्यस, शि.अ.सं. का पदाधिकारीहरूको क्षमता विकास | जना | | | | | | | | |
| ५ | शिक्षकको क्षमता विकास कार्यक्रम | जना | | | | | | | | |
| ६ | विपन्न वर्ग, फरक पहिचान भएका विद्यार्थीकालागि बिशेष छात्रबृत्ति | जना | | | | | | | | |
| ७ | बालवालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | | | | | | | | |
| ८ | संस्थागत माध्यमिक विद्यालयहरुको अनुगमन, सुपरिवेक्षण | पटक | | | | | | | | |
| ९ | अतिरिक्त क्रियाकलाप सचालन | पटक | | | | | | | | |
| १० | बिषय शिक्षकहरुको सिकाइ समूहको बैठक | पटक | | | | | | | | |
| ११ | Wash सुविधा सहितको वालमैत्री, अपागमैत्री तथा छात्रामैत्री शौचालय निर्माण | वटा | | | | | | | | |
| १२ | वालमैत्री, अपागमैत्री शौचालय मर्मत | वटा | | | | | | | | |
| १३ | शुद्ध खानेपानीको व्यवस्था भएका विद्यालय | वटा | | | | | | | | |
| १३ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग भएका विद्यालय | | | | | | | | | |
| १४ | सुरक्षित खेलमैदान भएका विद्यालय | | | | | | | | | |
| १५ | विपत् न्यूनीकरण तथा व्यवस्थापनका लागि पूर्व तयारी तथा अभ्यास | पटक | | | | | | | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम

प्राविधिक तथा व्यावसायिक तालिम आजको आवश्यकता हो। यस झिमरुक गाउँपालिकामा हाल एउटा मात्र प्राविधिक शिक्षा सञ्चालनमा आएको छ। जुन झिमरुक गाउँपालिकाका केन्द्रमा रहेको भौतिक साधन तथा स्रोतले सम्पन्न विद्यालय श्री बाल शिक्षा माविमा रहेको छ। जहाँ ९ कक्षादेखि १२ कक्षासम्मको सिभिल इन्जिनियरिङको पठनपाठन हुँदै आएको छ। कक्षा १२ उत्तीर्ण भइसकेपछि यसै गाउँपालिका वा अन्य गाउँपालिकामा वडा कार्यालयमा मध्यम स्तरको जनशक्तिको रुपमा सेवा गर्ने अनुकूल वातावरण मिल्न सक्छ ।त्यसैगरी हाम्रो गाउँपालिकामा कृषि प्राविधिक कक्षा ९ देखि कक्षा १२ सम्म वनप्राविधिक कक्षा ९-१२ स्वास्थ्य प्राविधिक सीएमए, फार्मेसी, ल्याब हेल्थ, असिस्टेन्ट, कम्प्युटर प्राविधिक ९-१२ कक्षाहरू सञ्चालन गरी झिमरुक गाउँपालिका भित्र र अन्य गाउँपालिकाहरूमा समेत आवश्यक पर्ने जनशक्तिलाई सेवा गर्ने अवसर दिई यो गाउँपालिकाको मुहारलाई परिवर्तन गर्न सकिन्छ। सिटिइभिटिबाट पनि धेरै विद्यार्थीहरूले प्राविधिक ज्ञान सिप हासिल गरी रोजगारमूलक क्षेत्रमा सेवा गर्दै आएका देखेका छौं प्राविधिक शिक्षा सिपमूलक शिक्षा भएकाले अध्ययन कार्य सकेपछि व्यावसायिक रुपले आफैले व्यवसायी सञ्चालन गर्न सक्छन् । त्यसैगरी झिमरुक गापा आयुर्वेदिक औषधि तथा जडीबुटीहरू प्रशस्त प्राप्त गर्न सकिने गाउँपालिका हो। भविष्यमा आयुर्वेद तथा जडीबुटी अध्ययन केन्द्र सञ्चालन गरेर यो पुरानो चिकित्सा विज्ञानलाई पूर्ण जीवित दिन सकिन्छ । त्यसैगरी योग ध्यान आहार विज्ञान जीवन विज्ञान जस्ता महत्वपूर्ण विषयहरूलाई पनि तालिमको रुपमा समावेश गरी पूर्णरुपमा मानसिक शारीरिक सामाजिक र आध्यात्मिक रुपले स्वस्थ बन्ने कला सिकाउन सकिन्छ। यसको साथै विद्यालय शिक्षामा अतिरिक्त कक्षाको रूपमा पलमिङ वायरिङ मेकानिक्स कपाल कटाई सिलाई कटाई नृत्य संगीत चित्रकला हस्तकला बाँस निगालाबाट निर्माण हुने विभिन्न कुराहरू बनाउने सीप कला काठका सामग्री बनाउने कला आदिलाई समावेश गर्ने हो भने कुनै पनि विद्यार्थी १२ कक्षा पछि बेरोजगार भएर बस्नु पर्दैन ।

अत १० वर्षीय शिक्षाको योजनामा यी र यस्तै प्रकारका सीपमूलक कक्षा एवं तालिम सञ्चालन हुनेछन्। भविष्यका विद्यार्थीहरू कुनै न कुनै सिपमा दक्ष भई व्यावसायिक क्षेत्रमा उत्पादनमूलक र सिर्जनशील कार्यमा

सक्षम हुनेछन् । नेपालमा प्राविधिक ज्ञान सिपको आवश्यकताको महसुस गरी ई स १९८९ विक्रम सम्वत २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्थापना भएको हो। राज्यमा प्राविधिक जनशक्तिको अत्याधिक उत्पादन गरी कृषि क्षेत्रमा राज्यलाई आत्म निर्भर बनाउने नीति ल्याउन जरुरी छ। प्राविधिक तथा व्यावसायिक शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान शिक्षा ऐन २०२८ र उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक र व्यावसायिक विषयलाई विद्यालय तहको पाठ्यक्रममा जोडेको छ। धेरैभन्दा धेरै विद्यार्थीहरूलाई प्राविधिक तथा सीपमूलक ज्ञान प्रदान गरी व्यावसायिकमुखी बनाउने योजना तथा नीति छ । त्यसैगरी हाम्रो झिमरुक गाउँपालिका पनि प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम प्रदान गर्ने दिशामा योजनाबद्ध ढंगले अगाडि बढ्नेछ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा सिपमूलक ज्ञानसँग सम्बन्धित विषय हो। जसले रोजगारीको लागि मार्ग प्रशस्त गर्दछ। प्राविधिक शिक्षामा औपचारिक एवं अनौपचारिक दुवै शिक्षा पर्दछन् । जसले व्यक्तिलाई ज्ञानसिप प्राप्त गरेपछि खाली बस्नु पर्दैन आयआर्जनको ढोका खुल्दै जान्छ। युनेस्कोले शिक्षालाई विकासको ढोका र प्राविधिक शिक्षालाई विकासको मूल ढोकाको रुपमा परिभाषित गरेको छ। सिपयुक्त नेपाल समृद्ध जनता यो नारा प्राविधिक तथा व्यावसायिक तालिम परिषदको हो। जसले प्राविधिक शिक्षाको महत्वलाई प्रकाश पारेको छ। झिमरुक गाउँपालिकाको श्री बाल शिक्षा माविमा शिक्षा तथा मानव विकासको स्वीकृतिमा सर्वप्रथम २०७६ सालमा सिविल इन्जिनियरिङ तर्फको पठनपाठनको लागि कक्षा ९ स्वीकृत गरिएको थियो। त्यसैगरी २०७७ मा १० कक्षा २०७८ मा ११ कक्षा र २०७९ मा कक्षा १२ को कक्षा सञ्चालन भएको थियो । हालसम्म दुईवटा ब्याजले सिभिल इन्जिनियरिङ कक्षा पूरा गरिसकेका छन् । पहिलो ब्याजमा २५ जना विद्यार्थी उत्तीर्ण भएका थिए। केही विद्यार्थीहरूले उच्च बिइको अध्ययन गर्दै आइरहेका छन् भने केही विद्यार्थीहरु उच्च शिक्षामा अध्ययन गरिरहेका छन्।

श्री सत्य मावि मा ऐच्छिक द्वितीय विषयको रूपमा कम्प्युटर शिक्षाको अध्यापन कार्य हुँदै आएको छ। जसले आजको कम्प्युटरको युगमा विद्यार्थीहरूलाई केही न केही कम्प्युटरको ज्ञान प्राप्त गर्ने अवसर प्राप्त भएको छ। त्यसैगरी श्री प्रभात माविमा ऐच्छिक द्वितीय विषयको रुपमा कृषि विषयको अध्यापन कार्य हुँदै आएको छ। जसले कृषिको राम्रो ज्ञान लिई आफ्नो घरको करेसाबारी वा खेतबारीमा तरकारी फलफुल अन्न उत्पादन दुग्ध उत्पादन गर्ने केही न केही ज्ञान हासिल गर्न सक्छन् ।अन्य धेरै विद्यालयहरूमा दोस्रो पत्रका रूपमा शिक्षा स्वास्थ्य लेखा जस्ता विषयहरूको अध्यापन हुने गरेको छ। झिमरुक गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि ठूलो सम्भावना बोकेको गाउँपालिका हो। अत यो १० वर्षको अवधिमा प्राविधिक तथा सीपमूलक जनशक्ति उत्पादन गर्ने त्यसलाई तालिम दिने र रोजगारमुखी जनशक्ति तयार गर्न सकिने बलियो आधार भएकाले यसको बारेमा सम्बन्धित निकाय सरोकार वाला निकाय विद्यालय प्रशासक विद्यालय व्यवस्थापन समिति अध्यक्ष वा पुरै टिमले गम्भीर भएर सोच्ने छ र सिर्जनशील उत्पादनमूलक शिपमूलक जनशक्ति उत्पादन दिशामा अगाडि बढ्नेछ।

| **अवसर तथा सबल पक्षहरु** | **समस्या तथा चुनौतीहरु** |
|---|---|

| | |
|---|---|
| क) सिभिल इन्जिनियरीङ तर्फ २५ जना विद्यार्थीहरुको प्राविधिक सिप विकास भएको,<br>ख) आत्म निर्भरता उच्च शिक्षाको अवसर,<br>ग) जीवन यापनमा सहजता,<br>घ) व्यवहारिक ज्ञान र दक्षतामा अभिवृद्धि,,<br>ङ) नविनतम प्रविधिको खोज तथा अनुसन्धानमा वृद्धि,<br>च) व्यवसायिक प्रयोग,<br>छ) समय र श्रमको बचत, | क) प्राविधिक धार तर्फका दक्ष शिक्षकहरुको दिर्घकालिन टिकाउनको अभाव,<br>ख) प्राविधिक ल्याव तथा क्ष्ऋल्यावका उपकरणहरुको अभाव,<br>ग) उत्पादित जनशक्तिलाई स्थानीय सरकारले स्वरोजगारको अवसर प्रदान गर्ने,<br>घ) योग्यता अनुसार मूल्य नपाउनु,<br>ङ) सक्षम जनशक्ति उत्पादन गर्न स्थानीय सरकारको कम चासो, |

### ३.४.२ उद्देश्य

क. प्राविधिक शिक्षामा सीमान्तकृत र समावेशी समूहका बालबालिकाहरूको पहुँचलाई अभिवृद्धि गर्ने अवसरहरु सुनिश्चित गर्ने,

ख. प्राविधिक ज्ञान सीप दक्षता योग्यता भएको जनशक्तिलाई गाउँपालिकाभित्र नै सम्भाव्य क्षेत्रमा रोजगारका अवसरहरु सिर्जना गरी अवसर उपलब्ध गराउने,

ग. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न दक्ष अनुभवी र योग्य प्रशिक्षकहरू नियुक्ति गर्ने,

घ, प्राविधिक धार सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको संस्थागत क्षमता वृद्धि गर्न मापदण्ड तय गर्ने,

### ३.४.३ रणनीति

माथि उल्लेखित उद्देश्य प्राप्ति गर्न झिमरुक गाउँपालिकाले तपसिल कारण नीतिहरू अवलम्बन गर्नेछ।

- क. झिमरुक गाउँपालिका भित्रको एउटा मात्र प्राविधिक विद्यालयलाई प्रविधि सम्बन्धी रुचि राख्ने विद्यार्थीहरूको आकर्षणको केन्द्र बनाउने,
- ख. प्राविधिक शिक्षामा सबै जात, वर्ग, लिङ्गका बालबालिका पहुँच अभिवृद्धि गर्ने,
- ग. राष्ट्रिय स्तरमा बालबालिकाहरूको दक्षता अभिवृद्धि गर्न थप तालिम अवलोकन भ्रमण शैक्षिक भ्रमण र विद्यार्थी केन्द्रित कार्यक्रमहरूमा जोड दिने,
- घ. प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीहरुलाई आकर्षण गर्न छात्रवृत्तिको व्यवस्था आइसिटी ल्याबको प्रयोग र उत्प्रेरणा दिने,
- ङ. प्रविधिलाई श्रम बजारसित जोड्ने,
- च. पठनपाठनलाई थप रोचक बनाउन ल्याब प्रयोगशालाको व्यवस्था गर्ने र सिर्जनशीलता नविनतम अनुसन्धानका कार्यमा उचित निर्देशन सल्लाह र सुझाव दिने,
- छ. दक्ष योग्य र अनुभवी प्रशिक्षकहरूको नियुक्ति गर्ने,
- ज. अन्य विद्यालयहरूमा पनि प्राविधिकधार कृषि वन स्वास्थ्य आयुर्वेद आदिको सञ्चालन गर्न प्रेरित गर्ने,

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

उपलब्धि योजनाको कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धि निम्न अनुसार हुनेछन्

- क. स्थानीय स्रोत साधनको अत्यधिक प्रयोग गरी प्राविधिक शिक्षाको विस्तार गर्ने र झिम्रुक गाउँपालिकाभित्र मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन हुनेछन्।

ख. यस योजनाको अन्तिममा प्राविधिक शिक्षामा सबै वर्ग जाति धर्म लिङ्ग समुदायका बालबालिका
ग. प्राविधिक तथा व्यावसायिक शिक्षा पूरा गरेका विद्यार्थीहरूले स्थानीय र अन्य क्षेत्रमा समेत रोजगारीको अवसर प्राप्त गरेका हुनेछन्।
घ. स्थानीय तहमा कृषि वन स्वास्थ्य अनमी आयुर्वेद जस्ता धारमा विद्यालय सञ्चालन भई विद्यार्थीहरुका आकर्षण बढ्नेछन्।
ङ. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको महत्त्व बढ्न गई ती क्षेत्रको गुणस्तर वृद्धि र सान्दर्भिकतामा आजको आवश्यकताको महसुस हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | ४ | | | | | |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | | | | | | |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम पूरा गर्नेको सङ्ख्या | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त जनशक्तिले रोजगार प्राप्त गर्ने सङ्ख्या | | | | | | |
| ५ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त जनशक्ति रोजगार हुने सङ्ख्या | | | | | | |
| | | | | | | | |

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू तलको तालिकामा दिइएको छ

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने विद्यालय छनोट र स्वीकृति प्रदान | | | | | | | | | |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | | | | | | | | | |
| ३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | | | | | | | | | |
| ४ | विद्यार्थी भर्ना नीति निर्माण तथा भर्नाकोटा निर्धारण | | | | | | | | | |
| ५ | विद्यार्थीका लागि छात्रवृत्तिको अवसर | | | | | | | | | |
| ६ | ............... | | | | | | | | | |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

कुनै पनि क्षेत्रको विकासका लागि शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ। सिकाई मानव जीवनको जन्म देखि मृत्यु सम्म चलिरहने निरन्तर प्रक्रिया हो। शिक्षालाई औपचारिक घेरामा मात्र सीमित राखिनु हुँदैन। नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । मानव जीवनमा औपचारिक शिक्षाको जति महत्त्व छ त्यति नै अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्व हुन्छ। औपचारिक शिक्षाबाट वञ्चित हुन पुगेका वा पहुँच नपुगेका बालबालिका तथा प्रौदहरूलाई शिक्षामा पहुँच विस्तार गर्न र जीविकोपार्जनमा सहयोग पुर्याउन अनौपचारिक शिक्षाको महत्वपूर्ण योगदान रहेको छ। शिक्षा भनेको जीवनको लगानी हो । लगानीपछि मान्छेले शिक्षालाई उपयोग गर्ने काम गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाईका अवसर प्रदान गरी शिक्षालाई सिप र आम्दानीसँग जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर खुल्ला एव जीवन पर्यन्त

शिक्षाले काम गर्दछ। संविधानले सुनिश्चित गरेको राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त दिगो विकासका लक्ष्य तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ ।

### ३.५.१ वर्तमान अवस्था

शिक्षा पाउने आम नागरिकको संवैधानिक अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो। दिगो विकास लक्ष्य प्राप्ति मानव अधिकार तथा बालअधिकारमा आधारित अन्तर्राष्ट्रिय महासन्धि तथा बाल अधिकारमा आधारित अन्तर्राष्ट्रिय महासन्धि तथा अधि सन्धिमा नेपालले जनाएका प्रतिबद्धता पूरा गर्नुपर्ने अवस्था रहेको छ। यसका लागि औपचारिक अनौपचारिक तथा आजीवन सिकाईलाई थप व्यवस्थित गर्नुपर्ने हुन्छ अनौपचारिक शिक्षा तथा आजीवन सिकाईसँग सम्बन्धित विद्यमान कानुन नीति योजना तथा कार्यक्रममा भएको प्रावधानलाई तल संक्षिप्त उल्लेख गरिएको छ । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा परिभाषित गर्दै आधारभूत शिक्षामा सबै नागरिकको पहुँचको विस्तार आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क माध्यमिक तहको शिक्षा निःशुल्क भनी घोषणा गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६, योजना राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम २०८० को उद्देश्य विधि तथा प्रक्रिया अवलम्बन गरी एकताका साथ शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने रहेको छ। औपचारिक शिक्षाबाट अनेकौं व्यावहारिक शिक्षामा प्रवेशको अवसर खुल्ला गर्ने उद्देश्य क्षेत्र योजना २०२१ देखि २०३० मा सबै नागरिकका लागि साक्षरता निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ। दिगो विकास लक्ष्यले पनि सन् २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरुष पढऔ साक्षरता र गणितीय सिप हासिल गरेको सुनिश्चित गर्ने लक्ष्य चारमा समावेश गरेको छ । त्यसैगरी नागरिकलाई न्यूनतम साक्षरताको अवसर प्रदान गर्ने साक्षर नेपाल वर्ष २०७६ को अवधारणा पत्रमा उल्लेख गरेको अवस्थामा हाम्रो झिमरुक गाउँपालिकाले पनि सो अनुरूपका कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्नेछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाईको व्यवस्थापन अन्तर्गत संरचना लगानी अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ ।

| **अवसर तथा सबल पक्षहरु** | **समस्या तथा चुनौतीहरु** |
|---|---|
| क) स्थानीय तहमा रहेका २ वटा सिकाई केन्द्रबाट औपचारीक शिक्षा हासिल गर्न नसकेका व्यक्तिहरुले स्वः अध्ययन मार्फत ज्ञान आर्जन गर्न पाएका,<br><br>ख) फुर्सदको समयलाई सदुपयोग गरि सिकाइ केन्द्रमा गई रुचि अनुसारको ज्ञान सीप आर्जन गर्न पाइएको,<br><br>ग) पौढहरु जम्मा भई स्लोक भन्ने कथाहरु वाचन गर्ने हुदा उपस्थित अन्य लाई ज्ञान प्राप्त हुने,<br><br>घ) आफ्नो आवश्यकता र रुचि अनुसारको पुस्तक घरमै लगेर अध्ययन गर्न मिलेको,<br><br>ङ) दैनिक व्यवहार कौशल सीपको विकासमा प्रत्यक्ष टेवा पुगेको, | क) स्थानीय तहमा आवश्यक मात्रामा सिकाई केन्द्रको सञ्चालन नगरीएको,<br><br>ख) औपचारिक शिक्षा हासिल गर्ने विद्यालयलाई जस्तै सिकाइ केन्द्रलाई प्राथमिकतामा नराखिएको,<br><br>ग) रुचि र चाहाना अनुसारको पुस्तकहरु पठ्न सामग्रीहरु उपलब्ध गराउन नसकेको , |

### ३.५.२ उद्देश्य

यस योजनाले निरन्तर शिक्षा अनौपचारिक शिक्षा जीवनपर्यन्त  सिकाइ र शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छ।

१) निरक्षरताको संख्या कम,

२) गर्नु आवश्यकता अनुसार अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गर्न,

३)  विभिन्न कारणले विद्यालय बाहिर रहेका र बीचैमा विद्यालय छोडेका बालबालिकालाई वैकल्पिक सिकाई गर्न प्रेरित गर्न,

४) सामुदायिक सिकाइकेन्द्र विस्तार,

५) गर्नु अनौपचारिक शिक्षा सम्बन्धी घुम्ती शिविर चलाउन,

### ३.५. ३ रणनीति

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि झिमरुक गाउँपालिकाले निम्न अनुसारका रणनीतिहरु अपनाउनेछ।

१)  निरक्षर व्यक्तिहरुलाई साक्षर हुने अवसर प्रदान गर्ने,

२)  अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम चलाउने संघ संस्थाबीच समन्वय गर्ने,

३)  स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने,

४)  सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने,

५)  पालिका स्तरमा मेलखाने सामूहिक तरकारी खेती बिरुवा लगाउने जस्ता अभियान चलाउने,

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू यस प्रकार हुनेछन्।

१)  पालिकाभित्र रहेका हरेक वडाको समुदायका निरक्षर नागरिकहरू साक्षर भई अनौपचारिक सिकाईका अवसर प्राप्त गरेका हुनेछन् ।

२) सामूहिक खेती पशुपालन जस्ता कार्यबाट आयआर्जन गर्नेको संख्यामा वृद्धि भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

**योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक पुस्तकालयको संख्या | | | | | | |
| २ | आधारभूत मापदण्ड पूरा गरेका सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ५ | | | | | |
| ३ | समुदाय र सामुदायिक केन्द्रको सम्बन्ध बढाउने | ६ | | | | | |
| ४ | समुदायसँग सामूहिक खेती सम्बन्धी छलफल अन्तरक्रिया गर्ने | | | | | | |
| ५ | अनौपचारिक शिक्षाको बारेमा ज्ञान भएका र शिक्षा प्राप्त गरेका व्यक्तिको बारेमा छलफल गर्ने | | | | | | |

## ३. ५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरुः-

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन | पटक | | | | | | | | |
| २ | सीपको प्रमाणीकरण | कक्षा | | | | | | | | |
| ३ | सामुदायिक अध्ययन केन्द्रको संख्या | वटा | | | | | | | | |
| ४ | आय आर्जन कार्यक्रम गर्नेहरुको संख्या | जना | | | | | | | | |

### ३.५.२ उद्देश्य

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छः

१) निरक्षरताको अवस्थामा रहेको जनसंख्यालाई साक्षर बनाउनु
२) आवश्यकताअनुसार उक्त जनसंख्यालाई प्राज्ञिक तथा व्यवहारिक ज्ञान, सीपर सूचना प्रदान गर्ने गरी अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गर्नु।
३) हाल नगरपालिका क्षेत्रमा रहेका सामुदायिक सिकाइ केन्द्रलाई विद्यालयको आधारशिलाको रुपमा विकास गर्नु।
४) निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गर्नु।
५) विभिन्न कारणले विद्यालय बाहिर रहेका र बीचैमा विद्यालय छोडेका बालबालिकाहरूलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गर्न प्रेरित गर्नु।
६) सामुदायिक सिकाइ केन्द्रको विस्तार गर्नु।

### ३.५.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि प्यूठान नगरपालिकाले तपसिलका रणनीतिहरु अपनाउनेछ।

क) निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने।
ख) पालिकाले प्रचलित ऐन कानूनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने।
ग) सिकाइ केन्द्रको पदाधिकारीलाई सार्वजनिक शिक्षा केन्द्र सञ्चालन गर्नकालागि क्षमता अभिवृद्धि गर्ने
घ) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने।
ङ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम संचालन गर्ने संघ संस्थावीच समन्वय गर्ने।
च) निरन्तर, जीवनपर्यन्त र खुला शिक्षाका कार्यक्रम आयोजना गर्ने।
छ) स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने।
ज) सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने।
झ) सामूहिक तरकारी खेती, बत्ती कात्नेतालिम, सरसफाइ अभियान, आफ्नो टोल वस्तीमा पुष्प रोपण जस्ता अभियान सञ्चालन गर्ने।

ञ) सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने र सो माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी प्रमाणपत्रको व्यवस्था मिलाउने ।

## ३.५. ४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछन् ।

क) हरेक वडाको समुदायका सबै निरक्षर नागरिकहरु साक्षर भई निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त गरेका हुनेछन ।

ख) बीचैमा विद्यालय छोडेका विद्यार्थीहरु मध्ये३० प्रतिशतले खुला विद्यालय मार्फत अध्ययन गरेका हुनेछन ।

ग) सामुहिक तरकारी खेती, पशुपालन लगायतका कार्यबाट आय आर्जन गर्नेहरुको संख्या ३० प्रतिशतले वृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता नभएका व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने | | | | | | |
| २ | आधारभूत सुविधा सहितको सामुदायिक सिकाइ केन्द्रको संख्या | ५ | | | | | |
| ३ | सामुदायिक पुस्तकालयको संख्या | ६ | | | | | |
| ४ | निरन्तर, जीवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने | | | | | | |
| ५ | लक्षित समूहका प्रौढ हरूलाई जीवनोपयोगी सीपको विकास गरी सिकाइमा सहयोग गर्ने | | | | | | |
| ६ | स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने | | | | | | |
| ७ | अभिभावकहरु सगसगै अभियान मार्फत सबैलाई विद्यालय शिक्षामा सहभागी गराउने | | | | | | |

## ३. ५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | | | | | | | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम | कक्षा | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन | | | | | | | | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | वटा | | | | | | | | |
| ४ | आय आर्जन कार्यक्रम गर्नेहरुको संख्या | जना | | | | | | | | |
| ५ | सिपको प्रमाणीकरण | जना | | | | | | | | |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार तथा शैक्षिक क्षेत्रको मूल दस्तावेज भनेको पाठ्यक्रम हो। यसमा शिक्षाका उद्देश्यहरु, विद्यार्थीहरुका रुचि र उमेरअनुसारको स्तरयुक्त, समसामयिक, वैज्ञानिक तथा प्रभावकारी विषयवस्तुका साथै विषयवस्तुलाई प्रभावकारीपूर्ण ढंगले शिक्षण गर्ने उपयुक्त शिक्षण विधि र प्रविधि, सामग्री, प्रक्रिया र मूलयांकन प्रविधिसमेत निर्धारित हुन्छ । निश्चित शैक्षिक उद्देश्यहरु प्राप्त गर्न सिकाई अनुभवहरु छनोट गर्ने, संगठित गर्ने र यी उद्देश्यहरु पुरा भएको वा नभएको मूल्याङ्कन गर्ने योजनाका रुपमा पाठ्याक्रमलाई लिन सकिन्छ । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभएर विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात्  किन पढाउनेरु के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेका वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो।

पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक शिक्षक निर्देशिका लगायतका सिकाई सामग्रीहरू तयार गरिन्छ। शिक्षण सिकाई क्रियाकलापलाई मार्ग प्रशस्त गर्ने महत्वपूर्ण दस्तावेजका रुपमा विद्यालय शिक्षाको आधार स्तम्भ पाठ्यक्रम हो ।पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभै सकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र  विकल्पका रुपमा पाठ्यक्रमलाई लिन सकिन्छ। जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेका पाठ्यक्रम विकासका आधारभूत सिद्धान्तलाई ख्याल गर्दै पाठ्यक्रम सामुहिक र प्रभावकारी बनाइरहनुका लागि आवश्यक नीतिहरू तर्जुमा गरिरहनु पर्ने हुन्छ । अपेक्षित पाठ्यक्रम कार्यान्वित पाठ्यक्रम र सिकिएका पाठ्यक्रमलाई तालमेल गर्न आवश्यक सीप र दक्षताको विकास गर्नुपर्ने हुन्छ।  साथै पाठ्यक्रमले पुर्खौली ज्ञान  सिप र प्रविधिको उपयोग गरी वर्तमान विश्व परिपेक्षमा विकसित सूचना तथा प्रविधिसँग प्रतिस्पर्धा गर्न सक्ने  सीपको समेत खोजी गर्न सक्नु पर्छ। मूल्याङ्कन पद्धतिमा विविधता ल्याई बालकको सिकाई स्तर सुनिश्चित गर्नुपर्द।  मानवीय आवश्यकता बालबालिकाको रुचि सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञानका क्षेत्रलाई समेट्ने खालको गतिशील र लचिलो पाठ्यक्रम विकास गरिनुपर्छ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

नेपालमा **वि.सं.** २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा **वि.सं.** २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो। यसै क्रममा **वि.सं.** २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षकको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी **वि.सं.** २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने **वि.सं.** २०८० मा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ मा यो पाठ्यक्रम कार्यान्वयन भएको छ।
हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ। हाम्रो झिमरुक गाउँपालिकामा **वि.सं.** २०८० देखि कक्षा १ देखि ३ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ। यसको साथै प्राथमिक तह ४- ५ र आधारभूत तह ६-८ को समेत स्थानीय पाठ्यक्रम निर्माण भइसकेको छ। पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हालसम्म कक्षा १ देखि १० सम्म नेपाल सरकारले सबै र कक्षा ११ देखि १२ मा अनिवार्य विषयका पाठ्यपुस्तक निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ। पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १ देखि ३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी सबै कक्षामा अक्षराङ्क पद्धति अनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ। यस गाउँपालिकाले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवन उपयोगी ज्ञान, सीप र अभिवृत्तिको विकास भई सक्षम सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने लक्ष्य लिएर शिक्षा योजनालाइ कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

| **अवसर तथा सबल पक्षहरु** | **समस्या तथा चुनौतीहरु** |
|---|---|

| | |
|---|---|
| क) स्थानीय सरकारले समयमै पाठ्यपुस्तक रकम उपलब्ध तथा अपुग रकम समयमै निकासा,<br><br>ख) शिक्षण सिकाइ सामग्री तथा मूल्याङ्कन सामगग्रीको व्यवस्था,<br><br>ग) पाठ्यक्रम प्रबोधीकरण तालिम प्रति विद्यालय १ जनालाई,<br><br>घ) एकीकृत पाठ्यक्रम मूल्याङ्कन,<br><br>ङ) कक्षा ५ र ८ को परीक्षा सञ्चालन, मूल्याङ्कन तथा प्रमाणिकरण,<br><br>च) विभिन्न तहका अन्तिम परीक्षाको अनुगमन,<br><br>छ) प्रति विद्यार्थी सिकाइ सामग्री रकम अनुदान,<br><br>ज) स्थानीय पाठ्यक्रम कक्षा १–८ निर्माण गरी कार्यान्वयन,<br><br>झ) स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माणको चरणमा, | क) विद्यालयका सम्पूर्ण शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधीकरण तालिम तथा मूल्याङ्कन तालिमको अवसर नहुनु,<br><br>ख) स्थानीय पाठ्यक्रम लागू गर्नु तर पाठ्यपुस्तक उपलब्ध नहुनु,<br><br>ग) शैक्षिक तथा सन्दर्भ सामग्री पर्याप्त मात्रामा उपलब्ध नहुनु,<br><br>घ) सबै विद्यालयमा क्ष्ऋत् ीबद नहुँदा शिक्षण सिकाइलाई प्रविधि संग जोड्न नसक्नु,<br><br>ङ) कक्षा १ देखि १२ सम्म परीक्षा र मूल्याङ्कनमा एकरूपता ल्याउन कठिन,<br><br>च) मूल्याङ्कन अभिलेखिकरण सामग्रीको अभाव कक्षा १–३ को मात्र उपलब्ध बाँकि ४–८ मा अभाव, |

**४.१.२ उद्देश्य**

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरू

क. पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,
ख. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषणदिनु,
ग. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
घ. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकाइमा ज्ञान सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
ङ. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
च. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,

**४.१.३ रणनीति**

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि स्थानीय तहले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस् ।

क. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदअनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने ।
ख. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरुलाई प्रबोधीकरण गर्ने ।
ग. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेशागत सक्षमता अभिवृद्धि गर्ने।
घ. विपद महामारी तथा संकटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइक्रियाकलाप सञ्चालन गर्ने ।

ङ. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने ।
च. शिक्षकको पेशागत क्षमता विकास गर्ने ।
छ. सहभागितामूलक अन्तर क्रियात्मक खोजमूलक एवं समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने ।
ज. सहपाठी सिकाई समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने ।
झ. शिक्षण सिकाइमा सूचना तथा सञ्चार विधिको प्रयोग बढाउने ।
ञ. विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।
ट. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
ठ. विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने ।

**४.१.४ प्रमुख उपलब्धि तथा नतिजा**
**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछन् ।
१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञानशीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण, कार्यान्वयन तथा कार्यान्वयन भएको हुनेछ ।
३. निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।
४. पाठ्यक्रम विकास केन्द्रद्वारा तोकिएको पाठ्यक्रम अनिवार्य रुपमा लागू हुनेछ।
५. सहभागितामूलक अन्तरक्रियात्मक खोजमूलक एवं समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरेको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन हुने , | | | | | | |
| २ | पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सीप र व्यवहार विकासमा सहजीकरण भएको हुने, | | | | | | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन गरी सिकाईलाई दैनिक जीवनसँग सम्बन्धित गराउने, | | | | | | |
| ४ | पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने , | | | | | | |
| ५ | सिकारुका सिकाई समस्याको समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने, | | | | | | |
| ६ | शिक्षण गर्दा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग, | | | | | | |
| ७ | विभिन्न online portal, स्रोत सामग्रीहरु को प्रयोग गरी शिक्षण गर्ने, | | | | | | |

**४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र. सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागिशिक्षक पेशागत सहयोग | जना | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | ४६० | |
| ४ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | | | | | | | | |
| ५ | डिजिटल सामग्रीको प्रयोग गरी शिक्षण | वटा | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | ४६० | |
| ६ | विद्यालयमा शिक्षण सिकाई सामग्री सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीको उपलब्धता अभिमुखीकरण र प्रयोग | वटा | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | ४६० | |
| ७ | विद्यालय सुपरिवेक्षण तथा अनुगमन | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| ८ | पढाइमैत्री शैक्षणिक सामग्री खरिद संकलन निर्माण तथा प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै पाठ्यक्रम शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्री उपलब्धता र प्रयोग | | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

आज संसारभरका शैक्षिक संस्था तीनमा आबद्ध जनशक्ति, देश बाहिर रहेका बौद्धिक वर्ग, नीति निर्माणका अगुवा, शिक्षाविद सबैको विचारमा शैक्षिक क्षेत्रमा असल र गुणस्तरीय शिक्षाको वाहक शिक्षक नै हो। शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेशाप्रति उत्प्रेरित समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

शिक्षण सिकाइमा नयाँ नयाँ प्रविधिसँग परिचित हुन, खोजेर सहकार्य गर्न, संस्कृतिको विकास गर्न, नयाँ विचार र ज्ञानको खोजी गर्न, नेतृत्व क्षमताको विकास गर्नका लागि प्रजातान्त्रिक एवं सहयोगात्मक वातावरण निर्माण विद्यालयमा कार्यरत शिक्षकहरूको पेशागत क्षमता र दक्षता अभिवृद्धि गर्नका लागि शिक्षक पेशागत सहयोगको आवश्यकता पर्दछ जसका लागि छलफल, अन्तरक्रिया, तालिम, गोष्ठी कार्यमूलक अनुसन्धान जस्ता विविध तरिका कार्यक्रम सञ्चालन गरी शिक्षकको पेशागत सहयोगमा सेवा पुऱ्याउन सकिन्छ। विद्यार्थीको सिकाइ प्रक्रियामा सहजीकरण गर्नका लागि शिक्षकको पेशागत सक्षमताको विकास अपरिहार्य रहेको छ । शिक्षक तथा विद्यार्थीबीच शिक्षण सिकाइका लागि अभिप्रेरणा र मनोबल कायम राख्नका लागि पनि शैक्षिक गुणस्तरको सुनिश्चितता मागमा आधारित पेशागत विकास कार्य सम्पादनमा सक्षम तथा उत्तरदायी शिक्षक व्यवस्थापन विद्यालय क्षेत्र विकास योजनाको मुख्य सिद्धान्त हो। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकहरूबाट नै

कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका लागि विभिन्न तौर तरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार कनफरेन्स,क्रियात्मक अनुसन्धान शिक्षकहरूको सिकाई सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेशागत विकास सम्भव छ। यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरुलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेशागत विकासका विभिन्न मोडालिटीका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आकलन गरिएको छ।

आजका दिनमा खोजेर पढ्न जानेभन्दा पनि रोजेर शैक्षिक संस्थामा जाने अवसर प्राप्त भएका छन्। संस्थागत विद्यालयहरू पनि प्रतिस्पर्धामा देखिन थालेका छन् शिक्षकको पेशागत विकासका लागि प्रशस्त वैकल्पिक उपायहरु सिर्जना भएका छन् शिक्षण पेशाबाट अवकाश प्राप्त र क्याम्पसमा अध्यापन गर्ने बौद्धिक जनशक्ति पनि समाजमा प्रशस्त छ। शिक्षक व्यवस्थापनका सन्दर्भमा हाम्रो पालिकामा यी र यस्ता अवसरहरु सिर्जना भएकाले यो १० वर्षीय शिक्षा योजना निर्माण गर्न सहज भएको छ।

### ४.२.१ वर्तमान अवस्था

विद्यालयमा विद्यार्थी ल्याउने, विद्यार्थीलाई टिकाउने, सिकाउने र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अवसरहरूलाई सजिलोसँग लिन सक्ने अथवा बिक्न सक्ने बनाउने हाम्रो शिक्षा पद्धतिको उद्देश्य रहेको पाइन्छ । मूलरूपमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षण पेशामा सक्षम शिक्षक भित्राउने, टिकाउने, क्रियाशील तुलाउने र आफ्नो पेशा र कामको जिम्मेवारप्रति जवाफदेही बनाउने योजनाका साथ विद्यालयहरूमा शिक्षक दरबन्दी कायम हुनु आजको आवश्यकता हो। हाम्रो गाउँपालिकामा रहेका ४६ वटा सामुदायिक विद्यालयहरूमा कुल..................जना जनशक्ति राज्यबाट सुविधा प्राप्त गर्ने गरी कार्यरत हुनुहुन्छ।माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहले हेर्ने भएपछि विद्यार्थी बढी भएका विद्यालयमा मावि र आधारभूत विद्यालयहरूमा गाउँपालिका अनुदान शिक्षक पालिकाले व्यवस्था गरेको छ। पाठ्यक्रमसँग सम्बन्धित विषयवस्तुमा शिक्षकलाई पुनर्ताजगी तालिम प्राप्त गर्ने काम पालिका मार्फत शिक्षा शाखाले गर्ने गरेको छ। शिक्षकले आफ्नो उत्तरदायित्व बहन गर्नका लागि विद्यालयमा आचारसंहितानिर्माण कार्य योजना शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन भएको छ। यस झिम्रुक गाउँपालिकामा शिक्षक विद्यार्थी हाल शिक्षक विद्यार्थी अनुपात..................रहेको छ। यस गाउँपालिकामा ४६ वटा सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी सङ्ख्या ३२७ र लेखापाल १० जना जम्मा शिक्षक कर्मचारी ३३७ जना रहेको छ। विद्यालयमा कार्यरत सबै प्रकारका जनशक्तिको लागि निरन्तर पेशागत विकास र उन्नयनका लागि क्षमता विकासका कार्यक्रमहरू विभिन्न संघसंस्था, मानव स्रोत तथा संसाधन केन्द्र प्रदेश सरकार लगायत स्थानीय सरकारबाट पनि सञ्चालन हुँदै आएका छन् । हरूका लागि सूचना प्रविधि,विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका विषयहरूमा थप क्षमता विकासको आवश्यकता आकलन गरिएको छ। शिक्षकको व्यवस्थापनको लागि शिक्षक दरबन्दी मिलान कार्यविधि अनुरूप दरबन्दी मिलान कार्यक्रम गरिएको छ।

| | |
|---|---|
| **सबल पक्षहरू** | • विद्यार्थी सङ्ख्या बढी भएको सामुदायिक विद्यालयमा गाउँपालिका अनुदान कोटामा शिक्षक व्यवस्थापन गरेको,<br>• नियमित रूपमा मासिक प्रधानाध्यापकहरूको बैठक प्रधानाध्यापक बैठक बसी विद्यालय सुधार योजना, विद्यालय मासिक प्रगति विवरण प्रस्तुत तथा समीक्षा तथा महत्वपूर्ण शैक्षिक कार्यक्रम तय गरिएको,<br>• शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान कार्यक्रम सञ्चालन भएको |

| | |
|---|---|
| | • कक्षा ११- १२ सञ्चालित विद्यालयमा मावि द्वितीय श्रेणी सरहको शिक्षक व्यवस्थापन गरेको,<br>• विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि विभिन्न सरोकारवाला, संघसंस्था, बुद्धिजीवी, पेशागत संघ संस्थाका प्रमुखहरूसँग समन्वय र सहकार्य गरेको,<br>• सबै विद्यालयहरूमा इन्टरनेट सेवाको व्यवस्था, |
| **सुधार गर्नुपर्ने पक्षहरू तथा चुनौतीहरू** | • सबै विद्यालयहरूलाई लैङ्गिक तथा अपाङ्ग मैत्री, बालमैत्री, सिकाइमैत्रीबनाउनु।<br>• योग्यता, कार्यक्षमता तथा कार्य सम्पादनको आधारमा शिक्षक तथा प्रधानाध्यापक व्यवस्थापन गर्नु,<br>• विद्यालयहरूलाई अधिकतम रुपमा सूचना प्रविधिको पहुँचमा पुऱ्याउनु।<br>• सबै विद्यालयमा पुस्तकालय, पुस्तक कुना, विज्ञान प्रयोगशाला सूचना प्रविधि प्रयोगशालाको पहुँचमा पुऱ्याउनु, |

**उद्देश्य**

**शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित झिमरुक गाउँपालिकाले तय गरेका उद्देश्यहरू**

क. विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु,
ख. सबै तहमा सक्षम प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
ग. सुपरिवेक्षण शिक्षक तालिम, शिक्षक सक्षमता प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
घ. शिक्षकको निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
ङ. सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्था गर्नु ,
च. शिक्षक पेशागत विकासलाई आवश्यकतामा आधारित र नतिजामुखी बनाई शिक्षकको दक्षता र उत्प्रेरणामा सुधार गर्नु ,

**रणनीति**

शिक्षक व्यवस्थापन र विकाससम्बन्धी उद्देश्यहरू हासिल गर्न आवश्यक रणनीतिहरू निम्नअनुसार हुनेछन्

क. स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने र यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
ख. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने ,
ग. शिक्षकको उपस्थिति, नियमितता, र कार्यसम्पादनमा सुधार गरिने,
घ. शिक्षक मेन्टरिङ कार्यविधि २०८० कार्यान्वयनमा ल्याइने,
ङ. शिक्षक विद्यार्थी अनुपातको आधारमा, तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरिने
च. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षणसिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने ,
छ. सरुवा, पद स्थापना, लामो बिदा तथा तालिमको रिक्त समयमा शैक्षिक क्षति हुन नदिने,

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछन् ।

क. यस योजनाको कार्यान्वयन पश्चात् सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ।
ख. तहगत तथा विषयगतका आधारमा सक्षम र योग्य शिक्षकको व्यवस्थापन भएको हुनेछ।
ग. कार्य क्षमता तथा कार्य सम्पादनको आधारमा प्रचलित कानुन बमोजिम सबै विद्यालयहरूमा प्रधानाध्यापकको नियुक्ति गरिनेछ।
घ. सबै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सुनिश्चितता हुनेछ
ङ. विद्यालयमा पुस्तकालय, पुस्तक कुना, सूचना सञ्चार प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला तथा विषयगत प्रयोगशालाको पहुँच भएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रधानाध्यापक व्यवस्थापन | | | | | | |
| २ | शिक्षक दरवन्दि मिलान | | | | | | |
| ३ | तहगत योग्यता प्राप्त शिक्षक **(%)** | | | | | | |
| ४ | तालिम प्राप्त शिक्षक | | | | | | |
| ५ | प्रविधियुक्त शिक्षण सिकाई सञ्चालन गरेका विद्यालय | | | | | | |
| ६ | शिक्षक विद्यार्थी निर्मित शैक्षिक सामग्रीको निर्माण र प्रयोग | | | | | | |
| ७ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक | | | | | | |
| ८ | ............. | | | | | | |

## ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा प्यूठान नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षकहरूका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाई कार्यान्वयन गरिने | वटा | | | | | | | | |
| २ | गाउँपालिकाका सबै शिक्षकको स्वास्थ्य बीमा अनिवार्य गरिने | वटा | | | | | | | | |
| ३ | स्थानीय तहबाट महङ्गी, यातायात, खाजा खर्च, सञ्चार खर्च आदिको व्यवस्था गरेर शिक्षकको सेवा सुविधालाई अझै आकर्षक बनाउने | जना | | | | | | | | |
| ४ | बाल विकासका शिक्षक र विद्यालयका कर्मचारीलाई कम्तिमा एउटा शैक्षिक मजदुरले पाउनुपर्ने सुविधामा नघटाई संघले दिएको सुविधामा थप गरी तलब भत्ता उपलब्ध गराउने | | | | | | | | | |
| ५ | अपाङ्गता भएका व्यक्ति, महिला सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेशामा सहभागी गराउन सक्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने | | | | | | | | | |
| ६ | नयाँ नियुक्ति पाएका शिक्षकलाई छोटो अवधिको सेवा प्रवेश तालिम सञ्चालन गरिने | | | | | | | | | |
| ७ | प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा एउटा सुविधायुक्त आइसिटी ल्याब विज्ञान प्रयोगशाला तथा पुस्तकालयको प्रबन्ध गरिने | | | | | | | | | |
| ८ | स्थानीय तहमा शिक्षक पेशागत सहयोग मार्गदर्शन कार्यविधिको कार्यान्वयन गरिने | | | | | | | | | |
| ९ | शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन र सहपाठी अवलोकन गरिने | | | | | | | | | |
| १० | स्थानीय तहमा विषयगत शिक्षक समूह निर्माण गरी पेशागत दक्षता अभिवृद्धि गर्ने | | | | | | | | | |
| ११ | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जिम्मेवार बनाउने र सोको आधारमा शिक्षकको कार्यसम्पादन गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाइने | | | | | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

शिक्षा भनेको ज्ञान हो। ज्ञानको सार्थकता सकारात्मक कार्य–व्यवहारबाट मात्र झल्कन्छ । शिक्षाले नै मानिसलाई सर्वश्रेष्ठ बनाउँछ । व्यक्तिमा रहेका अन्तर्निहित प्रतिभालाई बाहिर ल्याउनु र विकास गर्नु नै शिक्षा हो। मानव जीवनमा शिक्षाको धेरै आवश्यकता रहेको हुन्छ। त्यसैले शिक्षामा समता र समावेशीकरणको महत्त्वपूर्ण भूमिका रहन्छ।

समानता साध्य हो भने समता भनेको समानता प्राप्तिको साधन वा प्रक्रिया हो। समता र समानता दुवै शब्द सुन्दा समान अर्थ लाग्ने भए पनि यी दुई शब्दको वास्तविक अर्थ धेरै फरक खालको पाइन्छ । महिला र पुरुषबीच समान मूल्य मान्यता कायम गर्नु , राजनीतिक आर्थिक सामाजिक र बौद्धिक विषयका लागि समान अवसर प्रदान गर्नु तथा महिला र पुरुष समान हैसियत कायम राख्नुलाई लैङ्गिक समानता भनिन्छ । लैङ्गिक समता भनेको महिला र पुरुषबीच विभिन्न क्षेत्र तथा समाजका विविध पक्षहरूमा समान पहुँच कायम गर्नका लागि प्रदान गरिने समान न्याय, निष्पक्षता र उचित व्यवहारलाई बुझाउँछ। महिला र पुरुष बीचमा जन्मजात न्याय कायम गर्नु नै लैङ्गिक समता हो। महिला र पुरुष दुवैको क्षमता अनुसार व्यवहार गर्नु, दुवैको अवस्था अनुसार अवसर उपलब्ध गराउनु, प्राकृतिक संरचना क्षमता स्वभाव अनुसार समान व्यवहार गर्नु अवसर प्रदान गर्नु नै लैङ्गिक समता हो।

समावेशी शिक्षा भन्नाले शिक्षाको मूलधारबाट वञ्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसकेको अवस्थामा शिक्षा प्रदान गर्नु भन्ने बुझिन्छ। सामान्य अर्थमा सडक बालबालिका अनाथ, घरेलु हिंसा पीडित ,द्वन्द पीडित, सहिद परिवार, बेपत्ता घाइते अपाङ्ग सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ । समावेशीकरण भनेको व्यक्ति, समाज, समुदाय र समूहलाई हरेक क्रियाकलापमा सहभागी जनाई एक अवस्थाको सुधार गर्ने प्रक्रियालाई नै समावेशीकरण भनिन्छ। समावेशीकरणले गरिबी तथा सामाजिक बहिष्कार जोखिममा रहेकोहरुलाई आर्थिक सांस्कृतिक सामाजिक जीवनमा पूर्ण रूपमा सहभागी हुन र समाजमा समान अवसर सामान्य जीवनस्तरका लागि विभिन्न चुनौती अवसर र मौलिक अधिकारको पहुँचलाई प्रभाव पार्ने वातावरणीय पक्ष समेतलाई जोड दिन्छ ।

देशभित्र रहेका सम्पूर्ण दलित, आदिवासी, जनजाति, मधेसी, महिला, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत, पिछडा वर्ग, विपन्न, भूमिहीन, अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यक उत्पीडित वा पिछडिएको क्षेत्रका बालबालिकाहरूको शिक्षामा क्षमतामूलक सहभागिता उनीहरूको संवैधानिक अधिकार हो। नेपाल एक बहुलवादी समाज हो। यहाँ विविध सामाजिक सांस्कृतिक तथा भौगोलिक समुदाय रहेका छन्। सबैका आ-आफ्नै विशिष्टता र पहिचान छन्। यही विविधतालाई राज्यले सम्पत्तिको रुपमा लिनुपर्छ ।

राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा शिक्षा नियमावली २०७७, ले सबै प्रकारका बालबालिकालाई विद्यालय शिक्षाको दायरामा माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क तथा आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य एवं निःशुल्क हुने व्यवस्था गरेको छ। शिक्षामा क्षमता र समावेशीकरणका लागि हालसम्म भएका विभिन्न प्रयासहरूले लक्षित वर्गका बालबालिकाहरूको शिक्षामा पहुँच बढ्दै गइरहेको देखिए तापनि पूर्णरूपमा सन्तोष हुनुपर्ने अवस्था भने छैन ।

### ४.३.१ वर्तमान अवस्था

नेपालको संविधानले शिक्षा पाउने हक सुनिश्चित गरेसँगै समावेशी शिक्षाको हक पनि प्रत्याभूत गरेको छ। कानुन सिरानीमा राखेर सुत्दैमा न्याय प्राप्त हुँदैन त्यसका लागि व्यक्ति सक्रिय हुनुपर्छ भनेझैं कानुन, व्यवस्था र प्रावधानहरू पर्याप्त मात्रामा भए पनि तिनको ठोस र प्रभावकारी कार्यान्वयन नहुँदा पिछडिएका समुदायका लागि गुणस्तरीय शिक्षाको पहुँच राम्रो बनेको छैन । झिमरुक गाउँपालिकामा अनाथ ,घरेलु हिंसा, पीडित ,द्वन्द सहिद परिवार बेपत्ता घाइते अपाङ्गा विभिन्न जातजाति भाषिक समुदाय दुर्गम बस्ती अल्पसंख्यक भूमिहीन तथा

अति विपन्न सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि पालिकाले विभिन्न कामहरू गरिरहेको छ। छात्रावृत्ति, अपाङ्ग मैत्री विद्यालय, बालमैत्री विद्यालय ,खाजा लगायतका कामहरू गाउँपालिकाले गरिरहेको छ तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी नै छ। यस पालिकामा अपाङ्ग भएका बालबालिकाहरू स्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकिएको देखिँदैन ।

नेपाल सङ्घीय राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि संघीय कानुनका रूपमा राष्ट्रिय शिक्षा नीति २०७६ ले समता र समावेशी शिक्षालाई प्राथमिकतामा राखेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले पनि व्यक्तिको कुनै पनि कारणले शिक्षा प्राप्त हुने अवसरबाट वञ्चित हुनुनपर्ने व्यवस्था उल्लेख छ।दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ४ ले त समतामूलक र गुणस्तरीय शिक्षालाई दिगो विकासको प्रमुख अङ्गको रुपमा लिएको छ। यिनै सन्दर्भलाई आधार मानी पालिकाले पछाडि परेका वर्ग र समुदायको शिक्षा प्राप्त गर्ने अवसर गुणस्तरीय शौचालय अपाङ्गमैत्री संरचनाहरू निर्माण ,रोजगारीमा आरक्षण विद्यालय पोषक तथा शैक्षिक सामग्री वितरण जस्ता कार्यक्रम सञ्चालन गरेको छ। कक्षा १-५ ०.९२, ६-८ १.०७, ९-१० को १.१८ लैंगिक अनुपात छ , दलित विद्यार्थीको कुरा गर्दा कक्षा १-५ ०.८९ , ६-८ १.२०, ९-१० १.२७ लैंगिक अनुपात छ भने जनजाति विद्यार्थीको कक्षा १-५ ०.९४, ६-८ १.०५ , ९-१० को १.४९ लैंगिक अनुपात छ ।

| **अवसर तथा सबल पक्षहरु** | **समस्या तथा चुनौतीहरु** |
|---|---|
| क) दलित छात्रछात्रा र अन्य छात्रालाई छात्रवृत्ति वितरण,<br><br>ख) वि.व्य.स. र शि.अ.स. मा सबैको समान सहभागिता,<br><br>ग) सबै विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण,<br><br>घ) महिला तथा अपाङ्ग शिक्षकलाई घर अपाएक नहुने गरी विद्यालयमा खटाइएको,<br><br>ङ) अपाङ्गमैत्री विद्यालय भवन निर्माण,<br><br>च) अपाङ्गमैत्री धारा र शौचालयको निर्माण,<br><br>छ) प्रति विद्यार्थी लागत अनुदान सामग्री स्रोत उपलब्ध गराइएको,<br><br>ज) गाउँपालिका अनुदान शिक्षक प्रदान त.भ. तथा पोषाक समेत न्यायोचित गरिएको , | क) अन्य विपन्न छात्रहरुलाई छात्रवृत्ति दिनु,<br><br>ख) नेतृत्व तहमा लक्षित समूह सहभागी गराउनु,<br><br>ग) गुणस्तरीय पाठ्यपुस्तकमा ध्यान दिन,<br><br>घ) अपाङ्गमैत्री कक्षाकोठा, शौचालय, पिउनेपानी धारा उपलब्ध गराउनु,<br><br>ङ) सबै विद्यालयका भवनहरु अपाङ्गमैत्री बनाउनु,<br><br>च) समावेशी धारणा अनुरुप शैक्षिक सामग्री निर्माण, प्रयोग र स्रोत व्यवस्थापन गर्नु,<br><br>छ) गाउँपालिका अनुदान शिक्षक त.भ. दरबन्दी अनुरुप गर्न , |

## ४.३.२ उद्धेश्यहरु

झिमरुक गाउँपालिकाले शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित उद्देश्यहरू निम्न बमोजिमतय गरेको छ।

क. महिला दलित जनजाति लोपोन्मुख समुदाय अपाङ्गता भएका कठिन भौगोलिक अवस्थामा रहेका जोखिममा परेका आर्थिक रुपले विपन्न द्वन्द प्रभावित तथा सामाजिक कारणले वञ्चितीमा परेका व्यक्तिहरुलाई शिक्षामा पहुँच पुऱ्याउने,

ख. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ,

ग. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्ने,
घ. सबै खालका भेदभावको अन्त्य गरी समतामूलक वातावरण सिर्जना गर्ने,
ङ. पाठ्यक्रम पाठ्य सामग्री शिक्षण सिकाई क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने,

### ४.३.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि अपनाउने रणनीतिहरु

क. विद्यालय सेवा क्षेत्रको सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाउने,
ख. सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराउने,
ग. विद्यालय भवन लगायत अन्य भौतिक संरचनाहरू अपाङ्गमैत्री लैङ्गिकमैत्री बनाई बसाइ व्यवस्थापन गर्ने,
घ. शिक्षण सिकाइमा स्थानीय भाषा संस्कृति भूगोल इतिहास ज्ञान तथा सीप समावेश गरिने,
ङ. आवश्यकता अनुसार पोशाक स्टेशनरीतथा सिकाइ सामग्रीका लागि छात्रावृत्ति उपलब्ध गराइने,
च. विद्यालयमा अभिभावकको सहभागिता बढाइने,
छ. पाठ्यक्रममा यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी शिक्षालाई बढीभन्दा बढी जीवन उपयोगी सिपसँग आबद्ध गराउने,
ज. स्वास्थ्य सरसफाई प्राथमिक उपचार कक्षाको व्यवस्थाका साथै किशोरी लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने बालबालिकाको उमेर सिकाइ क्षमता रुचि आवश्यकताको आधारमा शिक्षण गर्न सक्ने शिक्षकहरू व्यवस्थापन गर्ने,
झ. स्थानीय भाषा संस्कृति रीतिरिवाज स्थानीय ज्ञानसिप तथा कौशल आदिलाई समाहित गरी शिक्षण गतिविधि प्रभावकारी बनाउने,
ञ. कुनै पनि प्रकारका भेदभाव वा पूर्वाग्रह झल्किने खालका संकेत चित्र पोस्टर ब्यानर निर्माण गरी विद्यालयलाई विभेदरहित बनाउने,
ट. समुदाय सामुदायिक अध्ययन केन्द्र गैरसरकारी संघसंस्था निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने,

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

क. लक्षित समूहका बालबालिकाको शिक्षामा क्षमतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
ख.
ग.

### नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

क.  सूचकहरू

| क्र.स | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | विद्यालय बाहिर रहेका बालबालिकाहरूको सङ्ख्या | ४ प्रतिशत | | | | | |
| २. | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९७ | १ | १ | १ | १ | १ |
| ३. | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.२५ | १.१५ | १.१० | १.१० | १.१० | १.०५ |
| ४. | विद्यालय भवन लगायत अन्य भौतिक संरचनाहरु अपाङ्गमैत्री,लैंगिक मैत्री बनाइ बसाइ व्यवस्थापन गर्ने | ५ | ५ | ७ | ५ | ० | ५ |
| ५. | विभेद रहित विद्यालयको संयन्त्र तयार | ० | १० | १० | १० | १० | १० |
| ६. | बालबालिकाको क्षमता, रुची, आवश्यकताको आधारमा शिक्षण गर्नका लागि शिक्षकलाई तालिम | १ | १ | १ | १ | १ | १ |
| ७. | यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी जीवनोपयोगी सिप प्रदान | १ | १ | १ | १ | १ | १ |
| ८. | सिकाइ सहजीकरणमा संचार तथा सूचना प्रविधिको उपयोग | १० | १० | १० | १० | १० | १० |
| ९. | शैक्षिक भवन लगायत अन्य भौतिक संरचनाहरू अपाङ्ग मैत्री तथा सिकाइमैत्री | | | | | | |

## ४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण र सोअनुसारको बैकल्पिक शैक्षिक कार्यक्रम मार्फत सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | अपाङ्गता भएका बालबालिकाको वर्गीकरणका आधारमा अभिलेखीकरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गरी उपयुक्त शिक्षाको प्रबन्ध | | | | | | | | | |
| ३. | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४. | सबै आधारभूत विद्यालयहरूमा भवन कक्षाकोठा फर्निचर प्रयोगशाला शौचालय पानी पुस्तकालय बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउने | निरन्तर | | | | | | | | |
| ५. | सिकाइ सहजीकरणमा सञ्चार तथा सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास गरिने विद्यालय संख्या | विद्यार्थी सङ्ख्या | | | | | | | | |
| ६. | विपन्न, असहाय एवम् अनाथ बालबालिकाको तथ्याङ्क अध्यावधिक गरी त्यस्ता बालबालिकाहरूलाई विशेष सहयोगको व्यवस्था मिलाउने | विद्यार्थी सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ७. | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ–संस्थाहरूबीच जवाफदेहिता सहितको कार्यगत समन्वय गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८. | लैङ्गिक सञ्जाललाई वडा र विद्यालयसम्म विस्तार गरी बालविवाह बालविवाह, लैङ्गिक हिंसा, जातीय विभेद, कुप्रथाआदि विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने र विद्यालय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक रूपमा स्वस्थ हुनुलाई स्वास्थ्य भनिन्छ। स्वास्थ्य शरीरमा मात्र स्वस्थ हुन्छ। स्वस्थ मस्तिष्कका लागि पोषण शारीरिक स्वभावको जरुरी हुन्छ विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरू पोषणयुक्त खानेकुराबाट वञ्चित नरहन् भन्ने उद्देश्यले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ नियममावली २०७७ ले सम्पूर्ण १५ वर्षसम्मका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरेको छ। बालबालिकाको शारीरिक, मानसिक वृद्धि विकासका लागि पोषणयुक्त खानेकुराको अति जरुरी हुन्छ। यसका साथै स्वच्छ पिउने पानीको पनि अति जरुरी हुन्छ। विद्यार्थीहरूलाई स्वस्थ रहनको लागि व्यक्तिगत सरसफाईमा विशेष जोड दिनुपर्छ विद्यालयमा बालबालिकाको वृद्धि विकासको लागि पोषणयुक्त खाना अनिवार्य तत्त्व हो। यसका साथै कक्षाकोठा

खेलमैदान बाथरूमको सरसफाई कार्यक्रमले उनीहरूमा सधैं सफा स्वच्छ खाना र सफा स्वच्छ वातावरण हरेक बालबालिकाको शैक्षिक उन्नति प्रगतिका लागि आवश्यक शर्त हो। त्यसैगरी बालबालिकाहरूलाई भिटामिन ए क्याप्सुल, जुकाको औषधि, फोलिक एसिड आइरहन्छ कि आदि नियमित खुवाउने चलन रहेको छ । विद्यार्थीहरूको शारीरिक मानसिक स्वच्छ सरसफाई र सुन्दर वातावरणको व्यवस्थापन गरी उनीहरुमा सिकाइ क्षमताको वृद्धि गरी अपेक्षित लक्ष्य हासिल गर्न सकिन्छ ।

**४.४.१ वर्तमान अवस्था**

आधारभूत शिक्षाको सुनिश्चितताको लागि नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेअनुसार निःशुल्क र सहयोग पुऱ्याउन विद्यालय पोषण अन्तर्गत दिवा खाजा कार्यक्रम र नियमित निःशुल्क स्वास्थ्य जाँच गरिन्छ बालबालिकाहरूको शारीरिक र मानसिक विकासको लागि महत्त्वपूर्ण भूमिका खेल्दछ । शरीरलाई आवश्यक पर्ने पोषण तत्त्वको अभावमा थकान लाग्ने पढ्न मन नलाग्ने हातखुट्टा गल्ने रिङ्गटा लाग्ने हुनसक्छ । देशभरिकै सामुदायिक विद्यालयका बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई खाजा व्यवस्थापन गर्ने संघीय व्यवस्था कार्यान्वयन बमोजिम २०७७/७८ देखि दिवा खाजाको कार्यक्रम अगाडि बढेको हो । यस प्रकारको कार्यक्रमलाई सफल पार्न स्थानीय सरकार शिक्षक अभिभावक तथा सबै सरोकारवालाको उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ। विद्यार्थीहरूलाई बजारमा पाइने जङ्क फुड चाउचाउ बिस्कुट कोरमुरे आदि स्वास्थ्यको लागि निकै हानिकारक छन् भन्ने बोध गराई त्यस प्रकारका कत्रो खानाले स्वास्थ्यमा पुऱ्याउने हानि नोक्सानीको बारेमा छर्लङ्ग पार्नुपर्छ । साथै कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरुलाई पनि घरैमा निर्मित खाजा लिएर आउन र कत्रो खानाको सेवन नगर्न निर्देशन दिनुपर्छ । विद्यालय पोषण कार्यक्रमको प्रमुख उद्देश्य बालबालिकाहरूको स्वास्थ्य रक्षा सिकाइउपलब्धिमा वृद्धि र विद्यालयका सम्पूर्ण कार्यक्रमहरूमा उनीहरूको सक्रिय सहभागिता गराउनु हो। झिमरुक गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरूमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत दिवा खाजा छात्राहरूको लागि आइरहन्छ कि फोलिक एसिड, भिटामिन ए, क्याप्सुल महिनावारी स्वच्छताको लागि सेनिटरी प्याड वितरण खोप कार्यक्रम स्वास्थ्य कार्यक्रम आदि नियमित सञ्चालन भइरहेका छन् । विद्यालयको हाताभित्र स्वास्थ्य शान्त र मनोरम वातावरणको सिर्जना गरी विद्यार्थीहरु सिकाई उपलब्धि र उनीहरूको प्रतिभा प्रस्फुटन गर्न सकिन्छ।

| **अवसर तथा सबल पक्षहरु** | **समस्या तथा चुनौतीहरु** |
| --- | --- |

| | |
|---|---|
| क) विद्यार्थीलाई प्रत्येक शैक्षिक सत्रमा दुई पटक जुकाको औषधि खुवाउने गरिएको ,<br><br>ख) १० वर्षभन्दा माथिका छात्राहरुलाई आइरन चक्की वर्षको ६ महिनासम्म खुवाउने गरिएको ,<br><br>ग) स्थानीय तहबाट छात्राहरुका लागि सेनेटरी प्याडको व्यवस्था गरिएको ,<br><br>घ) प्रत्येक विद्यालयमा स्वास्थ्य फोकल शिक्षकको व्यवस्था गरिएको ,<br><br>ङ) प्रत्येक शैक्षिक सत्रमा जेठको पहिलो हप्ता पोषण सप्ताह मनाउने गरिएको,<br><br>च) यसमा हरेका विद्यार्थीको आँखा, कान, दाँत परीक्षण गर्ने तथा हात धुने तरिका अभ्यास गराउने विद्यार्थीको तौल तथा उचाइका आधारमा विएम आइ सन्तुलन जाँच गर्ने,<br><br>ज) नजिकको स्वास्थ्य चौकीबाट विद्यालयहरुमा प्राथमिक उपचारको लागि औषधि लगायतका सामग्री उपलब्ध गराएको ,<br><br>झ) विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था गरिएको,<br><br>ञ) स्वास्थ्य तथा पोषण सम्बन्धि अतिरिक्त क्रियाकलाप गराएको , | क) सबै शिक्षक तथा कर्मचारीहरुलाई स्वास्थ्यसम्बन्धी पर्याप्त तालिमको कमि,<br><br>ख) प्रयोग गरीएका सेनेटरी प्याड विसर्जन सहितको उचित व्यवस्था अभाव<br><br>ग) सरोकारवाला निकायबाट आवश्यक निरीक्षण तथा अनुगमनको कमी,<br><br>घ) स्थानीय तहबाट प्राथमिक उपचार बक्स उपलब्ध नगराइएको,<br><br>ङ) आपत तथा विपतकालिन समयका लागि जोखिम पात्रो तथा झटपट झोलाको व्यवस्था नभएको ,<br><br>छ) स्थानीय तह भरीका सबै विद्यालयहरुमा दिवा खाजा व्यवस्थापनमा एकरुपता नभएको,<br><br>ज) कतिपय विद्यालयहरुमा पिउने पानीको समस्या रहेको,<br><br>झ) धैरैजसो विद्यालयहरुमा वास सहितका शौचालय नभएको, |

### ४.४.२ उद्देश्य

दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित उद्देश्यहरु:-

उद्देश्यहरू

क) विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई स्वस्थ पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
ख) विद्यालय वातावरण सरसफाईमा सुधार गर्नु,
ग) बालबालिकामा स्वास्थ्यमा सुधार गराई सिकाइ उपलब्धिमा समेत सुधार ल्याउनु,

### ४.४.३ रणनीतिहरु

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नको लागि स्थानीय तहले निम्न रणनीतिहरू अपनाउनेछ।

क. विद्यालय प्रशासनद्वारा स्वास्थ्य तथा पोषणका विषयमा अभिभावकहरुलाई अभिमुखीकरण तालिम प्रदान गरी घरमै निर्मित पोषणयुक्त खानेकुराहरू खान अभिप्रेरित गर्ने,
ख. दिवा खाजालाई माध्यमिक तहसम्म नै विद्यालय प्रशासन र अभिभावकहरूको बीच अन्तरक्रिया कार्यक्रम द्वारा लागू गरिनेछ। सम्पूर्ण विद्यार्थीले घरमै बनेका स्वच्छ ताजा, पोषणयुक्त लिएर आउनेछन् वा विद्यालय चमेनागृहद्वारा स्वास्थ्य शिक्षकको निरीक्षणमा खाजा उपलब्ध हुनेछ ।

ग. यसरी माध्यमिक तहसम्म नै दिवा खाजाको प्रबन्ध गर्ने,
घ. दिवा खाजाको लागि आवश्यक पूर्वाधार तयार गर्ने,
ङ. विद्यालयमा स्वच्छ सफा र मनोरम वातावरण कायम गर्ने,
च. विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण जोकाको औषधि भिटामिन ए फोलिक एसिड आइरन चक्की र सेनिटरी प्याड छात्राहरूको लागिको व्यवस्थालाई प्रभावकारी बनाउने,
छ. दिवा खाजा विद्यालयमा स्वास्थ्य परीक्षण स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रमहरू योग ध्यान सम्बन्धी कार्यक्रमहरूलाई नियमित बनाउने,
ज. दिवा खाजा पोषण तथा सरसफाई कक्षाकोठा सरसफाई तथा व्यक्तिगत सरसफाइ र बालबालिकाहरूमा सक्रियता बढाउन गरिने क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कनलाई बढाउने,
झ. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको तथ्याङ्क अध्यावधिक गर्ने,
ञ. विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण जुकाको औषधि भिटामिन आइरहन्छ कि सेनिटरी प्याडको उचित प्रबन्ध मिलाउने,
ट. विद्यालयभित्र कक्षाकोठा खेलमैदान शौचालय र विद्यालय वरिपरि नियमित रूपमा सरसफाई गरिने,
ठ. छात्रछात्रा शौचालयमा सफा गर्दा फिनेलको प्रयोग गरिने र हात हुने ठाउँमा अनिवार्य रुपमा साबुनको व्यवस्था गरिने,
ड. स्वास्थ्य र पोषणका विषयमा अभिभावक सचेतना कार्यक्रम गर्ने,

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको कार्यान्वयनवाट हासिल हुने क्रमागत मुख्य उपलब्धिहरु

क) सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्था सुधार हुनेछ ।
ख) बालबालिकाहरू विद्यालयमा जान उत्सुक हुनेछन्।
ग) बालबालिकाहरुमा सामूहिक भावनाको विकास हुनेछ।
घ) बालबालिकाहरूको पढाइप्रति रुचि बढ्नेछ। अतः सिकाइ उपलब्धिमा वृद्धि हुँदै जानेछ।
ङ) स्वास्थ्य सेविका इन्चार्जद्वारा किशोर–किशोरीलाई विभिन्न प्रकारको स्वास्थ्यसम्बन्धी सेवा र तालिम उपलब्ध हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ) | | | | | |
| १ | बालविकासमा भर्ना भएका बालबालिकाले आवश्यक खोप प्राप्त गरेका (%) | | | | | | |
| २ | जुकाको औषधि, भिटामिन A, आइरन चक्कि, प्राथमिक उपचार बक्स भएका विद्यालय | | | | | | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | | | | | | |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | | | | | | |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | | | | | | |
| ६ | छात्रछात्रा शौचालय, सरसफाई साबुन, फिनायलको व्यवस्थापन गर्ने विद्यालय | | | | | | |
| ७ | स्वास्थ्य चौकी इन्चार्जद्वारा प्रजनन शिक्षा यौन शिक्षा बाल विवाह बालविवाह न्यूनीकरणसम्बन्धी तालिम तथा शिक्षा | | | | | | |

## ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

झिमरुक गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | | | | | | | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | छात्रामैत्री शौचालय निर्माण फिनाइलको प्रयोग र हात धुने स्थानमा साबुनको व्यवस्था | निरन्तर | | | | | | | | |
| ४ | प्राथमिक उपचार बाकस र झटपट झोला भएका विद्यालय | निरन्तर | | | | | | | | |
| ५ | स्थानीयस्तरमा उत्पादित ताजा खाद्यवस्तु संकलन तथा प्रयोग | निरन्तर | | | | | | | | |
| ६ | स्वास्थ्य इन्चार्जद्वारा स्वास्थ्य सम्बन्धी नियमित तालिम प्रशिक्षण र छलफल | निरन्तर | | | | | | | | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

प्राकृतिक तथा मानव सिर्जित घटनाहरूले आकस्मिक रुपमा गर्ने धनजनको क्षतिलाई विपद् भनिन्छ। आज संसारका विभिन्न ठाउँहरुमा बाढी, पहिरो, खडेरी, भूकम्प, आँधीबेहरी ,चट्याङ, ज्वालामुखी ,विस्फोटन, डुबान ,डडेलो, महामारी जस्ता प्राकृतिक घटनाहरूले निम्ताएका अत्यन्त कारूणी घटनाहरु घट्ने गरेका छन् । यस प्रकारका प्राकृतिक विपदहरू आउने समय स्थान र जोखिमको मात्रा प्याकिङ गर्न सकिँदैन। भौगोलिक अवस्थितिलाई हेरेर सम्भावित विपद क्षेत्र अनुमान गर्ने गरिन्छ । नरसंहारकारी विपदका घटनाहरूबाट बच्नका लागि पूर्व तयारी आवश्यक हुन्छ। हाम्रो देश नेपालमा पनि बाढी, पहिरो, नदी कटान, आगलागी, भूकम्प जस्ता घटनाहरुले बेलाबेलामा धन जनको क्षति हुँदै आइरहेको हामी सबैको मानसपटलमा ताजा नै छ । भूकम्पीय जोखिमको हिसाबले नेपाल उच्च जोखिममा रहेको कुरा हामीलाई अवगत छँदैछ। प्रकृतिले निम्ताउने विपद्का घटनाहरूको पूर्व तयारी तथा मानव सिर्जित विपतका घटनाहरू न्यूनीकरणका लागि विशेष ध्यान दिनुपर्ने हुन्छ। विद्यालयहरू धेरै संख्यामा साना साना बालबालिकाहरूले अध्ययन गर्ने ठाउँ भएकाले विद्यालयमा विपदका घटनाहरू भएमा धेरै ठूलो मानवीय क्षति हुने देखिन्छ। विद्यालय भवनहरू भूकम्पिय जोखिममा बढी देखिएका छन् । कमजोर भूगोलमा बनेका विद्यालयहरूलाई सुरक्षित बनाउनका लागि पूर्व तयारी आवश्यक देखिन्छ। प्राकृतिकले निम्त्याउने विपदलाई रोक्न नसकिने तर मानव सिर्जित विपतका घटनाहरूमा ध्यानपहिले नै पुऱ्याउनुपर्छ। प्राकृतिक विपदले सिर्जना गर्ने घटनाहरूका कारण हुने क्षति न्यूनीकरण गर्नका लागि पूर्व तयारी गर्नुपर्छ । विपदपूर्व गर्न सकिने तयारी जस्तै भूकम्प प्रतिरोधी भवन निर्माण जमिनको अवस्था आदिलाई ख्याल गर्नुपर्दछ भने विपदपश्चात खोज, उद्धार घाइतेको प्राथमिक उपचार घाइतेलाई स्वास्थ्य संस्थामा लैजाने जस्ता कार्यहरू यथाशीघ्र हुने गरी विद्यालयमा भौतिक तथा मानवीय स्रोतसाधन तयारी अवस्थामा राख्नुपर्ने देखिन्छ।

### ४.५.१ वर्तमान अवस्था

नेपाल भूकम्पीय उच्च जोखिममा रहेको कुरा सर्वविदित नै छ । नेपालको मानचित्रमा झिमरुक गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत प्युठान जिल्लामा पर्दछ। यो गाउँपालिका पनि भूकम्पका हिसाबले जोखिममा नै पर्दछ । यहाँ पनि भूकम्प, बाढी, पहिरो ,आगलागी, असिना, चट्याङ, महामारी आदि विपत्तिहरूले बेलाबेला दुःख दिँदै आएका छन् । विद्यालयहरू पनि विपद जोखिमबाट अछुतो देखिँदैन। परम्परागत ढाँचामा निर्माण गरिएका पुराना धेरैजसो विद्यालय भवनहरू जीर्ण र भूकम्पप्रतिरोधी नभएको भूकम्पको बेला बाहिर निस्किँदा सुरक्षित खुला ठाउँ नभएको अवस्था हाम्रो पालिकामा छ। हालसम्म भूकम्पको कारण विद्यालयमा मानवीय क्षति नभएतापनि हुनसक्ने सम्भावना धेरै देखिन्छ। विद्यालय क्षेत्र आसपासका सडकहरू साँघुरा भएका कारण पैदल हिँड्ने साना-साना बालबालिकाहरू दुर्घटनामा पर्न सक्ने देखिन्छ। कतिपय विद्यालय भवनहरू पहिरोको उच्च

जोखिममा पनि देखिन्छन्। कोभिड-१९ले विश्वमा सिर्जना गरेको त्रासबाट विद्यालय पनि अछुतो रहन सकेन। लामो समयसम्म विद्यालयहरू बन्द रहे । सरकारले दूरी कायम गरेर विद्यालय सञ्चालन गर्ने भनिरहँदा पनि त्यस किसिमको संरचना अभावले गाह्रो परेको कुरा हामी माझ ताजा नै छ। जुद्ध खानेपानीको कमी शौचालयको व्यवस्थित परेको कमी जस्ता कारणहरुले विद्यालयमा हैजा जस्ता महामारी फैलन सक्ने कुरा सहज अनुमान गर्न सकिन्छ। झिमरुक गाउँपालिका भित्रका आधारभूत विद्यालय मावि विद्यालय र क्याम्पसमा जुनियर युवा रेड क्रस सर्कल मार्फत विपत सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्धार कार्यमा सहयोग गर्ने राहत संकलन गरी उपलब्ध गराउने जस्ता कार्यहरू भइरहेका छन् झिमरुक गाउँपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रममा जलवायु परिवर्तन र विपद सम्बन्धी विषय क्षेत्रलाई पठनपाठनका लागि राखिएको छ ।

### अवसर र चुनौती

गाउँपालिकाभित्रका विद्यालयहरूमा विपद् न्यूनीकरण तथा पूर्व तयारीलाई ध्यान दिनु अति आवश्यक देखिएको छ। यसका लागि विद्यालय भवनहरू निर्माण गर्दा विपद् सुरक्षित र बालमैत्री बनाउनुपर्ने विपदको समयमा खोज उद्धारको लागि भरपर्दो संयन्त्र खडा गरी तयारी अवस्थामा राखिरहनुपर्ने विद्यालयका शिक्षक विद्यार्थीहरुलाई विपदसम्बन्धी तालिम कार्यशाला गोष्ठीहरू सञ्चालन गर्ने विद्यालयमा प्राथमिक उपचारसम्बन्धी जनशक्ति र स्रोत व्यवस्थापन गर्ने कार्यहरू चुनौतीका रुपमा रहे पनि विपद न्यूनीकरणमा सहयोग पुगी मानवीय तथा भौतिक क्षति कम हुनुलाई अवसरका रूपमा लिन सकिन्छ। अवसर र चुनौतीलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ।

| **अवसरहरु** | **चुनौतीहरू** |
|---|---|
| क. बालबालिकाहरूले भयरहित वातावरणमा अध्ययन गर्न पाउने,<br>ख. भूकम्पप्रतिरोधी भवनहरू बन्ने,<br>ग. महामारीजन्य प्रकोप लक्षित साधनस्रोतले बालबालिकाहरूको राम्रो स्वास्थ्य निर्माणमा सहयोग पुग्ने,<br>घ. विद्यार्थीहरूमा सामाजिक एकता र परोपकार जस्ता कुशल बानीहरूको निर्माण हुने,<br>ङ. विद्यालयमा सिकेका विपद् न्यूनीकरण तथा पूर्व तयारी सम्बन्धी ज्ञानले सिङ्गो समुदाय लाभान्वित हुने,<br>च. विद्यालय संरचनाहरु स्तरीय हुने,<br>**छ.** विपदको समयमा खोज उद्धार प्राथमिक उपचार रात संकलन र वितरणमा सहयोग पुग्ने सुरक्षित पैदल मार्ग र सडक बन्न सहयोग पुग्ने, | क. सबै विद्यालय भवनहरू विभिन्न विपद तथा प्रकोपबाट सुरक्षित हुनेगरी निर्माण गर्नका लागि स्रोत अभाव हुनु।<br>ख. कमजोर भूगोलमा अवस्थित बाढी पहिरोको जोखिम भएका विद्यालय वन क्षेत्रको नजिक भएका र आगलागिको जोखिम भएका विद्यालयलाई पूर्ण नक्साङ्कन गरी उपयुक्त स्थानमा सार्नु।<br>ग. विद्यालय व्यवस्थापन का लागि साधन स्रोत र आकस्मिक कोष नहुनु।<br>घ. विद्यालय स्तरीय विपद व्यवस्थापन एवं विद्यालय सुरक्षा योजना निर्माण नगरिनु<br>ङ. विद्यार्थीहरु आवतजावत गर्ने पैदल मार्ग तथा सडक सुरक्षित नहुनु।<br>**च.** राज्यले एक विद्यालय एक स्वास्थ्यकर्मीको अवधारणा लागू गर्न नसक्नु |

### ४.५.२ उद्देश्य

झिमरुक गाउँपालिकाले विद्यालय सुरक्षा विपद न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धी निम्न उद्देश्यहरू राखेको छ।

क. विद्यालयमा आउन सक्ने सम्भावित विपदको न्यूनीकरण तथा उत्थानशीलताका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
ख. विपदको समयमा तत्काल खोज उद्धार प्राथमिक उपचार स्वास्थ्य संस्था तथा अस्पताल लैजाने कार्यमा सहयोग पुऱ्याउनु,
ग. विपद पीडितहरूका लागि राहत संकलन र वितरणमा सहयोग पुऱ्याउनु,
घ. विद्यार्थीहरूमा अनुशासन परोपकार जस्ता असल गुणहरूको विकास गर्नु,
ङ. विद्यालय सुरक्षा योजना निर्माण गर्नु,

### ४.५.३ रणनीतिहरु

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि झिमरुक गाउँपालिकाले अपनाउने रणनीतिहरू

क. भूकम्पप्रतिरोधी भवनहरू निर्माण गर्ने,
ख. तालिम प्राप्त जनशक्ति तयार गर्ने,
ग. विपद न्यूनीकरण तथा उत्थानशीलताका लागि कोष खडा गर्ने,
घ. विपदको समयमा खोज उद्धारका लागि स्वयंसेवक तयार गर्ने,
ङ. विद्यालयहरूमा प्राथमिक उपचार सामग्री उपलब्ध गराउने,
च. विद्यालयहरूलाई घाइते बोक्ने स्टेचर उपलब्ध गराउने,
छ. विपद पीडितहरूका लागि रात सङ्कलन समितिहरू बनाउने,
ज. संकलित राहत साधन स्रोतको भरपर्दो र पारदर्शी वितरणमा ध्यान दिने,
झ. बाल क्लब गठन गरी नचेतना अभिवृद्धिमा सहयोग पुऱ्याउने,
ञ. विद्यालयमा विपत् सम्बन्धी अतिरिक्त क्रियाकलापहरु गराउने कुरामा ध्यान दिने,
ट. विद्यालय सुरक्षा योजना अनुरुप तयार हुने र योजना निर्माण गर्ने,
ठ. विभिन्न सरोकारवाला संघसंस्था निकायहरूसँग समन्वय गरी कार्ययोजना निर्माण गर्ने,

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशील योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

क. झिमरुक गाउँपालिकामा विपद् प्रतिकार्य संयन्त्र कोष निर्माण भई कार्यान्वयनमा आएको हुनेछ।
ख. महामारीको समयमा वैकल्पिक शिक्षा सिकाइमा सहयोग पुग्नेछ।
ग. विपदको कारणबाट गाउँपालिकामा आर्थिक भौतिक र मानवीय क्षतिमा कमी आएको हुनेछ।
घ. भूकम्प प्रतिरोधात्मक विद्यालय भवनको संख्यामा वृद्धि भएको हुनेछ।
ङ. परोपकारी र नैतिकवान शैक्षिक जनशक्ति उत्पादन भएको हुनेछ ।
च. विपदमा सहयोग पुऱ्याउने तालिम प्राप्त जनशक्ति उपलब्ध हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुरक्षा योजना निर्माण गरेका विद्यालय सङ्ख्या | ० | १० | १० | १० | १० | १० |
| २ | प्राथमिक उपचार सामग्री उपलब्ध भएका विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ३ | विपद प्रतिरोधी विद्यालय भवन सङ्ख्या | १० | ५ | ५ | ५ | ५ | ५ |
| ४ | विपद प्रतिकार्य संयन्त्र कोष निर्माण गरिएका विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ५ | विपत सम्बन्धित तालिम | ० | ५ | ५ | ५ | ५ | ५ |
| ६ | सुरक्षित कम्पाउण्डको व्यवस्था भएका विद्यालय सङ्ख्या | १० | ५ | ५ | ५ | ५ | ५ |
| | | | | | | | |

## ४.५.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति निर्माण | पटक | १ | | | | | १ | २ | |
| २ | लक्षित समूहलाई तालिम जु. रे.स., वि.व्य.स. शि.अ.स. | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | विद्यालयमा विपत सम्बन्धी घटना अभ्यास गतिविधिहरू | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विपद् प्रतिरोधी विद्यालय सङ्ख्या विद्यालयमा पदाधिकारीहरूलाई प्रशिक्षण | वटा | ५ | ५ | ५ | ५ | ५ | ३० | ५० | |
| ६ | प्राथमिक उपचार वाकस, स्ट्रेचर, झटपट झोला व्यवस्थापन भएका विद्यालय सङ्ख्या | वटा | ५ | १० | १० | १० | १० | ४५ | ६४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय सुरक्षा योजना निर्माण गरेका विद्यालय सङ्ख्या | वटा | १० | १० | १० | १० | ११ | ५१ | ५१ | |
| ८ | विद्यार्थीहरूको रक्त समूह परीक्षण | जना | ० | ५० | ५० | ५० | ५० | २०० | ४०० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक पर्ने पूर्वसर्तलाई पूर्वाधार भनिन्छ। पूर्वाधारको विकासबिना मुलुकको समुन्नति विकास कल्पना गर्न सकिँदैन। विकासको पूर्वाधारको प्रभावकारी सञ्चालन सक्षमता अभिवृद्धिलाई नै पूर्वाधार विकास भनिन्छ। पूर्वाधार विकास मुलुकको विकासको पूर्वसर्त हो। विकासका लागि पूर्वाधार विकास अनिवार्य र अपरिहार्य शर्त हो। नेपालको विकास कमजोर हुनुमा पूर्वाधारको अपेक्षित र सुदृढ विकास नहुनु प्रमुख कारण हो। विद्यालय भौतिक पूर्वाधार विकास सामाजिक पूर्वाधार विकासमा पर्दछ। यस अन्तरगत शान्त विद्यालय वातावरण फराकिला र उज्यालो कक्षा कोठाहरू उपयुक्त डेस्क बेन्च सेतोपाटीको व्यवस्था छात्रा शौचालय छात्र शौचालय फराकिलो खेलमैदान शान्त वातावरणमा अध्ययन गर्नको लागि पुस्तकालय विभिन्न प्रकारका शुक्रबारे अतिरिक्त क्रियाकलाप एवं अन्य कार्यक्रमहरू सञ्चालन गर्न हल शुद्ध पिउने पानीको व्यवस्था इत्यादि कुराहरू विद्यालय भौतिक पूर्वाधारमा पर्दछन्

विद्यालय भौतिक पूर्वाधार विकासबिना गुणस्तरीय शिक्षण सिकाइ हुन सक्दैन । विद्यालयको वातावरण शान्त मनोरम र सफा हुनुपर्छ। विद्यालय ज्ञान संस्कार र अनुशासनका कुरा सिक्ने सिकाउने ज्ञानको मन्दिर हो जहाँ धेरै कुराहरू त विद्यार्थीहरूले देखेर सिक्न सकुन् । यस प्रकारको सुन्दर वातावरण निर्माण गर्न स्थानीय समुदाय प्रधानाध्यापक शिक्षक व्यवस्थापन समितिको कुशल नेतृत्व हुनुपर्छ। विद्यालयप्रति निकै चासो दिने र बालबालिकाहरूको अनुहारमा भविष्यका कर्णधारहरूको तस्बिर देख्ने प्रधानाध्यापक तथा व्यवस्थापन समितिले अवश्य पनि विद्यालय भौतिक पूर्वाधार विकास गर्न सक्छ । विद्यालयका कक्षाकोठालाई बालमैत्री अपाङ्गमैत्री र सिकाइ मैत्री बनाउन सकिन्छ। विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड -२०८० ले पनि विद्यालयभित्र न्यूनतम पूर्वाधारहरूको व्याख्या गरेको छ। विद्यालय क्षेत्र सुधार योजनाले पनि विद्यालयभित्र सम्पूर्ण पूर्वाधार पूरा भएको हुनुपर्ने कुरालाई उल्लेख गरेको छ। विद्यालयलाई महत्त्वपूर्ण सिकाई संगठनको रुपमा विकास गर्नको लागि सक्षम गुणस्तर सक्षमता र सुशासन सहित आदर्श वातावरण निर्माण गरिनुपर्छ । त्यसैगरी विद्यालय भित्रको वातावरण शान्त आनन्द र रमाइलो हुनुपर्छ। विद्यार्थीहरूभित्र रहेको असीम प्रतिभालाई बाहिर प्रकट गराउन सकिने प्रकारको शिक्षण सिकाइ क्रियाकलाप र अतिरिक्त क्रियाकलाप सञ्चालन भएको हुनुपर्छ । विद्यार्थीहरुले आफ्नो लक्ष्य निर्धारण गर्न र लक्ष्य प्राप्तिका लागि निरन्तर साधना गर्ने अभ्यास गर्दै ज्ञानको लागि विद्यालयभित्र शैक्षिक गतिविधि अगाडि बढाउनुपर्छ । यसको लागि प्रमुख भूमिका खेल्छ । त्यसैगरी विद्यालयभित्र विद्यार्थी परामर्श पद्धतिलाई अनिवार्य रुपमा लागू गर्नुपर्छ। त्यसैगरी प्रत्येक कक्षाको प्रत्येक विद्यार्थीको पारिवारिक पृष्ठभूमि विद्यार्थीको रुचि विद्यार्थीको मनोविज्ञानलाई बुझेर कोषलाई व्यक्तिगत रुपमा अलग्गै राखी सल्लाह सुझाव र परामर्श दिने परामर्शदाता र परामर्श कक्षको समेत निर्माण हुनेछ। विद्यालयका सम्पूर्ण कक्षाकोठाहरु पुस्तकालय कार्यालयहरूमा सिसी क्यामेरा जडान गरिनेछ। सबै कक्षाकोठामा आइसिटी बोर्ड रहनेछन् र डिजिटल माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएका हुनेछन्। विद्यार्थीहरूले पठनपाठन गर्ने कक्षाकोठाहरू भूकम्पप्रतिरोधी घामपानी छेक्ने भएको भुइँ र भित्ताहरू प्लास्टर गरिएका वा राम्रोसँग लिपपोत गरिएका हुनेछन् । कक्षाकोठा फराकिला र पर्याप्त उज्याला विद्यार्थीहरूलाई सहज हुने प्रकारका डेस्क बेन्चहरुको व्यवस्था हुनेछ । प्रत्येक कक्षाकोठा कम्तीमा ह्वाइट बोर्डदेखि अन्तिम व्यञ्जसम्मको दूरी ७ मिटर रहनेछ। कक्षा १ देखि ३ कक्षासम्म का विद्यार्थीहरूको लागि प्रत्येक कक्षाको भुइमा न्यानो बसाइ व्यवस्थापनका लागि P-mate त्यसमाथि कार्पेट र होचा टेबलहरू को व्यवस्था हुनेछ । साथै कक्षा कोठाका भित्ताहरूमा रङ लगाई बालबालिकाका पठन सामग्रीहरू अल्फाबेट बाह्रखरी अङ्कहरू इत्यादि भित्तामा चिटिक्क पारेर लेखिनेछ । साथै पाठसित सम्बन्धित शैक्षिक सामग्रीहरूलाई कोठाको वरिपरि झुण्ड्याएर राखिनेछ। जसले विद्यार्थीहरूमा

रमाइलो वातावरण सिर्जना गर्नेछ र सिकाईतर्फ आकर्षण बढ्नेछ। कक्षा ४ र कक्षा ५ का विद्यार्थीहरूको लागि उनीहरूको उमेर र शारीरिक संरचना अनुसार साना देशको व्यवस्था गरी कक्षाकोठामा राख्नु पर्छ । विज्ञान प्रयोगशालाको निर्माण गर्दा प्रयोगशाला निर्माण र प्रयोगको प्रावधानलाई निर्माण गरिनेछ । शौचालय छात्रछात्राहरूको लागि अलग-अलग निर्माण हुनुपर्छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा भवन कक्षा कोठा फर्निचर प्रयोगशाला शौचालय पिउनेपानी पुस्तकालय बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिम मुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री र हरित विद्यालयको रूपमा विकास गर्ने गरिएको नीतिगत व्यवस्थालाई पनि ख्याल गर्दै भौतिक संरचनाको विकास गर्नुपर्ने हुन्छ ।

### ४.६.१ वर्तमान अवस्था

विद्यार्थीहरू विद्यालयमा भर्ना हुनको लागि शान्त र सुरक्षित विद्यालय पढ्नको लागि कक्षा कोठा खेल्नको लागि खेलमैदान शौचका लागि शौचालय पिउन र सरसफाईको लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।

एक जना विद्यार्थीले सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको लागि बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मि र उच्च आधारभूत तह वा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मि बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको र विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० ले १७ वटा भौतिक संरचनाहरू निर्धारण गरी कक्षा १ देखि कक्षा ८ सम्म प्रति विद्यार्थी न्यूनतम १ .०० र माविको लागि १.२० वर्ग मि र कक्षा कोठा छ वर्ग मिटरभन्दा कम ह्वाइट बोर्ड देखि अन्तिम बेन्चको दूरी ७ मिटर भन्दा टाढा नहुने र उचित सुविधाजनक डेस्क बेन्चको व्यवस्था तर बाल विकास र कक्षा १ देखि कक्षा ३ का बालबालिकाहरूको लागि न्यानो त्यसमाथि कार्पेट र बस्ने चकटीबलको व्यवस्था र प्रयोगशालामा जम्मा विद्यार्थी संख्याको १० प्रतिशतलाई आधार मानी प्रति २. ४ वर्ग मिटरको सबै विद्यालयमा छात्र छात्राको लागि अलग शौचालय हुनेछन् । अबको १० वर्षभित्र **झिमरुक** गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूमा कक्षा कोठाको राम्रो व्यवस्थापन फर्निचरको राम्रो व्यवस्था विज्ञान प्रयोगशाला शौचालय पिउने पानी पुस्तकालय बुक कर्नर खेलमैदान प्रत्येक विद्यालयमा विद्युत जडान गरी इन्टरनेटको जडान डिजिटल प्रणालीबाट समेत अध्ययन अध्यापन कार्यको सुरुवात हुनेछ।

### ४.६.२ उद्देश्य

विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित स्थानीय तहका निम्नानुसार हुनेछन्:

**उद्देश्य**

१) बालबालिकालाई सुरक्षित, भयमुक्त र शान्त वातावरणको विकास गराउने,
२) समुदायका बालबालिकाहरूलाई विद्यालयमा आकर्षित गर्ने,
३) विद्यालयमा बालमैत्री र अपाङ्गमैत्री / प्रविधिमैत्रीवातावरण निर्माण गर्ने,
४) बालबालिकालाई प्रयोगात्मक कार्यको लागि प्रोत्साहन गर्ने,
५) बालबालिकालाई स्वच्छ पिउने पानी उपलब्ध गराउने,
६) बालबालिकालाई मनोरञ्जन र शारीरिक विकासको लागि खेल्ने वातावरण सिर्जना गर्ने,

### ४.६.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि अपनाउने रणनीतिहरु

**रणनीति**

१) आवश्यक पर्ने सम्पूर्ण सामग्री सहितको छुट्टै बाल विकास कक्षा कोठाको व्यवस्था गर्ने,
२) कक्षाकोठामा बालमैत्री बसाइव्यवस्थापन गर्ने,
३) विज्ञान प्रयोगशाला वा अन्य प्रयोगशाला कक्षाको व्यवस्थापन गरी अधिकतम प्रयोग गर्ने,
४) प्रयोगशाला नभएका ठाउँमा प्रयोगशाला निर्माण र प्रयोग गर्ने,

५) सबै विद्यालयहरूमा पिउने पानीको उचित प्रबन्ध मिलाउने,
६) सबै विद्यालयहरूमा स्वास्थ्यकर चमेना गृहको व्यवस्था गर्ने र विद्यार्थीहरूलाई सफा ताजा पोसिलो खाजा उपलब्ध गराउने,
७) सम्पूर्ण विद्यालयहरूमा भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० ले तोके बमोजिम न्यूनतम पूर्वाधारको व्यवस्थापन गर्न पहल गर्ने,
८) शिक्षण सिकाइ कार्य बालमैत्री अपाङ्ग मैत्री किसिमले गर्ने,
९) साहित्य सिर्जना खेल तथा अतिरिक्त क्रियाकलापमा शिक्षकहरूलाई कार्य विभाजनको जिम्मा लगाई थप र व्यवस्थित बनाउने,

**४.६.४ प्रमुख उपलब्धि तथा नतिजा**

**योजना को कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्न छन्।**

१) सबै बालविकास केन्द्रका कक्षाकोठाहरू छापामय हुने ।
२) अपुक भएका कक्षाकोठाहरू व्यवस्थित गरिएका हुनेछन् ।
३) विषयगत प्रयोगशाला निर्माण भई प्रयोग गरिएका हुनेछन्।
४) सफा, स्वच्छ पिउने पानी र सफा चमेनागृहको व्यवस्था भएको हुनेछ।
५) खेलकुद र अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरू नियमित सञ्चालनमा आउनेछन्।
६) विद्यालयभित्र शान्त मनोरम र सफा वातावरण सिर्जना भई विद्यार्थीहरु आकर्षित हुनेछन्।
७) झिमरुक गाउँपालिकाका सम्पूर्ण विद्यालयहरू स्रोत सम्पन्न भएका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवनको संख्या तथा निर्माण | | | | | | |
| २ | स्वच्छ सफा पिउनेपानी उपलब्ध भएका विद्यालय संख्या | | | | | | |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा संख्या | | | | | | |
| ४ | नयाँ निर्माण गर्नु पर्ने बालमैत्री, अपागमैत्री शौचालय संख्या | | | | | | |
| ५ | प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय संख्या | | | | | | |
| ६ | बाल उद्यान भएका विद्यालयको संख्या | | | | | | |
| ७ | अडिटोरियल हल सवाहल | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन पक्ष भएका विद्यालय संख्या | | | | | | |
| ८ | कम्पाउन्ड वरिपरि घेराबार भएको विद्यालयहरूको खेलमैदान संख्या | | | | | | |

### ४.६.५ प्रमुख क्रियाकलाप र  परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नयाँ कक्षाकोठा निर्माण | सङ्ख्या | | | | | | | | |
| २ | विद्यालयमा नयाँ कक्षा कोठा निर्माण विद्यालयमा नयाँ भवन निर्माण | सङ्ख्या | | | | | | | | |
| ३ | विद्यालयमा बनिसकेका भौतिक सामग्रीहरूको मर्मत सम्भार फर्निचर व्यवस्थापन | विद्यालय सङ्ख्या | | | | | | | | |
| ४ | छात्रछात्रालाई अलग्गै शौचालय पिउने पानी हात धुने पानीको उचित व्यवस्थापन | | | | | | | | | |
| ५ | बालमैत्री अपाङ्गमैत्री कक्षा कोठाको मर्मत | विद्यालय सङ्ख्या | | | | | | | | |
| ६ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी अनुसूची भर्ने संख्या | विद्यालय सङ्ख्या | | | | | | | | |
| ७ | विषयगत प्रयोगशालाको निर्माण | सङ्ख्या | | | | | | | | |
| ८ | कार्यक्रम सञ्चालन सभाहल स्टेजसहितको भएका विद्यालय सङ्ख्या | सङ्ख्या | | | | | | | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

विद्यालय भनेको विद्यार्जन गर्ने स्थान हो। विद्यालयमा सूचना तथा प्रविधिको अत्यन्तै आवश्यकता छ। सूचना भनेको सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम वा निर्णयसँगै सम्बन्धित कुनै लिखित सामग्री वा जानकारी हो । संसार भनेको सूचना तथा जानकारीलाई अर्थपूर्ण ढंगले आर्दान प्रदान गर्ने कार्य नै सञ्चार हो। आज सूचना तथा सञ्चार प्रविधिको कारणले शिक्षण सिकाइमा सहज सरल प्रभावकारी र दिगो बनाएको छ । आजको विकासे जमानामा शिक्षा र सूचना प्रविधिको बीचमा गहिरो सम्बन्ध रहेको छ। आजभोलि सूचना प्रविधिले संसारलाई नै एउटा गाउँ जस्तै बनाएको छ । आजको युगलाई विज्ञान तथा सूचना प्रविधिको युग भनिन्छ। विद्यार्थीमा सूचना सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको एक अभिन्न साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्दा राम्रो हुन्छ। आजको योग सूचना तथा प्रविधिमा अगाडि भए तापनि सबै विद्यालयमा सूचना तथा सञ्चारका साधनहरु पुगिसकेको अवस्था छैन। धेरैजसो माध्यमिक विद्यालय र आधारभूत तहको कक्षा ६-८ मा यसको पहुँच भएतापनि प्रावि तहमा सो सुविधा पुगेको छैन सबै प्रकारका शिक्षाको जग नै प्रावि तह हो। सूचना तथा प्रविधिका साधन भएका विद्यालयमा पनि प्रविधि मैत्री शिक्षकको व्यवस्था राम्रो नभएकोले प्रभावकारी रुपमा प्रयोग हुन सकेको छैन । त्यसैले विद्यालयलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउन दक्ष तथा योग्य प्रशिक्षकको व्यवस्था गर्नु आजको आवश्यकता महसुस गरिएको छ।

### ४.७.१ वर्तमान अवस्था

देशमा सुशासन कायम गर्न विज्ञान प्रविधिको प्रयोगलाई बढावा दिने राज्यको लक्ष्य रहेको स्थितिमा यसको प्रयोग बढाउनुका साथै पहुँच र विस्तार गर्नु आजको आवश्यकता हो। झिमरुक गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा पहिलेको तुलनामा केही मात्रामा सूचना प्रविधिको पहुँच विस्तार भएको भएपनि कक्षा शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोगको अवस्था कमजोर नै रहेको छ। झिमरुक गाउँपालिका भित्रका सबै मावि तथा आधारभूत विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको सुविधा पुगिसकेको अवस्था छ। कतिपय विद्यालयमा स्रोत र साधन छ तर शिक्षण सिकाई गर्न दक्ष र योग्य शिक्षकको व्यवस्था छैन माध्यमिक विद्यालयमा उपलब्ध गराइएको व्यवस्था केही समय प्रयोग भएको तर अहिले पछिल्लो समय धेरै विद्यालयहरूमा प्रयोगविहीन अवस्थामा रहेको छ। सूचना तथा सञ्चार प्रविधिको सुविधा भएको विद्यालयमा स्थानीय तहले निरन्तर अनुगमन गरी प्रयोगमा ल्याउन र डिजिटल सामग्रीहरूको प्रयोग गरी विद्यार्थीहरूको सूचना प्रविधिमा पहुँच पुर्याउन अति आवश्यक रहेको देखिन्छ ।

**सबल पक्षहरू**

क) माध्यमिक तथा आधारभूत तहसम्म सूचना तथा सञ्चार प्रविधिको उपलब्धता,
ख) माध्यमिक विद्यालयहरूमा ई-हाजिरीको व्यवस्था,
ग) इन्टरनेटको जडान गरिएको,
घ) शिक्षकलाई तालिमको व्यवस्था गरिएको,
ङ) पाँचवटा विद्यालयहरूमा सीसीटीभीको व्यवस्था मिलाइएको,
च) केही माध्यमिक विद्यालयहरूमा डिजिटल पुस्तकालयको व्यवस्था,
छ) पाँचवटा विद्यालयहरूमा विद्यार्थीहरूका लागि प्रयोग गर्न सक्ने गरी कम्प्युटर प्रयोगशालाको व्यवस्था,

**सुधार गर्नुपर्ने पक्षहरू**

क) विद्यालयमा उपलब्ध इन्टरनेटको सुविधालाई विद्यार्थीको सिकाइसँग जोड्ने व्यवस्था,
ख) गाउँपालिकाले प्रविधिमैत्री शिक्षामा जोड दिन तदारुक्ता देखाउनु,

**चुनौतीहरू**

क) दक्ष तथा योग्य आईसीटी शिक्षकको सबै विद्यालयमा व्यवस्था नहुनु,
ख) विद्यालयहरूमा रहेको इन्टरनेटको क्षमता कमजोर हुनु,
ग) विद्यालयले सूचना तथा सञ्चार प्रविधिलाई प्रभावकारी सिकाइसँग जोड्न नसक्नु,

### ४.७.२ उद्देश्य

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित उद्देश्यहरू:

क) सबै विद्यालयहरू सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने,
ख) प्रविधिमैत्री शिक्षण क्रियाकलापको प्रयोगबाट सिकाइ सहजीकरण गर्नु,
ग) सबै बालबालिकाको सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना प्रविधिको विकास गर्न,

### ४.७.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीतिहरुः

क) सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा विद्यालयका सम्पूर्ण शिक्षकलाई आईसीटी तालिमको व्यवस्था गर्ने,
ख) विद्यालयमा भरपर्दो इन्टरनेट र उपकरणको पहुँच विस्तार गर्ने,
ग) सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण क्रियाकलाप गराई सिकाइ उपलब्धि वृद्धि गर्ने,
घ) डिजिटल सामग्रीहरू र तिनको समुचित प्रयोग गर्ने,
ङ) उपलब्ध स्रोतसाधनलाई बढीभन्दा बढी प्रयोगमा ल्याउन जोड दिने,
च) विद्यार्थीहरूलाई प्रत्यक्ष रुपमा आईसीटी प्रयोगशालामा नै प्रयोगात्मक क्रियाकलापमा जोड दिने,
छ) बालबालिकाहरूलाई डिजिटल पुस्तकालय तथा आईसीटी प्रयोगशालामा पहुँच सहज गराउने,
ज) बालबालिकाहरूलाई धेरैभन्दा धेरै खोज तथा अनुसन्धान विधिको प्रयोग गरी शिक्षण गर्ने,
झ) इन्टरनेटमा आधारित परियोजना कार्य तथा खोजकार्यमा बालबालिकाहरूलाई सरिक बनाउने,
ञ) एआई तथा डिजिटल सफ्टवेयरको उच्चतम उपयोगलाई जोड दिने,

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र.सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको संख्या | | | | | | |
| २ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | | | | | | |
| ३ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायत प्रविधिको प्रयोग भएको विद्यालय | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | | | | | | |
| ४ | विद्युतीय पुस्तकालय र आईसीटी ल्याब भएका विद्यालय संख्या | | | | | | |
| ५ | डिजिटल स्मार्ट बोर्ड उपलब्ध भएका विद्यालय संख्या | | | | | | |
| ६ | विद्यालयको व्यवस्थापकीय कार्यमा डिजिटल एपको प्रयोग गर्ने विद्यालय संख्या | | | | | | |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | ICT संरचना विस्तार गरी ई–लाइब्रेरी स्थापना भएका विद्यालय | वटा | | | | | | | | |
| २ | Internet Connectivity को व्यवस्था विद्यालय | वटा | | | | | | | | |
| ३ | विद्यालयहरूमा स्मार्ट बोर्डको जडान भएका विद्यालय | | | | | | | | | |
| ४ | शिक्षकहरूको ICT सम्वन्धि क्षमता विकास | जना | | | | | | | | |
| ५ | विद्यालय व्यवस्थापन सफ्टवेयर प्रणाली जडान | | | | | | | | | |
| ६ | शिक्षण सिकाइमा प्रविधिको प्रयोग गर्ने विद्यालय | | | | | | | | | |
| ७ | दृष्टिविहीन तथा सुनाइ क्षमता | वटा | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रबन्ध गर्ने विद्यालय | | | | | | | | |

## परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

सुशासन भनेको असल वा राम्रो ढङ्गले गर्ने शासन व्यवस्था हो। सुशासन विकासको अनिवार्य सर्तसमेत हो। राज्यद्वारा प्रदान गरिने हरेक सेवा सुविधाहरूमा सुशासन हुनुपर्दछ। सुशासनले मात्र कुनै पनि देशले चौतर्फी विकासमा फड्को मार्न सक्छ। शिक्षा विकासको मेरुदण्ड हो। हरेक प्रकारका विकास निर्माणहरूको शिक्षारुपी चाबीले मात्र खोल्न सक्छ। शिक्षालाई देशको विकास र वर्तमान विश्व परिवेशसँग जोड्नुपर्दछ। शिक्षाले उत्पादन गरेको शैक्षिक जनशक्ति देश विकासमा टेवा पुऱ्याउनुका साथै आजको अत्याधुनिक विकासयुक्त विश्व परिवेशसँग मेल खानुपर्दछ। यस प्रकारको जनशक्ति तयार पार्ने शिक्षालाई नेपालको संविधान २०७२ को धारा ३९ मा मौलिक हकका रुपमा शिक्षासम्बन्धी हक राखिएको छ। संविधानको मर्मअनुसार प्रत्येक नागरिकलाई शिक्षा प्रदान गर्नुपर्दछ । शिक्षासँग सम्बन्धित सरोकारवाला निकाय तथा पक्षहरूले सुशासनको प्रत्याभूतिलाई उचित शैक्षिक व्यवस्थापनमा ध्यान दिनु आजको अनिवार्यआवश्यकता देखिन्छ। सबैले आआफ्नो जिम्माको कामलाई जवाफदेही तरिकाले पूरा गर्नुपर्छ। तोकिएको जिम्मेवारी सम्बन्धित पक्षले पूरा गरे नगरेको भरपर्दो र पारदर्शी तरिकाले सुपरिवेक्षण तथा अनुगमन गर्दै असल कार्य गर्ने शैक्षिक संस्था तथा कार्यालयहरूलाई प्रोत्साहन गर्ने र असल कार्य गर्ने कोसिस गरिरहेकाहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्ने र लापरवाही गर्ने तथा नीति नियम उल्लङ्घन गरी अधिकार दुरुपयोग गर्नेहरूलाई कारबाही गरेको खण्डमा शिक्षामा सुशासन स्थापित गर्न सकिन्छ।

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

उचित शैक्षिक वातावरण तयार पार्दै उपलब्ध सीमित शैक्षिक साधनस्रोतहरूको व्यवस्थित प्रयोग गरी उद्देश्य पूर्तिका लागि स्रोतसाधनहरूको परिचालन गर्नु नै शिक्षाको व्यवस्थापन हो। संस्थामा विकासको व्यवस्थापनमा संस्था क्षमताको महत्त्वपूर्ण सरोकार राख्दछ । संस्थागत क्षमता विकासलाई ध्यान दिनु वाञ्छनीय देखिन्छ।

#### ६.१.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ मा स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मा दिइएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । विद्यालय तहलाई शिक्षासम्बन्धी यस प्रकारको जिम्मेवारी प्रदान भएसँगै शैक्षिक जनशक्ति उत्पादनको आधार स्तम्भ मानिने विद्यालय तहको शिक्षाको उचित व्यवस्थापन गरी उद्देश्य पूरा गर्नका लागि पालिका भित्रका विद्यालयहरूको संस्थागत क्षमता विकासमा ध्यान दिनु अनिवार्य देखिन्छ।

झिमरुक गाउँपालिकाको सन्दर्भ केलाएर हेर्दा वर्तमान संस्थागत संरचना को विवरण निम्नअनुसार रहेको छ।

| |
|---|
| कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालय- पाँचवटा ( एकवटा प्राविधिकधारको पढाइ पनि हुने) |
| कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालय- सातवटा |
| कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालय –चारवटा |

| |
|---|
| कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालय- |
| समुदायमा आधारित बाल विकास केन्द्र- १२ वटा |
| विद्यालयमा आधारित बाल विकास केन्द्र- ४० वटा |
| संस्थागत तर्फ कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालय- एक वटा |
| संस्थागततर्फ कक्षा १ देखि ५ सम्म र १ देखि ८ सम्म सञ्चालित विद्यालय- छ वटा |

झिमरुक गाउँपालिका भित्रका सबै शैक्षिक संस्थाहरूमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रदान गरिएका २३ वटा अधिकारहरूमा केन्द्रित रही विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समितिहरू गठन गरिएका छन्। गाउँपालिकाका अनुदानमा शिक्षक नियुक्ति विद्यार्थी संख्याका आधारमा दरबन्दी मिलान, आवश्यक भौतिक संरचना निर्माण, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि ल्याब आदिको व्यवस्था गरिएको छ। शैक्षिक गुणस्तर वृद्धिमा सहयोग पुगोस् भन्ने उद्देश्यले पालिका स्तरीय परीक्षा, एसइइ परीक्षा उत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने विद्यालय, प्रधानाध्यापक, विषय शिक्षक र विद्यार्थीहरूलाई पुरस्कृत गर्ने गरिएको छ। विद्यालयले SIP निर्माण, वार्षिक कार्य पात्रो निर्माण, लेखा परीक्षण जस्ता तोकिएका गतिविधिहरु समयमा गर्नको लागि अभिप्रेरित गरिएको छ। कक्षा ५ र ८ का पालिका स्तरीय परीक्षालाई मर्यादित गराई सञ्चालन गर्ने प्रयत्न गरिएको छ। विद्यालयहरूमा बाल क्लब, जुनियर युवा रेडक्रस, स्काउट गठन हुँदा बालबालिकाहरूमा अन्तर्नित प्रतिभा प्रस्फुटन हुनुका साथै संस्थागत विकास टेवा पुगेको देखिन्छ। यस प्रकार आवश्यक शैक्षिक वातावरण तयार गर्दै शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास गरी शैक्षिक सुशासन प्रदान गर्ने जमर्को गरिएको छ।
यस गाउँपालिकामा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासमा देखिएका असर र चुनौतीहरुलाई निम्नअनुसार उल्लेख गरिएको छ।

**अवसरहरू**

- शैक्षिक सूचकहरू सकारात्मक बन्ने,
- संस्थागत भौतिक विकासमा सहयोग पुग्ने,
- शिक्षाको विकासमा प्रतिस्पर्धी भावनाको विकास हुने,
- इन्टरनेटको पहुँच विस्तार हुने र प्रविधिमैत्री सहयोग हुने,
- योग्य शैक्षिक जनशक्ति उत्पादनमा सहयोग हुने,

**चुनौतीहरू**

- बालमैत्री कक्षाकोठा, शौचालय, कम्पाउन्ड, खेलमैदान आदि निर्माणका लागि पर्याप्त स्रोतको उपलब्धता नहुनु,
- सबै शिक्षकहरू प्रविधि प्रयोग गर्न सक्ने नहुनु,
- व्यवस्थित विज्ञान प्रयोगशाला, ई–लाइब्रेरीआदिको व्यवस्था गर्न नसक्नु,
- अपाङ्गतामैत्री भौतिक संरचना निर्माण नहुनु,
- करारमा कार्यरत शिक्षक पद खाली भइरहने अवस्था आउँदा पठनपाठन गतिविधिहरू सोचेबमोजिम सञ्चालन नहुनु,

## ६.१.२ उद्देश्य

झिमरुक गाउँपालिकाले शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासका लागि निम्न उद्देश्यहरू राखेको छ ।

- स्थानीय तहको आवश्यकताअनुसार शैक्षिक जनशक्ति व्यवस्थापन गर्नु,

- विद्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्नु,
- सबै सरोकारवालाहरूलाई सुशासनका क्रियाकलापमा सक्रिय सहभागी गराउनु,

### ६.१.३ रणनीतिहरू

संस्थागत क्षमता विकासका लागि राखिएका उद्देश्यहरु हासिल गर्नका लागि निम्न बमोजिमका रणनीतिहरू अपनाइनेछन् ।

- झिमरुक गाउँपालिकामा उपलब्ध र थप आवश्यक पर्ने शैक्षिक जनशक्तिको उपलब्धताबारे अध्ययन गर्ने,
- स्थानीय स्तरमा सञ्चालन गर्न सकिने सीपमूलक गतिविधिहरू स्थानीय पाठ्यक्रममा समावेश गर्ने,
- विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ,
- विद्यालयहरूमा आवश्यकत अनुसारको जनशक्तिको विकास गर्ने,
- विद्यालयको सामाजिक परीक्षणमा जनसहभागिता गराउने,
- विद्यालयमा बाल क्लब गठन गरी विभिन्न सूचनामूलक गतिविधिहरूमा जानकारी गराउने,
- अभिभावक, शिक्षक, विद्यार्थी र अन्य स्थानीय स्तरका संघसंस्थाहरूको शैक्षिक अन्तरक्रिया गर्ने,

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

यस गाउँपालिकाले १० वर्षे शिक्षा व्यवस्थापन तथा सुशासनमा निम्न उपलब्धि हुने अपेक्षा गरेको छ।

- गाउँपालिकाका लागि आवश्यक पर्ने शैक्षिक जनशक्ति तयार हुनेछ।
- विद्यालयहरूको आर्थिक, भौतिक र शैक्षिक अवस्था राम्रो हुनेछ।
- संस्थागत क्षमता अभिवृद्धि भई सुशासनमा सहयोग हुनेछ।
- शिक्षकको पेशागत क्षमता विकासमा सहयोग पुग्नेछ।
- बालमैत्री र अपाङ्गतामैत्री भौतिक संरचना निर्माण भई गुणस्तर अभिवृद्धिमा सहयोग पुग्नेछ।

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

यो योजना कार्यान्वयन भएपछि शिक्षा व्यवस्थापन तथा सुशासनमा निम्न नतिजा प्राप्त हुनेछ।

१. भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | तालिम प्राप्त विषय शिक्षक सङ्ख्या प्रतिशतमा | | | | | | |
| २ | सरोकालवालाहरूलाई तालिम कार्यशाला | | | | | | |
| ३ | मापदण्ड बमोजिम प्र.अ. नियुक्ति भएका विद्यालय | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | समयमै लेखा परीक्षण गराउने विद्यालय संख्या | | | | | | |
| ५ | समयमै विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय संख्या | | | | | | |
| ६ | विपद प्रतिरोधी बालमैत्री विद्यालय भवन | | | | | | |
| ७ | गुनासो सुझाव पेटिका,सूचना पाटी, प्राथमिक उपचार कक्ष व्यवस्थापन गर्ने विद्यालय संख्या | | | | | | |
| ८ | पालिकाको एसइइको औसत सिकाइ उपलब्धि वृद्धि अङ्कमा | | | | | | |

### ६.१.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

शिक्षा व्यवस्थापन र सुशासनका क्षेत्रमा निम्न प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य हासिल हुनेछ।

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षासम्बन्धी आवश्यक निर्देशिका कार्यविधि निर्माण तथा परिमार्जन | वटा | | | | | | | | |
| २ | प्रत्येक वर्ष उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीलाई पुरस्कृत | | | | | | | | | |
| ३ | शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान | निरन्तर | | | | | | | | |
| ४ | दिवा खाजा विद्यार्थीको स्वास्थ्य पोषण सुरक्षा | निरन्तर | | | | | | | | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने गराउने | निरन्तर | | | | | | | | |
| ६ | बाससहितका छात्र छात्रा र अपाङ्गमैत्री शौचालय निर्माण | निरन्तर | | | | | | | | |
| ७ | डिजिटल लाइब्रेरी निर्माण | | | | | | | | | |
| ८ | शैक्षिक तालिम अन्तरक्रिया कार्यशाला | | | | | | | | | |
| ९ | प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गरेका विद्यालयको सङ्ख्या | | | | | | | | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

स्थानीय तहले स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रम, योजना तथा रणनीतिहरूमा उपलब्ध स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएको छन् या छैनन् भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यक्रम कार्यान्वयनको लक्ष्य तथा प्रगतिका बारेमा समय तालिका अनुसार निरीक्षण, पर्यविक्षण, पुनर्निरीक्षण, रेखदेख जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने कामलाई योजना कार्यान्वयनको प्रबन्ध का रूपमा बुझिन्छ। स्थानीय शैक्षिक कार्यान्वयनको प्रबन्धलाई बलियो बनाउनको लागि कार्यक्रम कार्यान्वयनको समय पश्चात अनुगमन तथा मूल्याङ्कन गर्न जरुरी हुन्छ। शैक्षिक कार्यक्रमहरूको स्रोत साधनको विनियोजित तथा खर्च सही ठाउँमा प्रतिफल हुने खालको छ कि छैन भने मूल्याङ्कन गर्न जरुरी छ । शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी जवाफदेही र उत्तरदायीपूर्ण बनाउन स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध राम्रो हुन आवश्यक छ ।

यस गाउँपालिकाद्वारा निर्मित १० वर्षीय शिक्षा योजना लागू गर्नु र निर्दिष्ट उद्देश्य हासिल गर्न कठिन तथा चुनौतीपूर्ण कार्य हो। तथापि पालिकाको वस्तुस्थितिलाई नजर गर्दै शैक्षिक कार्यक्रममा भएका लगानीलाई पारदर्शी नतिजामुखी जवाफदेही र उत्तरदायीपूर्ण बनाउन उपलब्ध स्रोत साधनको सदुपयोग गरी कार्यान्वयन प्रबन्ध बलियो बनाउन पर्दछ।

### ६.२.१ वर्तमान अवस्था

ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू यस पालिकाबाट नियमित भइरहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको कार्यान्वयन प्रबन्ध कार्यको समन्वय सञ्चालन भइरहेका छन् ।

शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकार गराइनेछ। योजनाको कार्यान्वियनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्बन्धित वडाहरूले शैक्षिक योजना कार्यान्वयनको प्रबन्धसँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। शैक्षिक योजनाको कार्यान्वयनको क्रममा गाउँपालिकाका वडाहरू सम्बन्धित समिति तथा उपसमिति, विद्यालय, व्यवस्थापन समिति, प्रधानाध्यापकहरू, शिक्षक तथा अन्य सरोकारवालाहरूसँग बैठक अन्तरक्रिया छलफल, सहकार्य तथा समन्वय आवश्यकता अनुसार बस्नेछ।

| | |
|---|---|
| सबल पक्षहरू | • सबै सामुदायिक विद्यालयहरूमा शिक्षक अभिभावक तथा विद्यार्थीहरूको आचारसंहिता निर्माण गरी कार्यान्वयन भएको,<br>• विविध शैक्षिक योजना निर्माण गरी कार्यान्वयन तथा अनुगमन भएको,<br>• शैक्षिक क्यालेन्डर निर्माण कार्यदलले शैक्षिक क्यालेन्डर निर्माण गरी प्रभावकारी कार्यान्वयन भएको,<br>• आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षक निःशुल्क हुने संविधानको व्यवस्था अनुसार कार्यान्वयनमा ल्याइएको,<br>• विद्यालय भवन निर्माण, शैक्षिक सामग्री निर्माण तथा विद्यालय सुशासन कार्यमा सुधारका लागि कार्यक्रम नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन भएको,<br>• शिक्षक दरबन्दी मिलान, दरबन्दी थप पालिका अनुदान शिक्षक वितरण जस्ता कार्य सम्पन्न भएका,<br>• शिक्षक विद्यार्थी अनुपातलाई समायोजन गर्न प्रयत्न गरेको, |
| चुनौतीहरू | • सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाका अभिभावकहरूको विद्यालय एवं विद्यार्थीको सिकाइप्रति चासो घट्दै जानु,<br>• सामुदायिक विद्यालयमा नियुक्ति गरिएका थरिथरिका शिक्षकहरूका कारण पेशागत जिम्मेवारी कम हुनु,<br>• विद्यालयमा निर्माण गरिएका आचारसंहिताको कार्यान्वयनको पक्षलाई प्रभावकारी अनुगमन नहुनु,<br>• शैक्षिक योजना कार्यान्वयन पक्षको सुधारको लागि स्पष्ट कानुन मापदण्ड र निर्देशिका विकास नहुनु,<br>• एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको समीक्षा पक्ष बलियो नहुनु,<br>• शैक्षिक योजनाको लगानीदेखि नतिजासम्मको मूल्याङ्कन मजबुत नहुनु, |

## ६.२.२ उद्देश्य

योजनाको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित उद्देश्यहरु

- शैक्षिक योजना कार्यान्वयन प्रबन्धका लागि आवश्यक कानुन मापदण्ड र निर्देशिका विकास गर्नु,
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,
- शैक्षिक योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल ,
- शैक्षिक योजना कार्यान्वयनमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञसमूह सम्मेलित सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
- योजना कार्यान्वयन प्रबन्धलाई प्रभावकारी बनाउनका लागि अनुगमन तथा मूल्य घनलाई नतिजामुखी बनाउने,
- शैक्षिक कार्यक्रमहरूको स्रोत साधनको उपयुक्त प्रयोग तथा प्रतिफल मापन गर्ने ,
- शिक्षा योजना कार्यान्वयन गर्न बजेट तर्जुमा गर्न लगाउने,

## ६.२.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीतिहरू निम्न बमोजिम रहेका छन्।

- शैक्षिक योजना कार्यान्वयन प्रबन्धका लागि बजेट तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरूमा प्रत्येक महिना बैठक बस्ने र समीक्षा गरी सोको प्रतिवेदन शाखामा पेश गर्ने संयन्त्र तयार गरिनेछ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचनासहित कार्यान्वयन गरिनेछ।
- शैक्षिक सुधारका लागि संघ प्रदेश तथा विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी अगाडि बढिनेछ।
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ।
- प्रविधिको प्रयोग गरी शैक्षिक योजना कार्यान्वयनको पक्षलाई अनुगमन तथा मूल्याङ्कन छिटो छरितो व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- पालिका स्तरमा शिक्षासम्बन्धी विषयमा कार्यशाला गोष्ठी, सेमिनार शैक्षिक सम्मेलन तथा प्रदर्शनीको आयोजना गर्ने तथा शिक्षक तालिम दिइनेछ।
- योजनाको कार्यान्वयन एवं शैक्षिक उपलब्धिको सही मूल्याङ्कन गर्ने सूचक तयार गरी लागू गरिनेछ।
- अभिभावकहरूलाई अभिभावकीय शिक्षाको व्यवस्था गरी योजना कार्यान्वयनप्रति जिम्मेवार बनाइनेछ।
- कक्षा कोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन मूल्याङ्कन सुपरिवेक्षण एवं प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ।

## ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

## उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

- शैक्षिक योजना कार्यान्वयन प्रभावकारी बनाउन अनुगमन प्रणाली व्यवस्थित भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुनेछ ।
- विद्यार्थी उपलब्धि विद्यार्थी उपलब्धि परीक्षणका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुनेछ।
- आवश्यकतामा आधारित योजना कार्यान्वयनका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।
- शैक्षिक योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

**प्रमुख नतिजा**

- नतिजामा आधारित अनुगमन प्रणालीलाई नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ।
- शैक्षिक योजना कार्यान्वयनको अनुगमनका आधारमा नतिजा सुधार हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत संरचना तथा विकास हुनेछ ।
- विभिन्न कार्यक्रमको उपलब्धि तथा कार्यान्वयन पक्षलाई आवधिक मूल्याङ्कन गरिएको हुनेछ ।
- योजना कार्यान्वयनको प्रबन्धकीय व्यवस्था प्रभावकारी भएको हुनेछ।

**सूचकहरू**

- शिक्षा योजना कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम,
- शैक्षिक योजना कार्यक्रमहरू,
- विद्यालय सुरक्षा योजना निर्माण एवं अध्यावधिक,
- विद्यालयको कार्यसम्पादन,
- कार्यान्वयन मूल्याङ्कनको अभिलेख,
- स्थानीय तहद्वारा अनुगमन,

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

**योजना कार्यान्वयनका लागि गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू**

**प्रमुख क्रियाकलापहरू**

- अनुगमन पद्धति विकास तथा कार्यान्वयन,
- अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक,
- योजना कार्यान्वयन स्थिति प्रतिवेदन तयारी,
- प्रमाणमा आधारित मूल्याङ्कनका लागि अभिलेखीकरण,
- रोस्टर विशेषज्ञको व्यवस्थापन र परिचालन,
- विद्यालयको लेखा परीक्षण,
- सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने,
- योजना कार्यान्वयन क्षमता विकास ,

# परिच्छेद ७

# परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन

## परिचय

गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि प्रयोग गरिने स्रोतहरू नै शिक्षाको सन्दर्भमा लगानी हो। लगानी खेर जान र अपेक्षित लक्ष्य हासिल गर्न स्रोत व्यवस्थापनमा ध्यान दिनुपर्दछ। शिक्षामा गरिने लगानीका स्रोतहरूलाई प्रतिफलमुखी बनाउन दूरदर्शी शैक्षिक नेतृत्व चुस्त व्यवस्थापन पेशाप्रति समर्पित शिक्षक सचेत अभिभावक समसामयिक शिक्षा नीति र बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप हुनु आवश्यक छ ।

झिमरुक गाउँपालिकाले दक्ष शैक्षिक जनशक्ति उत्पादन र परिचालन गरी पालिकालाई समृद्ध बनाउनुपर्ने छ। स्थानीय तहलाई सशर्त अनुदान विशेष अनुदान समपरक अनुदान र विशेष अनुदान प्राप्त हुन्छन् । त्यसैगरी प्रदेशबाट पनि अनुदान उपलब्ध हुने गर्दछ । झिमरुक गाउँपालिकामा प्राप्त हुने अनुदानहरू मध्ये शिक्षा क्षेत्रका लागि तोकिएका शीर्षक सोही ठाउँमा र अन्य शिक्षामा लगानी गर्न मिल्ने किसिमका रकमहरु शिक्षामा लगानी गर्नुको साथै आन्तरिक स्रोतको पनि लगानी गर्ने गरेको छ । शिक्षा जस्तो सबै प्रकारका विकासको मेरुदण्ड मानिने क्षेत्रमा अवश्य धेरै लगानी गर्नुपर्ने अवस्था छ तर स्रोतको कमीले पर्याप्त लगानी गर्न सकिएको छैन । स्रोतको पहिचान गर्ने प्राथमिकीकरण गर्ने र समतामूलक तरिकाले वितरण गर्नुका साथै भरपर्दो सुपरिवेक्षण तथा अनुगमनमा ध्यान दिन सकेमा अवश्य गाउँपालिकाको शैक्षिक विकासले फड्को मार्नेछ।

## ७.१ वर्तमान अवस्था

झिमरुक गाउँपालिकामा शिक्षाको विकासका लागि सकारात्मक सुरुवात भएका छन् । शैक्षिक गुणस्तर वृद्धि गर्नमा सहयोग पुर्‍याउने उद्देश्यले विद्यालयहरूलाई आवश्यक निर्देशन पृष्ठपोषण आर्थिक तथा मानवीय स्रोत उपलब्ध गराउँदै आएको छ । संघीय दरबन्दी राहत र अनुदान शिक्षक गाउँपालिका अनुदानमा शिक्षक नियुक्ति नयाँ भवन निर्माण मर्मत सम्भार विद्यालय घेराबार शौचालय निर्माण आइसिटी ल्याब विज्ञान प्रयोगशाला फिल्टर जडान शुद्ध पिउने पानी दिवा खाजा सेनिटरी प्याड मसलन्द लगायतका शीर्षकमा रकम विद्यालयमा लगानी हुँदै आएका छन्। शिक्षकहरूको पेशागत विकासका लागि प्रधानाध्यापकलाई नेतृत्व अभिमुखीकरण तालिम विषयशिक्षकहरू लाई पाठ्यक्रम तथा विषयवस्तुमा आधारित तालिम पुनर्ताजगी तालिम उपलब्ध गराइएको छ। स्थानीय पाठ्यक्रम बनाई लागू गर्नुका साथै विद्यालय प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरू सकारात्मक प्रतिस्पर्धी भावनाको विकास गर्दै शैक्षिक गुणस्तर वृद्धिमा सहयोग पुर्‍याउने प्रोत्साहन स्वरूप उत्कृष्टलाई पुरस्कृत गर्दै आइरहेको अवस्था छ । सुशासनसँग जोडिएका पक्षहरुलाई क्रियाशील र पारदर्शी बनाउने प्रयास गरिएको छ। सीमित स्रोतसाधनहरूको अधिकतम उपयोग गर्दै शैक्षिक लाभ प्राप्त गर्ने विधिहरू प्रयोग गर्ने प्रयत्न गरिएको

छ । विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ सामाजिक परीक्षण समितिलाई बढिभन्दा बढि सक्रिय बनाउनु पर्ने देखिएको छ । विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा दरबन्दि मिलान कार्य यसै शैक्षिक सत्रमा पुरा गरिएता पनि सबै विद्यालयहरु मा योग्यता पुगेका प्रधानाध्यापकहरुको व्यवस्थापन नभएकोले यस तर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

लगानी र स्रोत व्यवस्थापनका सन्दर्भमा झिमरुक गाउँपालिकाले निम्न कुराहरूलाई अवसर र चुनौतीका रूपमा लिएको छ

**अबसरहरु**

१) विभिन्न विधामा शैक्षिक जनशक्ति तयार हुने,
२) सिकाइ उपलब्धिसँगै शैक्षिक तथ्याङ्क राम्रा पनि नमुना गाउँपालिका बन्नमा सहयोग पुग्ने,
३) प्रयोग गर्न सक्ने योजना निर्माण तालिम प्राप्त विषय शिक्षकहरू उपलब्ध हुने,
४) अनिवार्य र निःशुल्क शिक्षाको अवधारणा पुरा हुने,
५) कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने दर घट्ने,
६) विपत प्रतिरोधी, बालमैत्री, प्रविधिमैत्री, अपाङ्गमैत्री, भौतिक संरचना निर्माण हुने,
७) सिकेका ज्ञान सीप व्यवहारकुशल भन्ने,
८) दूरदर्शी शैक्षिक नेतृत्व गर्ने प्रधानाध्यापक सक्रिय व्यवस्थापन समिति विषयवस्तुमा दक्ष र पेशाप्रति समर्पित शिक्षक तयार हुने ,
९) पाठ्यक्रम केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप हुने,

**चुनौतीहरू**

१) माध्यमिक तहका लागि अंग्रेजी गणित र विज्ञान विषयका करार शिक्षक विज्ञापन गर्दा मानव स्रोतको कमी देखिनु र नियुक्त भएका शिक्षक लामो समय विद्यालयमा नटिक्नु ,
२) शिक्षाका लागि आवश्यक पर्ने आर्थिक स्रोत प्रयाप्त नहुनु,
३) अनुमति प्राप्त सामुदायिक विद्यालयहरुमा स्याथी दरबन्दी नहुनु,
४) अभिभावकहरुमा शैक्षिक चेतना जगाउनु,

| क्र.स | वित्तीय स्रोतको व्यवस्थापन | कुल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | संघिय सरकार | २६४७३५००० | | |
| २ | प्रदेश सरकार | ३०००००० | | |
| ३ | स्थानीय सरकार | ४५९०१३५० | | |
| ४ | अभिभावक तथा समुदाय | ० | | |
| ५ | संघ संस्था तथा दातृनिकाय | ३०००००० | | |
| ६ | स्थानिय दाता तथा अन्य स्रोत परिचालन | | | |
| ७ | | | | |

**७.२ उदेश्य**

**शिक्षामा लगानी र स्रोत व्यवस्थापनसँग सम्बन्धित उद्धेश्यहरु**

क. तहगत रुपमा राखिएको शैक्षिक उद्देश्यहरु पुरा गर्नका लागि आवश्यक पर्ने लगानीको स्रोत पहिचान गरि अनुमानित खर्चको प्रक्षेपण गर्ने ।

ख. शैक्षिक योजनामा समावेश गरिएका गतिविधिहरुको प्राथमिकीकरण गरि संघीय, प्रादेशिक र स्थानीय स्रोतहरुको साझा तथा एकल स्रोतहरुको पहिचान, व्यवस्थापन तथा परिचालन गर्ने ।

**७.३ रणनीति**

क. सार्वजनिक शिक्षामा देखिएका शैक्षिक समस्याहरु जस्तै ः कमजोर शैक्षिक उपलब्धी, समावेशी शिक्षा, प्रारम्भिक कक्षा सिकाइ, अभिभावक परिचालन र सहभागीता, सिकाइ समुहहरुको गठन तथा परिचालन, र शिक्षक पेशागत विकास लगायतका शैक्षिक कार्यक्रमहरुमा स्थानीय तहले विनियोजन गर्ने बजेटमा वृद्धि गरि शैक्षिक विकासका लागि काम गर्ने ।

ख. वार्षिक रुपमा गुणस्तरीय शिक्षाका लागि विनियोजन गरिने रकमलाइ कम्तिमा हरेक वर्ष कम्तिमा ३ देखि ५ प्रतिशत सम्म बढाउदै लैजाने ।

ग. समतामूलक समावेशी शिक्षा, अपाङ्गता, विपन्न, बालबालिकाहरु, महिला, दलित र पछाडि पारिएका समुदायका ब्यक्तिहरुको जीवन्त सिकाइका लागि आवश्यक पर्ने मानवीय र आर्थिक श्रोतहरुको पर्याप्त मात्रामा ब्यवस्थापन भएको हुनेछ ।

घ.शैक्षिक योजनामा समावेश गरिएका शैक्षिक कार्यक्रमहरुका लागि आवश्यक पर्ने बजेटको ब्यवस्थापन गरी कार्यान्वयन गर्ने ।

**७.४ प्रमुख उपलब्धि**

**उपलब्धि**

क. शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ।

ख. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

**७.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

क. संघीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका

ख. प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

ग. स्थानीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

## ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

## क। सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | | | | | | | | |
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक.राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान. विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक,कर्मचारीहरु समेत | १०२२३४००० | १०७३४५७०० | १०८३६८०४० | १०९३९०३८० | ११०४१२७२० | ५३७७५०८४० | १०७५५०१६८० |
| २ | माध्यमिक तहका.स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षक.का लागि तलब भत्ता अनुदान.प्राविधिक धार सहित. | २४७४८००० | २५९८५४०० | २६२३२८८० | २६४८०३६० | २६७२७८४० | १३०१७४४८० | २६०३४८९६० |
| ३ | प्रारम्भिक बालविकास.सहजकर्ताहरुको.पारिश्रमिक,तथा विद्यालय कर्मचारी व्यवस्थापन.अनुदान. | १४४७०००० | १५१९३५०० | १५३३८२०० | १५४८२९०० | १५६२७६०० | ७६११२२०० | १५२२२४४०० |
| ४ | स्थानीयको साझेदारीमा विद्यालय,भवन निर्माण अनुदान. | १८०००००० | १८९००००० | १९०८०००० | १९२६०००० | १९४४०००० | ९४६८०००० | १८९३६०००० |
| ५ | तोकिएका विद्यार्थीको.दिवा खाजाका लागि.विद्यालयलाई अनुदान. | १०२३३००० | १०७४४६५० | १०८४६९८० | १०९४९३१० | ११०५१६४० | ५३८२५५८० | १०७६५११६० |
| ६ | विद्यालय सञ्चालन,तथा.व्यवस्थापन अनुदान. | ३०२५००० | ३१७६२५० | ३२०६५०० | ३२३६७५० | ३२६७००० | १५९११५०० | ३१८२३००० |
| ७ | शैक्षिक पहुँच सुनिश्चितता.अनौपचारिक तथा वैकल्पिक.शिक्षा कार्यक्रम.परम्परागत विद्यालय.वैकल्पिक विद्यालय.साक्षरता.र निरन्तर शिक्षाका कार्यक्रम समेत. | ११०००० | ११५५०० | ११६६०० | ११७७०० | ११८८०० | ५७८६०० | ११५७२०० |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान. | ५५६४००० | ५८४२२०० | ५८९७८४० | ५९५३४८० | ६००९१२० | २९२६६६४० | ५८५३३२८० |
| ९ | सामुदायिक.विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन. | १७३०००० | १८१६५०० | १८३३८०० | १८५११०० | १८६८४०० | ९०९९८०० | १८१९९६०० |
| १ | शैक्षिक सुशासनका लागि.संस्थागत क्षमता विकास.विद्यार्थी परीक्षण | ११५६० | १२१३८०० | १२२५३ | १२३६९२० | १२४८४८० | ६०८०५६० | १२१६११२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ० | मूल्याङ्कन.शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण. | ०० | | ६० | | | | |
| १<br>१ | विपद्का समयमा.सिकाइ निरन्तरताका लागि.सिकाइ पुरन.तथा.उता सिकाइ योजना.कार्यान्वयन. | ४००००<br>० | ४२०००० | ४२४००<br>० | ४२८००० | ४३२००० | २१०४००० | ४२०८००० |
| १<br>२ | विपन्न.लक्षित.छात्रवृत्तिका लागि.छनौट भएका.कक्षा ६ देखी १२.मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति. | ७८२००<br>० | ८२११०० | ८२८९२<br>० | ८३६७४० | ८४४५६० | ४११३३२० | ८२२६६४० |
| १<br>३ | माध्यमिक त.माध्यमिक त.कक्षा ९-१० मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान. | ९२४८०<br>०० | ९७१०४०० | ९८०२८<br>८० | ९८९५३६० | ९९८७८४० | ४८६४४४८<br>० | ९७२८८९६<br>० |
| १<br>४ | आधारभुत तह.६- ८ मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान. | ३६९२०<br>०० | ३८७६६०० | ३९१३५<br>२० | ३९५०४४० | ३९८७३६० | १९४१९९२<br>० | ३८८३९८४<br>० |
| १<br>५ | प्रतिविद्यार्थी.लागतका आधारमा.सिकाइ. सामग्री तथा.डिजिटल सिकाइ. सामग्री.व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | ३३३६०<br>०० | ३५०२८०० | ३५३६१<br>६० | ३५६९५२० | ३६०२८८० | १७५४७३६<br>० | ३५०९४७२<br>० |
| १<br>६ | सीटीईभीटीको मापदण्ड बमोजिम.सामुदायिक विद्यालयमा.प्राविधिक शिक्षा सञ्चालन.अनुदान. | ० | ० | ० | ० | ० | ० | ० |
| १<br>७ | सार्वजनिक विद्यालयमा अध्ययनरत.विद्यार्थीहरुका लागी छात्रवृत्ति.आवासीय तथा गैरआवासीय | ८४९००<br>० | ८९१४५० | ८९९९४<br>० | ९०८४३० | ९१६९२० | ४४६५७४० | ८९३१४८० |
| १<br>८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि.नि शुल्क पाठ्यपुस्तक अनुदान. | ४६७७०<br>०० | ४९१०८५० | ४९५७६<br>२० | ५००४३९० | ५०५११६० | २४६०१०२<br>० | ४९२०२०४<br>० |
| | | २६४७३५००<br>० | २७७९७१७५० | २८०६१<br>९१०० | २८३२६६४५० | २८५९१३८०० | १३९२५०६<br>१०० | २७८५०१२<br>२०० |

## ख। प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क सं | अनुदान प्राप्त हुने क्रियाकला | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८ | २०८२/०८ | २०८३/०८ | २०८४/०८ | २०८५/०८ | | |

| | प | २ | ३ | ४ | ५ | ६ | | |
|---|---|---|---|---|---|---|---|---|
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | विद्यालय भौतिक पूर्वाधार विकास | ३०००००० | ३१५०००० | ३३०७५०० | ३४७२८७५ | ३६४६५१९ | ३८२८८४५ | ७६५७६८९ |
| २ | | | | | | | | |

## ग। स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | | | | | | | | |
| | अतिरिक्त क्रियाकलाप सञ्चालन | २००००० | २१०००० | २१२००० | २१४००० | २१६००० | १०५२००० | २१०४००० |
| | आधारभुत कक्षा ८ र ५ को परीक्षा सञ्चालन तथा व्यवस्थापन | ७००००० | ७३५००० | ७४२००० | ७४९००० | ७५६००० | ३६८२००० | ७३६४००० |
| | आधारभूत तहका विद्यालयहरूका लागि.ल्याप्टप व्यवस्थापन | ५००००० | ५२५००० | ५३०००० | ५३५००० | ५४०००० | २६३०००० | ५२६०००० |
| | गाउँपालिकाका विपन्न वर्गका विद्यार्थीहरूका लागि प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्ति कार्यक्रम | ५००००० | ५२५००० | ५३०००० | ५३५००० | ५४०००० | २६३०००० | ५२६०००० |
| | नमुना तथा आवासीय विद्यालय सञ्चालनका लागि प्रारम्भिक कार्य सञ्चालन तथा व्यवस्थापन सहयोग | ८००००० | ८४०००० | ८४८००० | ८५६००० | ८६४००० | ४२०८००० | ८४१६००० |
| | प्र अ. बैठक सञ्चालन तथा व्यवस्थापन. | ६५०००० | ६८२५०० | ६८९००० | ६९५५०० | ७०२००० | ३४१९००० | ६८३८००० |
| | प्रशासनिक तथा व्यवस्थापन खर्च. | २५००० | २६२५० | २६५०० | २६७५० | २७००० | १३१५०० | २६३००० |
| | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ११००००० | ११५५००० | ११६६००० | ११७७००० | ११८८००० | ५७८६००० | ११५७२००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन | | | | | | | |
| | विद्यार्थी भर्ना अभियान.कार्यक्रम. | ५०००० | ५२५०० | ५३००० | ५३५०० | ५४००० | २६३००० | ५२६००० |
| | विद्यालय, सुपरीवेक्षण तथा शिक्षकहरुको पेशागत विकास | १५०००० | १५७५०० | १५९००० | १६०५०० | १६२००० | ७८९००० | १५७८००० |
| | विविध खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | ४००००० | ४२०००० | ४२४००० | ४२८००० | ४३२००० | २१०४००० | ४२०८००० |
| | शैक्षिक क्यालेन्डर निर्माण | १००००० | १०५००० | १०६००० | १०७००० | १०८००० | ५२६००० | १०५२००० |
| | शिक्षक डायरी निर्माण तथा वितरण | १५०००० | १५७५०० | १५९००० | १६०५०० | १६२००० | ७८९००० | १५७८००० |
| | शिक्षक तालिम कार्यक्रम | ३००००० | ३१५००० | ३१८००० | ३२१००० | ३२४००० | १५७८००० | ३१५६००० |
| | शिक्षकको लागि प्रसुति तथा प्रसुति स्याहार भत्ता | ५०००० | ५२५०० | ५३००० | ५३५०० | ५४००० | २६३००० | ५२६००० |
| | शिक्षा नीति तथा.आवधिक योजना निर्माण | २००००० | २१०००० | २१२००० | २१४००० | २१६००० | १०५२००० | २१०४००० |
| | स्थानीय विषयका पाठ्यपुस्तक छपाइ | ६००००० | ६३०००० | ६३६००० | ६४२००० | ६४८००० | ३१५६००० | ६३१२००० |
| | .कक्षा १,५.<br>स्थानीय विषयका पाठ्यपुस्तक निर्माण | ६००००० | ६३०००० | ६३६००० | ६४२००० | ६४८००० | ३१५६००० | ६३१२००० |
| | .कक्षा १ देखि ५.<br>सामुदायिक विद्यालयमा चालु अनुदान. | ३८४९६३५०<br>० | ४०४२११६<br>८ | ४०८०६१३१ | ४११९१०९५ | ४१५७६०५८ | २०२४९०८०<br>१ | ४०४९८१६०२ |
| | खेलमैदान निर्माण. | २६०००० | २७३००० | २८६६५० | ३००९८३ | ३१६०३२ | ३३१८<br>३३ | ६६३६६६ |
| | युवा ६. तथा बालबालिकाहरुका लागी खेल्ने सामग्री वितरण. | ७०००० | ७३५०० | ७७१७५ | ८१०३४ | ८५०८५ | ८९३४<br>० | १७८६७९ |
| | जम्मा | ४५९०१३५<br>० | ४८१९६४१<br>८ | ४८६६९४५६ | ४९१४३३६१ | ४९६१८१७५ | २४०१<br>२६४७<br>४ | ४८०२५२<br>९४८ |

## घ। अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क | अनुदान प्राप्त हुने | आर्थिक वर्ष | ५ | १० |
|---|---|---|---|---|

| सं | क्रियाकलाप | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | वर्षको जम्मा | वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बालविकास र शिक्षा सबै | | | | | | | | |
| १ | किशोर किशोरी प्रजनन स्वास्थ्य कार्यक्रम | ३000000 | ३१५0000 | ३३0७५00 | ३४७२८७५ | ३६४६५१९ | ३८२८८४५ | ७६५७६८९ |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरु अवस्थासँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी बसेको पाइन्छ। आर्थिक वर्ष २०३२।०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भयो। आठौँ योजना २०४९ ।०५४ देखि अनुगमन तथा मूल्याङ्कनको एउटा पद्धतिको रुपमा मजबुत गर्ने कार्य गरियो । वास्तवमा कार्य सम्पादन गर्दा गुणस्तरीय कार्य भयो भएन तोकिएको समयमा निर्धारित विधि र प्रक्रिया अपनाइयो अपनाइएन ? तोकिएको खर्च प्रभावकारी रुपमा खर्च भयो भएन ? त्यसले तत्कालीन र दीर्घकालीन रुपमा पार्ने असर कस्तो आउने देखियो ?आदि कुराहरु अनुगमन र मूल्याङ्कनबाट थाहा पाउन सकिन्छ। तसर्थ योजनामा कार्यक्रम कार्यान्वयन र त्यसको अनुगमन मूल्याङ्कन महत्वपूर्ण पक्ष हो । शिक्षाको हरेक कार्यका चरणहरू उद्देश्य निर्धारण स्रोत सामग्रीको पहिचान र प्रयोग क्रियाकलाप र मूल्याङ्कन गरेर चारवटा पक्षलाई मुख्य रुपमा निर्धारण गरेको पाइन्छ। ती चार पक्षहरूमध्ये अन्तिममा रहेको अनुगमन मूल्याङ्कनको पाटो सबैभन्दा महत्त्वपूर्ण मानिन्छ ।

अनुगमन भन्नाले कुनै पनि कार्यक्रम कार्यान्वयनका लागि विशेषत शैक्षिक योजना तथा कार्यक्रमहरू के कति रुपमा भए ? त्यसको लक्षित प्रतिफल योजना अनुरुप ठिकसँग भएका छन् या छैनन् ? भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर निगरानी राख्ने कार्य हो। मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक सबल लाभदायक र प्रभावकारी देखिएका छन् भन्ने बारे व्यवस्थित रुपमा मापन गरी लेखाजोखा गर्ने कार्य हो।

नेपाल सरकारले व्यक्त गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप निःशुल्क एवं अनिवार्य शिक्षा दिगो विकास एवं विद्यालय शिक्षा क्षेत्रसँग सम्बन्धित प्रगतिको सही अनुगमन र मूल्याङ्कन गर्नुपर्ने व्यवस्थाले पनि अनुगमन र मूल्याङ्कन शैक्षिक योजनाको महत्त्वपूर्ण एवं अभिन्न अङ्गको रुपमा रहेको स्पष्ट छ। विद्यालयको विकास तथा शिक्षण कार्यको गुणस्तरीय एवं प्रभावकारिताको लागि कार्यान्वयन अनुगमन मूल्याङ्कन समन्वय र सहजीकरणको पाटोलाई योजनाकै एउटा खण्डको रुपमा परिभाषित गर्नुपर्ने भएकाले यहाँ प्रस्तुत गरिएको हो।

## ८.१ वर्तमान अवस्था

वर्तमान अवस्थालाई हेर्ने हो भने राष्ट्रिय स्तरमा शिक्षाको ऐन, कानुन ,शिक्षा नीति रहेका छन् भने प्रदेश स्तरबाट सही प्रक्रियाको पहल भएको र स्थानीय स्तरमा झिमरुक गाउँपालिकाले आफै शिक्षा कार्यविधि शिक्षा, ऐन, नियमावली तथा शैक्षिक योजना पाठ्यसामग्री गुरुयोजना आवधिक योजना विपदकालीन प्रतिकार्य योजनाहरू आदि बनाएर अगाडि बढ्ने योजनामा छ । त्यसैगरी विद्यालयहरूको पाँच वर्षे विद्यालय सुधार योजना विद्यालयका वार्षिक सुधार योजना विद्यालयका वार्षिक कार्यक्रम र बजेट आदि सबै स्थानमा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सहजीकरण सम्बन्धी प्रावधानहरू स्पष्ट रूपमा व्यवस्था भएको छ । ऐन, नियमअनुसार कार्य भय नभएको लेखाजोखा गर्ने लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएका रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रुपमा भइरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिनेछ। संघमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमनका कार्यको गर्नेछन् । झिमरुक गाउँपालिकाको गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराई सो कार्यान्वयन भए न भएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ।वर्तमान अवस्थामा राज्यले स्रोत केन्द्र खारेज गरेको स्थितिमा गाउँपालिका शिक्षा शाखामा नियमित र प्रभावकारी अनुगमनको लागि जनशक्ति अभाव भएको अवस्था छ। बन्दै गरेको यो गाउँ शिक्षा योजनाले योजनाको प्रभावकारी कार्यान्वयन र लक्षित उद्देश्य प्राप्तिको लागि प्रभावकारी मूल्याङ्कन प्रणाली र व्यवस्थित अनुगमन संयन्त्रको निर्माणको खाका सहित भावी दिनको लागि बाटो देखाउन आवश्यक छ।

| | |
|---|---|
| सबल पक्ष | • माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा आउनु ,<br>• अनुगमन तथा मूल्याङ्कनमा सरोकालवाला र सर्वसाधारणमा समेत शैक्षिक गुणस्तरबारे चासो बढ्नु,<br>• राज्यले अनुगमन र मूल्याङ्कनलाई योजना कार्यान्वयनको अङ्ग बनाउनु, |
| सुधार गर्नुपर्ने पक्ष | • योजनाको कार्यक्रम प्रभावकारी कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने प्राप्त जनशक्ति व्यवस्थापन गर्ने,<br>• अनुगमन र मूल्याङ्कनलाई प्राथमिकतामा राख्ने,<br>• स्रोत सामग्री र आर्थिक अभावको व्यवस्थापन गर्ने, |
| अवसर | • अनुगमन तथा मूल्याङ्कनमा सूचना प्रविधिको विस्तार तथा चासो बढाउनु,<br>• अनुगमन तथा मूल्याङ्कनका लागि पालिकाभित्रै अनुभव प्राप्त विज्ञहरू उपलब्ध हुनु,<br>• स्थानीय तहले शैक्षिक गुणस्तर वृद्धिमा चासो बढाउनु, |
| चुनौती | • योजनाको कार्यक्रम प्रभावकारी कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने पर्याप्त जनशक्ति नहुनु,<br>• अनुगमन र मूल्याङ्कनलाई प्राथमिकतामा नराखिनु,<br>• स्रोतसामग्री र आर्थिक अभाव हुनु, |

## ८.२ उद्देश्य

अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित उद्देश्यहरू

क. वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नु,

ख. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउनु,

ग. आवश्यकता अनुसार कानून मापदण्ड र निर्देशिका विकास गर्नु,
घ. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने समीक्षा गर्ने र सुधार गर्ने गर्नु,
ङ. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु,
च. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु,
छ. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
ज. कार्यस्थलमा गरिने मूल्याङ्कन र अनुगमनको आधारमा प्रोत्साहन र दण्डको व्यवस्था गर्नु,

## ८.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि अपनाउने रणनीतिहरू:

क. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ।
ख. अनुगमन मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो छरितो व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ।
ग. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ।
घ. नतिजामुखी अनुगमन प्रणालीमा जोड दिइनेछ।
ङ. प्रमाणमा आधारित अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ।
च. कक्षा कोठाको सिकाइको अनुगमन सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन मूल्याङ्कन सुपरिवेक्षण एवं प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ।
छ. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्टाई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

उपलब्धि योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

क. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,
ख. विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने,
ग. विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,
घ. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,
ङ. अनुगमनका आधारमा नतिजा सुधार हुने ,
च. भित्र प्रभावकारी अनुगमन संयन्त्र निर्माण भएको हुने,
छ. सबै विद्यालयहरूमा सूचना प्रविधिमैत्री अनुगमन मूल्याङ्कन प्रणाली व्यवस्था भएको हुने ,
ज. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने,

**नतिजा**

क. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटी विकास हुने,

ख. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने,
ग. अनुगमनका आधारमा नतिजा सुधार हुने,
घ. नतिजामा आधारित अनुगमन प्रणाली हुने,

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

अनुगमन तथा मूल्याङ्कनका लागि कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन निर्देशिका तयार | पटक | १ | | | | | १ | १ | |
| २ | नतिजाका आधारमा अनुगमन प्रणाली लागि सूचकहरू तयार गर्ने र अध्यावधिक गर्ने | पटक | १ | | १ | | १ | ३ | ६ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यार्थीको कार्य सम्पादन परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालय सामाजिक परीक्षण प्रभावकारी तथा नियमित | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयको लेखा परीक्षण | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | नियमित रुपमा शिक्षा युवा खेलकुद शाखाबाट अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ९ | गाउँपालिकाबाट नियमित विद्यालयको अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १० | गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा अद्यावधिक | पटक | ० | १ | ० | १ | ० | २ | ४ | |